<u>अदालतले भर्ने</u>
दर्ता नं.:
दर्ता मितिः

श्री उच्च अदालत पाटन, वाणिज्य इजलासमा
मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ अन्तर्गत दायर गरीएको
<u>अभियोग पत्र</u>
२०८३ सालको निर्णय नं. ....

नेपाल राष्ट्र बैंकबाट खटि आएका विज्ञ उप-निर्देशक मणि राज श्रेष्ठ र प्रतिवेदक नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाटमा कार्यरत प्र.नि. देवराज काफ्ले, प्र.नि. डिल्लीराज सापकोटा, प्र.नि. निर्मल थापा, प्र.नि. रवि घिमिरे, प्र.नि. राजेश थापा र प्र.ना.नि. रमेश कार्की समेतको जाहेरीले वादी नेपाल सरकार.......................१	वादी

<u>विरुद्धः</u>

कान्छा शाक्यको नाती, परमानन्द शाक्य र सुनकेशरी शाक्यको छोरा, ललितपुर जिल्ला, साविक ललितपुर उप-महानगरपालिका वडा नं. १७ हाल परिवर्तित ललितपुर महानगरपालिका वडा नं. १७, कनिवहाल बस्ने प्रभु बैंक लि.का Chief Manager वर्ष ४२ को **Sugen भन्ने सुजिन शाक्य** (ना.प्र.नं.३८४९, ललितपुर)...........................१ श्रीप्रसाद शेरचनको नाती, विष्णु प्रसाद शेरचन र पार्वती शेरचनको छोरा, जिल्ला बाग्लुङ, साबिक कालिका गा.बि.स वडा नं. ५ हाल परिवर्तित बाग्लुङ नगरपालिका वडा नं. ३ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, कीर्तिपुर नगरपालिका वडा नं. २, ट्याङलाफाट बस्ने प्रभु बैंक लि.का प्रमुख कार्यकारी अधिकृत वर्ष ५४ को **अशोक शेरचन** (ना.प्र.नं. ९८८/७७८, बाग्लुङ)..१ ढुण्डीराज पोखरेलको नाती, हरी प्रसाद पोखरेल र हरिमाया पोखरेलको छोरा, जिल्ला गोरखा, साविक खोप्लाङ वडा नं. १ हाल पर्रिवर्तित पालुङटार नगरपालिका वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १०, बानेश्वर बस्ने प्रभु बैंक लि.का नायब प्रमुख कार्यकारी अधिकृत वर्ष ५७ को **मनिराम पोखरेल** (ना.प्र.नं. ३७१८, गोरखा)...१	प्रतिवादी

CS CamScanner

शिव प्रसाद भट्टचनको नाती, बालानर सिंह भट्टचन र याम कुमारी भट्टचनको छोरा, ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. ३, टौखेल घर भएका प्रभु बैंक लि.का तत्कालिन संचालक र प्रभु मनी ट्रान्सफर प्रा.लि.का संचालक वर्ष ६४ को **देवी प्रकाश भट्टचन** (ना.प्र.नं.३१४/ललितपुर)...१ } **प्रतिवादी**

मुद्दाः <u>बैंकिङ्ग कसूर</u>

<u>मुद्दाको संक्षिप्त तथ्यः</u>

१. <u>जाहेरी दरखास्तः</u>

क) <u>नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापहन विभागमा कार्यरत उप-निर्देशक मणि राज श्रेष्ठले पेश गरेको प्रतिवेदनको व्यहोराः-</u>

नेपाल राष्ट्र बैंक मानव संशोधन व्यवस्थापन विभाको प.सं.१ मा.स./पर्सनल/२०८२/८३, च.नं. २७७ मिति २०८२/०७/१८ तथा १ मा.सं. मा.स./पर्सनल/२०८२/८३, च.नं. ३०९, मिति २०८२/०८/०५ का पत्रहरुमा उल्लेख भए बमोजिम र तहाँको प.सं: (२०८२/०८३) मुद्दा नं.११, च.नं. ५१८२, मिति २०८२/०८/१९ को पत्र मार्फत् अनुरोध भए बमोजिम थप अध्ययन तथा विश्लेषण गरी संलग्न बमोजिमको थप प्रतिवेदन तयार गरी पेश गरीएको व्यहोरा अनुरोध छ भनि नेपाल राष्ट्र बैंक, विदेशी विनिमयह व्यवस्थापन विभागमा कार्यरत उप-निर्देशक मणि राज श्रेष्ठले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट, काठमाडौंमा पेश गरेको प्रतिवेदनको व्यहोराः-

<u>प्रतिवेदनः</u>

१. प्रभु मनि ट्रान्सफर प्रा.लि.का शेयर धनि तथा शेयर पुँजी सम्बन्धी विवरण देहाय बमोजिम रहेको देखिएकोः-

Date in B.S.	Date in A.D.	Shareholders and Shareholding Percentage		Capital (Rs. in Crore)
		Devi Prakash Bhattachan	Prabhu Group P. Ltd.	
2074/03/08	19-Jul-2017	100%	-	25
2080/03/05	20-Jun-2023	75.76%	24.24%	33
2081/08/23	8-Dec-20224	75.76%	24.24%	39.93

CS CamScanner

२. मिति २०८०/०३/०५ देखि प्रभु मनि ट्रान्सफर प्रा.लि.को शेयरधनी कायम रहेको प्रभु ग्रुप प्रा.लि.को शेयरधनी र शेयर पुँजी सम्बन्धी विवरण देहाय बमोजिम रहेको देखिएको ।

Date in B.S.	Date in A.D.	Shareholders (Shareholding Percentage)	Capital (Rs. in Crore)
2076/11/05	17-Feb-2020	Devi Prakash Bhattachan (100%)	50

३. प्रभु ग्रुप ईन्क युएसए Prabhu Group Inc., USA का शेयरधनी तथा प्रमुख पदाधिकारी सम्बन्धी विवरण देहाय बमोजिम रहेको देखिएको (प्रभु बैंक लि.को प.स.: PRABHU/CMP/2802/2515/082-83 मिति २०८२/०७/२८ को पत्रसाथ संलग्न भएको सन् २०२१ मार्च ८ को विवरण ।

A. Shareholding of Prabhu Group Inc., USA		
S.N.	**Shareholder's Name**	**Shareholding Percentage**
1	Prabhu Holding Corp.	100

B. Beneficial Owners of Prabhu Group Inc., USA		
S.N.	**Name of Beneficial Owner**	**Shareholding Percentage**
1	Shikshya Bhattachan	50
2	Sachi Bhattachan	50

C. Directors of Prabhu Group Inc., USA		
S.N.	**Name**	**Designation**
1	Shikshya Bhattachan	President/CEO
2	Rajendra Bhattachan	Secretary/CCO

D. Senior Management of Prabhu Group Inc., USA		
S.N.	**Name**	**Designation**
1	Shikshya Bhattachan	President/CEO
2	Rajendra Bhattachan	Secretary/CCO
3	Sujata Shakya Tamrakar	COO

CS CamScanner

४. Prabhu Group Inc., USA का शेयरधनी तथा प्रमुख पदाधिकारी सम्बन्धी सन् २०२२ मार्च ७ को विवरण देहाय बमोजिम रहेको देखिएको (प्रभु बैंक लि.को प.सं.: PRABHU/CMP/2802/2515/082-83, मिति २०८२/०७/२८ को पत्रसाथ संलग्न भएको विवरण बमोजिम) ।

A. Shareholding of Prabhu Group Inc., USA		
S.N.	**Shareholder's Name**	**Shareholding Percentage**
1	Prabhu Holding Corp.	100

B. Beneficial Owner of Prabhu Group Inc., USA		
S.N.	**Name of Beneficial Owner**	**Shareholding Percentage**
1	Shikshya Bhattachan	50
2	Sachi Bhattachan	50

C. Authorized Signatories of Prabhu Group Inc., USA		
S.N.	**Name**	**Designation**
1	Shikshya Bhattachan	President
2	Sujata Shakya Tamrakar	CEO
3	Rajendra Bhattachan	CCO
4	Krishna Pd Lamichhane	CFO

५. Prabhu Group Inc., USA को प्रभु बैंक लि. मा खोलिएको खाता (A/ct No. 0010066821300023 (USD) सम्बन्धी सन् २०१५ मार्च ३१ को फाराममा उल्लेखित Signatorie सम्बन्धी विवरण देहायबमोजिम रहेको देखिएको ।

S.N.	**Name**	**Designation**
1	Devi Prakash Bhattachan	Chairman
2	Shikshya Bhattachan	COO
3	Mahendra Bajgain	CFO
4	Sony Shrestha	Head Account/Support. Overseas, Head Operation Remit

CamScanner

प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच नेपालमा भित्रिएको विप्रषण भुक्तानी सम्बन्धी कारोबार

६. प्रभु बैंक लि. (साविक प्रभु फाईनान्स लि.) र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच देहाय बमोजिम बिप्रेषण भुक्तानी गर्ने कारोबारको सम्झौता भएको देखिएको (केन्द्रीय अनुसन्धान व्यूरोको प.सं.२०८२/०८३, मुद्दा नं.३४ च.नं.५०२६, मिति २०८२/०८/१५ को पत्र मार्फत् माग भएकोमा प्रभु बैंक लि.को प.सं.: PRABHU/CMP/3374/3035/082/83, मिति २०८२/०८/१६ को पत्र मार्फत् पेश भए अनुसार ।

<u>प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच बिप्रेषण भुक्तानी कारोबारको लागि भएका सम्झौताहरुः-</u>

सि.नं.	सम्झौता भएको मिति	सम्झौता लागु मिति	सम्झौता गर्ने पक्षहरु	हस्ताक्षर कर्ता	ब्याज गणना दर
१	२०६४/०३/३२ (सन् २००७ July 16)	२०६४/०४/०१ (सन् २००७ July 1७)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	राजेन्द्र शेरचन (म्यानेजर)	-
			प्रभु फाईनान्स कम्पनी लि. (दोस्रो पक्ष)	राजगोपाल राजभण्डारी (नायब महाप्रबन्धक)	
२	२०६८/०६/०१ (सन् २०११ Sept 18)	२०६८/०६/०१ (सन् २०११ Sept 18)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	राजेन्द्र शेरचन (CEO)	बार्षिक १५.५% दरले
			प्रभु फाईनान्स कम्पनी लि. (दोस्रो पक्ष)	अशोक शेरचन (CEO)	
३	२०६९/०१/०१ (सन् २०१2 April 13)	२०६९/०१/०१ (सन् २०१2 April 13)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	राजेन्द्र शेरचन (CEO)	बार्षिक १४% दरले
			प्रभु फाईनान्स कम्पनी	अशोक शेरचन	

CS CamScanner

			लि. (दोस्रो पक्ष)	(CEO)	
४	२०७२/०४/०१ (सन् २०१५ July 17)	२०७२/०४/०१ (सन् २०१५ July 17)	प्रभु बैंक लिमिटेड (प्रथम पक्ष)	अशोक शेरचन (CEO)	बैंकको मासिक आधार दरले
			प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)	रामेश्वर सापकोटा (नायब महाप्रबन्धक)	
५	२०७२/०४/०१ (सन् २०१५ July 17)	२०७२/०४/०१ (सन् २०१५ July 17)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	रामेश्वर सापकोटा (नायब महाप्रबन्धक)	बैंकको मासिक आधार दरले
			प्रभु बैंक लिमिटेड (दोस्रो पक्ष)	अशोक शेरचन (CEO)	
६	२०७४/०९/०९ (सन् २०१७ Dec 24)	२०७४/०९/०९ (सन् २०१७ Dec 24)	प्रभु बैंक लिमिटेड (प्रथम पक्ष)	अशोक शेरचन (CEO)	बैंकको मासिक आधार दरले (Advance दिन लिन सक्ने)
			प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)	रामेश्वर सापकोटा (नायब महाप्रबन्धक)	
७	२०८०/१०/१६ (सन् २०२४ Jan 30)	२०८०/१०/१६ (सन् २०२४ Jan 30)	प्रभु बैंक लिमिटेड (प्रथम पक्ष)	अशोक शेरचन (CEO)	-
			प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)	सुसन शेरचन (सहायक महाप्रबन्धक)	

CS CamScanner

७. **माथि तालिका १ को क्र.सं. २ मा उल्लिखित सम्झौताको दफा १० मा देहाय बमोजिमको व्यवस्था रहेको देखिएकोः**

दोस्रो पक्षले प्रथम पक्षको Software वा Remittance Report को आधारमा सम्बन्धित व्यक्तिलाई भुक्तानी गरेको रकम दोस्रो पक्षले System Report, Fax वा Email बाट प्रथम पक्षलाई विवरण उपलब्ध गराए पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिनुपर्ने रकम विवरण उपलब्ध गराएको भोलिपल्ट भुक्तानी गर्नेछ । यदि कुनै कारणवश प्रथम पक्षबाट दोस्रो पक्षलाई प्रदान गर्नुपर्ने पुरा वा आंशिक रकम भुक्तानी हुन नसकेको परिस्थितिमा प्राप्त हुन बाँकी रकमको वार्षिक १५.५ प्रतिशतका दरले हुने ब्याज सहित प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी दिनुपर्नेछ । साथै यस करारनामा हुनु भन्दा अगाडि रकम भुक्तानी हुन बाँकी भएमा सो रकममा समेत १५.५ प्रतिशतका दरले हुने ब्याज सहित प्रथम पक्षले भक्तानी गर्नेछ र ब्याज दरको हकमा समयानुकुल वृद्धि हुदै जाने कुरामा प्रथम पक्ष मञ्जुर गर्दछ। दोस्रो पक्षले कारोबारको क्रममा आवश्यक महसुस गरेमा प्रथम पक्षसँग बैंक जमानत माग गर्न सक्नेछ। सो जमानतपत्र प्रथम पक्षले दोस्रो पक्षबाट माग गरेको आवस्थामा ३ दिन भित्र उपलब्ध गराउने छ। यदि नगराएमा रेमिटान्सको भुक्तानी गर्न दोस्रो पक्ष बाध्य नहुने कुरामा प्रथम पक्ष मञ्जुर गर्दछ।

८. **माथि तालिका १ को क्र.स. ३ मा उल्लिखित सम्झौताको दफा १० मा देहाय बमोजिमको व्यवस्था रहेको देखिएकोः**

दोस्रो पक्षले प्रथम पक्षको Software वा Remittance Report को आधारमा सम्बन्धित व्यक्तिलाई भक्तानी गरेको रकम दोस्रो पक्षले System Report, Fax वा Email बाट प्रथम पक्षलाई विवरण उपलब्ध गराए पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिनुपर्ने रकम विवरण उपलब्ध गराएको भोलीपल्ट भुक्तानी गर्नेछ। यदि कुनै कारणवश प्रथम पक्षबाट दोस्रो पक्षलाई प्रदान गर्नुपर्ने पुरा वा आंशिक रकम भुक्तानी हुन नसकेको परिस्थितिमा प्राप्त हुन बाँकी रकमको वार्षिक १४ प्रतिशतका दरले हुने ब्याज सहित प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी दिनुपर्नेछ। साथै यस करारनामा हुनु भन्दा अगाडि रकम भुक्तानी हुन बाँकी भएमा सो रकममा समेत १४ प्रतिशतका दरले हुने ब्याज सहित प्रथम पक्षले भुक्तानी गर्नेछ र ब्याज दरको हकमा समयानुकल वृद्धि हुँदै जाने कुरामा प्रथम पक्ष मजुर गर्दछ। दोस्रो पक्षले कारोबारको क्रममा आवश्यक महसुस गरेमा प्रथम पक्षसँग बैंक जमानत माग गर्न सक्नेछ। सो जमानतपत्र प्रथम पक्षले दोस्रो पक्षबाट माग गरेको आवस्थामा ३ दिन भित्र उपलब्ध गराउने छ। यदि नगराएमा रेमिटान्सको भुक्तानी गर्न दोस्रो पक्ष बाध्य नहुने कुरामा प्रथम पक्ष मञ्जुर गर्दछ।

९. **माथि तालिका १ को क्र.सं. ४ मा उल्लेखित सम्झौताको दफा ९ मा देहाय बमोजिमको व्यबस्था रहेको देखिएकोः**

CamScanner

<u>भुक्तानी गरेको रकमको दाखिला र सोधभर्नाः-</u>

(क)द्वितीय पक्षले ग्राहकहरुलाई बिप्रेषण भुक्तानी गरेको रकमको शोधभर्ना गर्न र यस सम्झौता अनुसारको सेवा, शुल्क एव कारोबार शुल्क बापत रकम प्राप्त गर्नको लागि प्रथम पक्षकोमा खोलिएको द्वितीय पक्षको खातामा शोधभर्ना गरीनेछ ।

(ख)देशभर छरिएर रहेका द्वितीय पक्षका एजेन्ट, सब एजेन्ट मार्फत् सम्बन्धित ग्राहकलाई पायक पर्ने ठाउँमा संकलित रकम पठाउने सम्बन्धमा संकलित रकम एकिन गरी द्वितीय पक्षको खातामा सोही दिन जम्मा गरी शोधभर्ना गरीनेछ ।

(ग) कुनै कारोबारमा घटबढ हुने गरी शोधभर्ना भएको पाइएमा प्रथम पक्षको बैंक खाताबाट थप भुक्तानी गर्न वा फिर्ता लिन वा दिन सकिनेछ। **यदि कुनै किसिमले एक अर्का बीच लिनुदिनु पर्ने रकमहरु वक्यौता रहेमा बैंकको मासिक आधार दरको हिसाबले भुक्तानी मिलान गरीनेछ** ।"

१०.**तालिका १ को क्र.सं. ६ मा उल्लेखित सम्झौताको दफा ९ मा देहाय बमोजिमको व्यवस्था भएकोः**

<u>भुक्तानी गरेको रकमको दाखिला र सोधभर्नाः-</u>

क) द्वितीय पक्षले ग्राहकहरुलाई बिप्रेषण भुक्तानी गरेको रकमको शोधभर्ना गर्न र यस सम्झौता अनुसार सेवा, शुल्क एवं कारोबार शुल्क बापत रकम प्राप्त गर्नको लागि प्रथम पक्षकोमा खोलिएको द्वितीय पक्षको खातामा शोधभर्ना गरीनेछ ।

ख) देशभर छरिएर रहेका द्वितीय पक्षका एजेन्ट, सबएजेन्ट मार्फत् सम्बन्धित ग्राहकलाई पायक पर्ने ठाउँमा संकलित रकम पठाउने सम्बन्धमा संकलित रकम एकिन गरी द्वितीय पक्षको खातामा सोही दिन जम्मा गरी शोधभर्ना गरीनेछ ।

ग) दैनिक कारोबारको लागि द्वितीय पक्षले प्रथम पक्षबाट Advance लिन सक्नेछ । उक्त Advance सोही दिन मिलान गर्नुपर्नेछ कुनै कारणवश सोही दिन हिसाव मिलान गर्दा मिलान नभएमा द्वितीय पक्षले प्रचलित ब्याजदर सहित प्रथम पक्षलाई दिई हिसाब मिलान गर्नुपर्नेछ ।

घ) कुनै कारोबारमा घटबढ हुने गरी शोधभर्ना भएको पाइएमा प्रथम पक्षको बैंक खाताबाट थप भुक्तानी गर्न वा फिर्ता लिन वा दिन सकिनेछ । **यदि कनै किसिमले एक अर्का बीच लिनु दिनु पर्ने रकमहरु वक्यौता रहेमा बैंकको मासिक आधार दरको हिसाबले भुक्तानी मिलान गरीनेछ** ।"

११.प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच सन् २०११ में ६ (वि.सं. २०६८/०१/२३) देखि सन् २०२५ नोभेम्बर ९ (वि.सं. २०८२/०७/२३) सम्मको विप्रेषण कारोबार सम्बन्धी विवरण केन्द्रीय अनुसन्धान ब्युरोमा पेश भएको देखिएको (ब्यूरोको प.सं. २०८२/०८३, मु.द.नं. ३४, च.नं. ५०२६, मितिः बैंक लि को २०८२/०८/१५ को पत्र मार्फत् माग भएकोमा PRABHU/CMP/3374/3035/082/83, मितिः२०८२/०८/१६ को पत्र मार्फत् पेश भएअनुसार, ब्यूरोको प.स.च.नं. ४०३५, मितिः २०८२/०७/२३ को पत्रबाट माग भए बमोजिम र ब्यूरोको पसः २०८२/८३, मु.द.नं. ३४/०८१/०८२, च.न. ४३०२, मितिः २०८२/०७/२७ को पत्र मार्फत् माग भएकोमा प्रभु बैंक लि. को प.स. PRABHU/CMP/2804/2517/ 082-83, मितिः २०८२/०७/२८ को पत्र मार्फत् पेश भएअनुसार)। प्रभु बैंक लि. को प.सं. PRABHU/CMP/2804/

CamScanner

2517/082-83, मितिः २०८२/०७/२८ को पत्रमा उल्लेख भए बमोजिम सन् २०२१ अक्टोबर ७ (वि.सं. २०७८/०६/२१) पश्चात् प्रभु मनि ट्रान्सफर प्रा.लि. को प्रभु बैंक लि. मा रहेको चल्ती खाता न. ११११००८६६२१७०००२३ मार्फत् बिप्रेषण भुक्तानी सम्बन्धी कारोबार भैरहेको।

१२.सन् २०११ मे ६ (वि.सं. २०६८/०१/२३) देखि सन् २०२१ अक्टोबर ७ (वि.स. २०७८/०६/२१) सम्म प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा लि बीचको बिप्रेषण कारोबारको दैनिक मौज्दात सम्बन्धी विवरण (प्रभु बैंक लि. ले हिसाव राखेको प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच एक आपसमा लिनु दिनु पर्ने विवरण, ऋणात्मक रकमले प्रभु बैंक लि ले प्रभु मनि ट्रान्सफर प्रा लि सँग लिनु पर्ने र धनात्मक रकमले प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा लि लाई दिनु पर्ने रकम जनाउने) देहाय बमोजिम रहेको देखिएको।

चित्र १: प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच बिप्रेषण कारोबार बापत लिनु-दिनु पर्ने रकमको विवरणः-



१३.माथि चित्र १ मा प्रस्तुत गरीए बमोजिम सन् २०११ मे ६ देखि सन् २०२१ अक्टोबर ७ सम्मको प्रभु बैंक लि. ले राखेको प्रभु मनि ट्रान्सफर प्रा लि को हिसाब अनुसार अधिकाश समयमा प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा लि सँग रकम लिनु पर्ने देखिएको । त्यस्तो रकम सन् २०२० जुन २८ मा सबै भन्दा बढी रु.३,८६,५४,४५,३९७.३६ रहेको देखिएको । सोही विवरण अनुसार प्रभु मनि ट्रान्सफर प्रा लि ले प्रभु बैंक लि. सँग लिनु पर्ने रकम सन् २०२१ अगष्ट २९ मा सबैभन्दा बढी रु ७,८५,३५२।०० रहेको देखिएको ।

१४.सन् २०२१ अक्टोबर ७ मा प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा. लि. सँग बिप्रेषण कारोबार बापत लिन् पर्ने रकम रु १,६२,६७५।०० रहेको देखिएकोमा उक्त रकम प्रभु बैंक लि मा रहेको

CamScanner

प्रभु मनि ट्रान्सफर प्रा. लि. को चल्ती खाता नं. ११११००८६६२१७०००२३ बाट सन् २०२१ अक्टोबर ८ मा भुक्तानी भएको देखिएको ।

१५.सन् २०२१ अक्टोबर ७ पश्चात् भने प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा लि सँग बिप्रेषण कारोबारको भुक्तानी बापत लिन पर्ने रकम नभएको देखिएको (ब्यूरोको प.स. २०८२/०८३, मु.द.नं. ३४, च.नं ४९४४, मितिः २०८२/०८/१२ को पत्र मार्फत् माग भएकोमा प्रभु बैंक लि. कों पसः PRABHU/CMP/3283/2955/082/83, मिति २०८२/०८/१४ को पत्र मार्फत् पेश भएअनुसार) ।

१६.प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच लिनु-दिनु पर्ने रकम सम्बन्धी माथि चित्र १ मा उल्लिखित विवरण तथा मिति २०६८/०६/०१, २०६९/०१/०१, २०७२/०४/०१ (माथि तालिका १ को क्रस ४ मा उल्लिखित सम्झौता) र २०७४/०९/०९ मा प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच भएका सम्झौताहरु बमोजिम बिप्रेषण कारोबारको भुक्तानीसँग सम्बन्धित प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.सँग तत्कालिन समयको वक्यौता रकममा सोही सम्झौताहरुमा उल्लेख भए बमोजिमको वार्षिक प्रतिशत ब्याजदर तथा मासिक आधार दर अनुसारको हिसाब रु.१,१३,४९,२६,९७०।०६ (अक्षरुपी एक अर्ब तेह्र करोड उनन्पचास लाख छब्बीस हजार नौ सय सत्तरी र छ पैसा) हुने देखिएको (चक्रिय ब्याज, अर्थात ब्याजको ब्याज, गणना नगर्दा) । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा. लि. सँग यस हिसाब बमोजिम लिनुपर्ने रकम नलिँदा प्रभु बैंक लि लाई हानी नोक्सानी पुग्न जाने देखिन्छ । यस हिसाब सम्बन्धी थप विवरण अनुसूची-१ (सन् २०११ मे ६ देखि २०१५ जुलाई १६ सम्मको लागि) र अनुसूची-२ (सन् २०१५ जुलाई १७ देखि सन् २०२१ अक्टोबर ८ सम्मको लागि) मा समावेश गरीएको छ। साथै, सन् २०१४ सेप्टेम्बर १२ मा प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा लि सँग बिप्रेषण कारोबार बापत लिन् पर्ने रकम रु.६१,५७,४९,७२२।९७ रहेको देखिएकोमा त्यस्तो रकम सन् २०१४ सेप्टेम्बर १५ मा ३७,७१,८९०।०० रहेको देखिएको हुँदा उक्त दिनहरु र सो बीचमा भएका कारोबारहरुको विस्तृत विवरण माग गर्न मनासिव हुन देखिएको ।

१७.माथि बुँदा नं. १६ मा उल्लिखित हिसाबमा सन् २०११ मे ६ देखि सन् २०१५ जुलाई १६ (वि.सं. २०७२/०३/३१) सम्मको रकमको हकमा माथि तालिका १ को क्रस २ र ३ मा उल्लेखित सम्झौताहरुको व्यवस्था बमोजिम प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा. लि. सँग तात्कालीन समयमा लिन पर्ने रकमको वार्षिक प्रतिशत ब्याजदरले हुन आउने रकम गणना गरीएको छ। उक्त हिसाबमा कुनै दिनको लागि बाँकी रहेको रकम सोको भोलिपल्ट सम्म भुक्तानी नभएको रकममा ब्याज गणना गरीएको छ (उल्लिखित सम्झौताहरुमा व्यवस्था भए बमोजिम)। सन् २०१५ जुलाई १७ (वि.स. २०७२/०४/०१) देखि सन् २०२१ अक्टोबर ८ सम्मको हकमा माथि तालिकाको क्र.स. ४ र ६ मा उल्लिखित सम्झौताहरुको व्यवस्था बमोजिम प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच एक आपसमा लिन्-दिनु पर्ने तात्कालिन समयको वक्यौता रकममा प्रभु बैंक लि. को मासिक आधार दरले हुन आउने रकम गणना गरीएको छ ।

CamScanner

प्रभु बैंक लि. र Prabhu Group Inc., USA बीच बिप्रेषण सम्बन्धी कारोबार:

१८.प्रभु बैंक लि. र Prabhu Group Inc., USA बीच विदेशबाट नेपालमा बिप्रेषण रकम भित्राउने सम्बन्धमा देहाय बमोजिमको सम्झौताहरु भएको देखिएको ।

S.N.	Agreement Date	Agreement Effective Date	Remarks
1	17-Sep-2014	17-Sep-2014	-
2	10-Jun-2024	1-Jul-2024	Amendment to Agreement dated 17-Sep-2014.

१९.मिति २०६७/०५/३१ देखि लागू हुने गरी इजाजतपत्रप्राप्त बिप्रेषण कम्पनीहरुलाई जारी भएको नेपाल राष्ट्र बैंक बिप्रेषण विनियमावली, २०६७ को विनियम ७ को खण्ड (क) र (ख) मा देहायबमोजिमको व्यवस्था भएको:

क) बिप्रेषणको कार्य गर्न इजाजतपत्रप्राप्त व्यक्ति वा कम्पनीले विदेशबाट अग्रीम भुक्तानीको रुपमा बैंकिङ्ग प्रणाली मार्फत् बिप्रेषणको रकम परिवर्त्य विदेशी मुद्रामा नेपाल ल्याउनु पर्नेछ।

ख) कथंकदाचित खण्ड (क) बमोजिम बिप्रेषणको रकम अग्रिम भुक्तानीको रुपमा प्राप्त नभई नेपालमा बेनिफिसियरीलाई भुक्तानी दिनु पर्ने भएमा शोधभर्नाको रुपमा रकम प्राप्त हुने अवस्थामा त्यस्तो रकमको जमानतका लागि भुक्तानी दिएको सम्पूर्ण रकमलाई खाम्ने गरी बैंक ग्यारेन्टी लिएको हुनु पर्नेछ।"

२०.मिति २०७१/०८/१४ मा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र बैंक तथा वित्तीय सस्थालाई जारी भएको इ.प्रा. परिपत्र संख्याः ६२९ को दफा २ को खण्ड (घ) मा देहाय बमोजिमको व्यवस्था भएको:

"बिप्रेषण आप्रवाह गरेको रकम वितरण गर्दा बैंकमा रकम प्राप्त भइ सकेपछि मात्र भुक्तानी दिन पर्नेछ अर्थात Pre-Payment गर्न पाइने छैन । तर विदेशी बैंकको बैंक ग्यारेण्टी प्राप्त भएको अवस्थामा सो सीमाले खाम्ने रकम सम्म र नेपाल राष्ट्र बैंक बिप्रेषण विनियमावली २०६७ को व्यवस्था बमोजिम Pre-Payment गर्न सकिने छ।"

२१.मिति २०७५/०४/३१ मा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र बैंक तथा वित्तीय संस्था र अन्य इजाजतपत्रप्राप्त सस्थालाई जारी भएको इ. प्रा परिपत्र संख्या ४/२०७५-७६ मा उल्लेख भए बमोजिम एकीकृत परिपत्र-२०७४ को ई. प्रा. परिपत्रः २५/२०७४ मा देहाय बमोजिम बुँदा ८ थप भएको विषय उल्लेख भएको ।

CamScanner

"८. बिप्रेषण कारोबार गर्ने चेक, वित्तीय संस्था तथा बिप्रेषण कम्पनीहरुले वेनिफिसियरीलाई भुक्तानी दिनुपर्ने रकम अग्रिम रुपमा प्राप्त गर्नुपर्ने वा सो बराबरको बैंक ग्यारेण्टी लिनुपर्ने व्यवस्थाः

बिप्रेषण कारोबार गर्ने इजाजतपत्र प्राप्त बैंक, वित्तीय सस्था तथा बिप्रेषण कम्पनीहरुले अब उपरान्त अनिवार्य रुपले अग्रिम रुपमा विदेशी मुद्रा नेपाल भित्र्याएर मात्र वेनिफिसियरीलाई भुक्तानी प्रदान गर्नुपर्नेछ। अग्रिम भुक्तानी प्राप्त गर्न नसकिने अवस्थामा विदेशी बैंकको बैंक ग्यारेण्टी लिएको हुन् पर्नेछ। बैंक ग्यारेण्टीको आधारमा भुक्तानी गर्दा बैंक ग्यारेण्टीको रकमले खामेको सीमाभित्र मात्र भुक्तानी दिएको हुनुपर्नेछ ।"

२२.मिति २०७९/१०/१३ मा इजाजतपत्र प्राप्त बिप्रेषण कम्पनीहरुलाई जारी भएको नेपाल राष्ट्र बैंक बिप्रेषण विनियमावली, २०८१ को विनियम ९ को खण्ड (क) र (ख) मा देहाय बमोजिमको व्यवस्था भएकोः

क) बिप्रेषणको कार्य गर्न इजाजतपत्र प्राप्त बिप्रेषण कम्पनीले विदेशबाट अग्रिम भुक्तानी (Pre-Funding) को रुपमा बैकिङ्ग प्रणाली मार्फत् बिप्रेषणको रकम विदेशी मुद्रामा नेपाल ल्याउनु पर्नेछ,

ख) खण्ड (क) बमोजिम बिप्रेषणको रकम अग्रिम भुक्तानीको रुपमा प्राप्त नभई नेपालमा सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी दिएपछि शोधभर्नाको रुपमा रकम प्राप्त हुने अवस्थामा त्यस्तो रकमको जमानतका लागि भुक्तानी दिएको सम्पूर्ण रकमलाई खाम्ने गरी सम्बन्धित विदेशी फर्म, कम्पनी, संस्थाको तर्फबाट विदेशी बैकबाट जारी भएको विदेशी मुद्राको कनै पनि शर्त उल्लेख नभएको (Unconditional) जमानत वा सम्बन्धित विदेशी फर्म, कम्पनी, वा संस्थाबाट विदेशी मुद्राको नगद धरौटी प्राप्त गरेको हुनु पर्नेछ । यसरी प्राप्त भएको जमानत र नगद धरौटीको रकमले खामेभन्दा बढी हुने गरी सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी गर्न पाइने छैन। बिप्रेषण कम्पनीले विदेशी फर्म, कम्पनी वा सस्थाबाट केही रकम अग्रिम भुक्तानीको रुपमा र केही रकम बैक जमानतको रुपमा समेत प्राप्त गर्न सक्नेछ,"

२३.प्रभु बैंक लि. र Prabhu Group Inc., USA बीच विदेशबाट नेपालमा बिप्रेषण रकम भित्र्याउने कारोबार सम्बन्धमा Prabhu Group Inc., USA ले प्रभु बैंक लि. लाई उपलब्ध गराएको बैंक ग्यारेण्टी सम्बन्धी विवरण देहाय बमोजिम रहेको देखिएको ।

S.N.	Bank Guarantee Issued by	Bank Guarantee Amount in USD	Bank Guarantee Valid From	Bank Guarantee Valid Till
1	Soleil Chartered Bank Limited	2,500,000	31-Aug-2014	31-Aug-2015
2	Soleil Chartered Bank Limited	2,500,000	9-Jul-2015	9-Jul-2016

CamScanner

3	Soleil Chartered Bank Limited	2,500,000	31-Aug-2015	31-Aug-2016
4	Soleil Chartered Bank Limited	2,500,000	31-Aug-2015	31-Aug-2016
5	Soleil Chartered Bank Limited	5,000,000	31-Aug-2016	31-Aug-2018
6	Soleil Chartered Bank Limited	5,000,000	31-Aug-2018	31-Dec-2019
7	Soleil Chartered Bank Limited	3,000,000	10-Dec-2019	11-Dec-2020
8	Soleil Chartered Bank Limited	5,000,000	11-Feb-2020	10-Feb-2021
9	Soleil Chartered Bank Limited	5,000,000	9-Jul-2020	9-Jul-2021
10	Soleil Chartered Bank Limited	5,000,000	8-Jul-2021	9-Jul-2022
11	Soleil Chartered Bank Limited	5,000,000	21-Jun-2022	21-Jul-2023
12	Soleil Chartered Bank Limited	6,000,000	2-Jun-2023	1-Jun-2025
13	Soleil Chartered Bank Limited	5,000,000	1-Sep-2024	1-Sep-2026
14	Soleil Chartered Bank Limited	3,000,000	1-Sep-2024	1-Sep-2026

२४.प्रभु बैंक लि. ले राखेको Prabhu Group Inc., USA सँगको विदेशबाट नेपालमा बिप्रेषण भित्र्याउने कारोबार सम्बन्धी सन् २०१४ सेप्टेम्बर १४ (वि.स. २०७१/०५/२९) देखि सन् २०२५ अक्टोबर २५ (विसं. २०८२/०७/०८) सम्मको विवरण देहाय बमोजिम रहेको उक्त विवरणमा धनात्मक रकमले प्रभु बैंक लि ले Prabhu Group Inc., USA लाई दिनुपर्ने र ऋणात्मक रकमले प्रभु बैंक लि ले Prabhu Group Inc., USA सँग लिनु पर्ने जनाउने) ।

<u>**चित्र २ : प्रभु बैंक लि. र Prabhu Group Inc., USA बीच लिनु-दिनु पर्ने (अमेरिकी डलरमा)**</u>



२५.माथि चित्र २ मा प्रस्तुत गरीए बमोजिम सन् २०१४ सेप्टेम्बर १४ (वि.सं. २०७१/०५/२९) देखि सन् २०२५ अक्टोबर २५ (वि.सं. २०८२/०७/०८) सम्मको विवरण बमोजिम सन् २०१४ सेप्टेम्बर १४-१८ बाहेक अन्य सबै समयमा प्रभु बैंक लि. ले Prabhu Group Inc., USA सँग रकम लिनु पर्ने देखिएको । अवधिमा सबैभन्दा बढी लिनु पर्ने रकम अमेरिकी डलर १,२१,०१,८०१।७२

CamScanner

(सन् २०१४ अक्टोबर १५) रहेको देखिएको । उक्त समयमा Prabhu Group Inc., USA ले प्रभु बैंक लि लाई Pre-funding को सट्टामा उपलब्ध गराएको बैंक ग्यारेण्टीको रकमले खामेको नदेखिएको (माथि बूँदा २३ को तालिकामा प्रस्तुत गरीए बमोजिम) । वि.स. २०७५/०४/३१ (सन् २०१८ अगष्ट १६), नेपाल राष्ट्र बैंकबाट जारी भएको ई प्रा परिपत्र सख्या. ४/२०७५-७६ जारी भएको समय, पश्चात् समेत बैंक ग्यारेण्टीले खामेको रकम भन्दा प्रभु बैंक लि ले Prabhu Group Inc., USA सँग लिनु पर्ने रकम बढी रहेको देखिएको (उदाहरणको लागि सन् २०१८ अगष्ट २१ देखि सन् २०१९ डिसेम्बर ३१ सम्म उपलब्ध भएको बैंक ग्यारेण्टी रकम अमेरिकी डलर ५०,००,०००।०० रहेकोमा सन् उक्त अवधिमा लिन पर्ने रकम सन् २०१८ सेप्टेम्बर १७ मा सबैभन्दा बढी अमेरिकी डलर ६१,४६,०५७७९८ रहेको देखिएको)

२६.Prabhu Group Inc., USA ले प्रभु बैंक लि लाई उपलब्ध गराएको बैंक ग्यारेण्टी रीतपूर्वक जारी भए-नभएको सम्बन्धमा केन्द्रीय अनुसन्धान ब्यूरोले आवश्यक काम-कारबाही अगाडि बढाएको देखिएको (ब्यूरोले प.सं. (२०८२/०८३), मु. द. नं ३४, च.न. ४७९९, मिति २०८२/०८/०८ मा नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईलाई पत्राचार गरी सो सम्बन्धमा जानकारी अनुरोध गरेको देखिएको)। यसै सम्बन्धमा मिति २०८२/०६/०१ को उजुरी केन्द्रीय अनुसन्धान ब्यूरोमा मिति २०८२/०६/२९ मा दर्ता (दर्ता नः १८६७) भएको देखिएको ।

प्रभु मनि ट्रान्सफर प्रा.लि.को कारोबार

२७.प्रभु मनि ट्रान्सफर प्रा.लि.को आर्थिक वर्ष २०८०/८१ को लेखा परिक्षण भएको वित्तीय विवरणको संक्षिप्त विववरण देहाय बमोजिम रहेको देखिएको:

Amount (Rs. in '000')

A/C HEAD	2079-80	2080-81
Cash and Cash Equivalents	149,797	96,617
Receivables from Party	1,669,671	1,489,927
Income tax receivables	2,773	67,053
Other current assets	9,210	3,421
Non-Cash Current Assets	**1,681,654**	**1,560,401**
Total Current Assets	**1,831,451**	**1,657,018**
Net Fixed Assets	25,430	14,098
Deffered tax assets	-	2,523
Intangible Assets	27	7

CamScanner

A/C HEAD	2079-80	2080-81
Total Long Term Assets	**25,457**	**16,628**
TOTAL ASSETS	**1,856,908**	**1,673,646**
Payable to Agent	324,370	259,777
Payable to Customer	2,192	1,389
Borrowings (Bank Loans, short-term)	147,654	146,300
Tax Liabilities	16,196	2,412
Other Financial Liabilities	11,637	6,863
Other Current Liabilities	1,000	1,792
Lease Liability	2,193	2,682
Total Current Liabilities	**505,242**	**421,215**
Borrowings (Long Term Bank Loans)	1,316,700	1,170,400
Deferred Tax liability	595	-
Lease Liability	9,832	7,149
Total Long Term Liabilities	**1,327,127**	**1,177,549**
TOTAL LIABILITIES	**1,832,369**	**1,598,764**
Ordinary Capital (Registered capital)	330,000	399,300
Profit & Loss Account	(305,462)	(324,419)
TOTAL EFFECTIVE NET WORTH	**24,538**	**74,881**

२८.प्रभु मनि ट्रान्सफर प्रा. लि. को आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण भएको वित्तीय विवरण अनुसार Receivables from Party शीर्षक अन्तर्गत रु १ अर्ब ४८ करोड ९९ लाख २७ हजार (प्रभु मनि ट्रान्सफर प्रा. लि. ले लिनु पर्ने) देखिएको हुँदा उक्त रकम लिनुपर्ने व्यक्ति/संस्था अनुसारको रकम उल्लेख भएको नदेखिएको। साथै, Payable to Agent शीर्षक अन्तर्गत रु २५ करोड ९७ लाख ७७ हजार देखिएको (प्रभु मनि ट्रान्सफर प्रा. लि. ले दिनु पर्ने) देखिएको हुँदा उक्त रकम दिनु पर्ने व्यक्ति/संस्था अनुसारको रकम उल्लेख भएको नदेखिएको। साथै, Cash and Cash Equivalents शीर्षक अन्तर्गत आ.व. २०८०/८१ मा Cheque in transit भनी रु.६ करोड ९३ लाख रकम देखाइएकोमा सोको विस्तृत विवरण उपलब्ध नरहेको।

२९.नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागबाट भएको प्रभु बैंक लि. को "Report of Inspection Findings, February 2022" शीर्षकको प्रतिवेदनको खण्ड ३ (Government/Management) को

CamScanner

उपखण्ड ३.१.३ मा प्रभु बैंक लि. र प्रभु मेनेजमेन्ट प्रा. लि. बीच लिनु दिनु पर्ने रकम सम्बन्धमा देहायको विषय उल्लेख भएको देखिएको।

S.N.	Final Comments on Board and Management	Directions/Suggestions
3.1.3	*Despite the action taken by NRB regarding conducting transactions with shareholders having more than 1 percent ownership of the bank, it was found that bank has not completely settled such transactions and has not recovered the interest on such transactions acccording to the direction given on 2077/10/28.* *It was noted from the GL Balance of Lainchaur branch that Prabhu Money Transfer Pvt. Ltd. Nepal had a debit balance of Rs. 270 million which was later settled during the onsite inspection. It was also noted that there were such transactions in Head Office too. This shows that Bank has receovered interest only from the accounts identified by the special inspection but has neither settled such other transactions nor recovered interest.* *Also, calculation of interest from 19/12/2017 to 22/06/2020 on the debit balance of Payable Prabhu Money Transfer account of Kamaladi branch did not include interest on Rs. 700 million from 27/05/2020 to 31/05/2020 (During the 3 days gap period of transfer of CBS from Pumori to Finacle).*	*Bank should immediately settle all such transactions and recover the interest of the whole period on such outstanding debit balances from the fund users.* *The CEO and the Board of Directors should give written justification within 30 days for not settling such transactions and for not recovering the interest on such outstanding debit balance as directed earlier by NRB.*

३०.नेपाल राष्ट्र बैंक, गैर बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागबाट प्रभु मनि ट्रान्सफर प्रा.लि.को समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन (जेठ २०८१) को खण्ड (ख) वित्तीय विश्लेषण एवं अनुपालनाको स्थिति" मा देहायको विषय समेत उल्लेख भएको देखिएको:

कम्पनिको लेखा अनुसार निम्न बमोजिमका संस्थाहरुमा ऋण प्रतिकुल हुने गरी प्रदान गरेको समेत पाइयो।

ऋणी कम्पनिको नाम	२०७८/७९ (रु.)	२०७९/८० (रु.)	फरक (रु.)
Indrawati Handikhola Crusher Udhyog P. Ltd.	*90,000,000*	*103,208,984.87*	*13,208,984.87*
Home Investment Pvt. Ltd.	*210,000,000*	*115,437,616.44*	*(94,562,383.56)*
Yatri Housing P. Ltd.	*120,000,000*	*137,611,979.82*	*17,611,979.82*
Panchpokhari Agriculture P. Ltd.	*130,000,000*	*149,079,644.81*	*19,079,644.81*

CamScanner

Himalaya Olive Cultivation P. Ltd.	*140,000,000*	*160,547,309.80*	*20,547,309.80*
Natural Himalaya Farm P. Ltd.	*140,000,000*	*160,547,309.80*	*20,547,309.80*
Avocado Farm P. Ltd.	*180,000,000*	*206,417,969.74*	*26,417,969.80*
Himalaya Plantation P. Ltd.	*230,000,000*	*248,756,294.67*	*18,756,294.67*
Total	***1,240,000,000***	***1,281,607,109.95***	***41,607,109.95***

कम्पनिको ऋण लगानी अघिल्लो वर्ष भन्दा यस बर्षमा कम्पनिले ब्याज आम्दानी लेखी पुजीकरण गरेको कारण बढ्न गएको पाइयो।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३ को दफा (१) को खण्ड (क) र (ङ) मा देहाय बमोजिमको व्यवस्थाहरु रहेको:

"कसुरः (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत जारी गरीएको नियम, विनियम, निर्देशन, आदेश वा शर्त वा सीमा विपरीत हुने गरी देहायको कुनै काम कारबाही गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेः-
क) इजाजतपत्र नलिई बैंकिङ्ग तथा वित्तीय कारोबार गरेमा,
ङ) यस ऐन विपरीत कर्जा प्रवाह वा अन्य लगानी गरेमा,"

नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको निरीक्षण प्रतिवेदनमा उल्लिखित प्रभु मनि ट्रान्सफर प्रा.लि. ले प्रवाह गरेको कर्जा प्रचलित कानूनी व्यवस्था बमोजिम रहेको देखिदैन।

३१.माथि बुदा नं. ३० को प्रतिवदेनको "खण्ड (ग) कैफियत एवं निर्देशन" को "१. यस अघिको निरीक्षण प्रतिवेदनबाट दिइएका निर्देशन पालनाको अवस्थाः" अन्तर्गत क्र.सं. ५ मा देहायको विषय उल्लेख भएको देखिएको:

क्र.सं.	कैफियत	कार्यान्वयनको अवस्था
१	नेपाल राष्ट्र बैंक बिप्रेषण विनियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम इजाजतपत्रप्राप्त बिप्रेषण कम्पनीहरुले Inward Remittance को मात्र कारोबार गर्न पाइने व्यवस्था भएको तथा कम्पनीको प्रबन्धपत्रमा कम्पनीले लगानी गर्ने सम्बन्धी व्यवस्था नभएको अवस्थामा कम्पनीले बैंकबाट कर्जा लिई विभिन्न फर्म कम्पनीहरुमा लगानी गरेको पाइएको ।	कार्यवान्वयन नभएको।

CamScanner

३२.माथि बुँदा नं. ३० को प्रतिवदेनको "खण्ड (ग) कैफियत एवं निर्देशन" को "२. निरीक्षणको क्रममा देखिएका कैफियतहरु, कम्पनीको प्रत्युत्तर तथा प्रस्तावित निर्देशनहरु" अन्तर्गत कैफियत नं. ३ मा देहायको विषय उल्लेख भएको देखिएकोः

कैफियत नं. ३

नेपाल राष्ट्र बैंक बिप्रेषण विनियमावली, २०७९ (प्रथम संशोधन सहित) को विनियम १०(१) (ख) मा व्यापार गर्ने उद्देश्यले मालसामान खरिद बिक्री गर्न, अन्य फर्म, संस्था वा कम्पनीमा लगानी गर्न वा कार्यालय प्रयोजनको निमित्त आवश्यक पर्ने बाहेक भवन निर्माण गर्न, अचल सम्पत्ति खरिद गर्न पाइने छैन भन्ने व्यवस्थाको प्रतिकुल हुने गरी कम्पनीको प्रबन्धपत्रमा कम्पनीको उद्देश्य प्राप्त गर्न गरीने कामहरुको बँदा नं. (च) मा कम्पनीको नाममा शेयर तथा डिबेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने भन्ने व्यवस्था रहेको पाइयो।

व्यवस्थापनको जवाफः

नेपाल राष्ट्र बैंक बिप्रेषण विनियमावली, २०७९ वा प्रचलित कानूनसँग बाझिएको व्यवस्थाहरु स्वतः बदरभागी मानिन्छ । यद्यपि कम्पनीको प्रबन्धपत्रमा कम्पनीको उद्देश्य प्राप्त गर्न गरीने कामहरुको बंदा नं. (च) मा कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने भन्ने व्यवस्था विनियमावलीसँग प्रतिकूल देखिएकोले संशोधन प्रक्रियाको लागि कम्पनीको सञ्चालक समितिमा छलफलमा लगिएको छ ।

प्रस्तावित निर्देशनः

कम्पनीले मिति २०८१/३/३१ को संशोधनमार्फत् प्रबन्धपत्रमा कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने भन्ने व्यवस्था हटाएको पाइएकोले निर्देशन दिन नपर्ने।"

३३.प्रभु मनि ट्रान्सफर प्रा. लि. र प्रभु मेनेजमेन्ट प्रा. लि. बीचको बिप्रेषण कारोबारको Agency/Sub-agency सम्बन्धमा तथा प्रभु मनि ट्रान्सफर प्रा. लि. र Prabhu Group Inc., USA बीच विदेशबाट नेपालमा बिप्रेषण भित्रयाउने कारोबार सम्बन्धमा ब्यूरोले क्रमशः प.सं. (२०८२/०८३), च.नं. ४९४८, मिति २०८२/०८/१२ र प.सं. (२०८२/०८२), च.नं. ४९४९, मिति २०८२/०८/१२ का पत्रहरुमार्फत् प्रभु मनि ट्रान्सफर प्रा. लि. लाई विवरण उपलब्ध गराउन पत्राचार गरेकोमा उक्त विवरण हालसम्म प्राप्त भएको नदेखिएको ।

३४.माथि बँदा नं. ३० को प्रतिवदेनको "खण्ड (ख) वित्तीय विश्लेषण एवं अनुपालनाको स्थिति" अन्तर्गत बुँदा नं. ६" प्रिफण्डिङ्ग तथा प्रिन्सिपलबाट बैंक ग्योरण्टी" मा देहायको विषय उल्लेख भएकोः

"नेपाल राष्ट्र बैंक बिप्रेषण विनियमावली, २०७९ को विनियम ९ (क) को व्यवस्था बमोजिम बिप्रेषणको कार्य गर्न इजाजतपत्रप्राप्त बिप्रेषण कम्पनीले विदेशबाट अग्रिम भुक्तानी (Pre-funding) को रुपमा बैंकिङ्ग प्रणाली मार्फत् बिप्रेषणको रकम विदेशी मुद्रामा नेपाल ल्याउन पर्नेछ भन्ने व्यवस्था रहेकामा निम्न

CamScanner

बमोजिमका प्रिन्सिपलहरुबाट प्रिफण्डिङ् भएको पाइएन। सन् २०२४ मे मसान्तको बाँकी रकम हेर्दा पाइएन। प्रिन्सिपलहरुबाट देहाय बमोजिमको रकम प्रिफण्डिङ्ग भएको।"

तालिका नं. ४

बिप्रेषण कारोबारमा प्रिफण्डिङ नभएका प्रिन्सिपलहरुः

Principal/Agent	*Country*	*Due Balance (NPR)*	*Bank Guarantee ($)*
Instant Cash FZE	*UK*	*18,48,318.90*	-
TML Remittance Centre	*Malaysia*	*8,99,065.31*	-
Western Union Network (Ireland Limited)	*Ireland*	*8,35,23,084.38*	*12,00,000*
CIMB Islamic Bank Berhad	*Malaysia*	*2,74,354.22*	-

Prabhu Bank Inc., USA ले यस कम्पनीलाई Soleil Charted Bank मार्फत् USD 1,00,00,000 को Standby Letter of Credit financial guarantee no. SCB2206718CHS (Expiry Date: 22 June 2024) उपलब्ध गराएको । त्यस्तै, Western Union Network (Ireland) Limited ले Bank of Nova Scotia बाट USD 12,00,000 को बैंक ग्यारेण्टी नं. 0GU9969GWS (Expiry Date: 30 April 2025) उपलब्ध गराएको देखिन्छ ।"

सोही प्रतिवेदनको "खण्ड (ग) कैफियत एवं निर्देशन" अन्तर्गत बुँदा नं. १ "यस अघिको निरीक्षण प्रतिवेदनबाट दिइएका निर्देशन पालनाको अवस्था" को क्र.सं. ४ मा देहायको विषय उल्लेख भएकोः

क्र.सं.	कैफियतहरु	कार्यन्वयनको अवस्था
४	कम्पनीले कतार लगायत अन्य केही मुलुकका केही रेमिटेन्स कम्पनीहरु मार्फत् आउने रकम Prabhu Group, USA को नाममा ल्याउने र सो रकमहरु प्रिफण्ड नभएको अवस्थामा Prabhu Group, USA को लागि Soleil Chartered Bank, USA को Financial Guarantee (USD 10 Million) को सीमाभित्र हुने गरी ल्याउने गरेको भएता पनि ती रेमिटेन्स कम्पनीहरुले सोझै कम्पनीको खातामा भुक्तानी दिने र Prabhu Group, USA को Accounts मा ती रकमहरु Payables को रुपमा रहेको स्पष्ट रुपमा नदेखिएकोले ती अन्य रेमिटेन्स कम्पनीहरुले Default गरेमा Soleil Chartered Bank, USA को Financial Guarantee ले भुक्तानी दिने स्पष्ट नभएको ।	निरीक्षण अवधिसम्म पनि संसारका विभिन्न मुलुकहरु बाट आउने बिप्रेषण रकम Prabhu Group, USA मार्फत् नै आउने गरेको र Prabhu Group, USA सँग Soleil Chartered Bank, USA को USD 10 Million बराबरको बैंक ग्यारेण्टी रहेको पाइयो।

CamScanner

Prabhu Group Inc, USA ले प्रभु मनि ट्रान्सफर प्रा.लि. लाई उपलब्ध गराएको Soleil Chartered Bank को बैंक जमानत समेत माथि बुँदा नं. २६ मा उल्लेख भएबमोजिम रीतपूर्वक पेश भए/नभएको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।

३५.माथि बुँदा नं. १६ मा उल्लेख भए बमोजिम प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच बिप्रेषण कारोबार सम्बन्धी सन् २०१४ सेप्टेम्बर १२ देखि १५ सम्म भएका कारोबारहरुको विस्तृत विवरण, माथि बुँदा नं. २६ र बुँदा नं. ३४ मा उल्लेख भएबमोजिम Prabhu Group Inc., USA ले क्रमशः प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा. लि. लाई उपलब्ध गराएको बैंक ग्यारेण्टी रीतपूर्वक जारी भए-नभएको; माथि बुँदा नं. २८ मा उल्लिखित प्रभु मनि ट्रान्सफर प्रा. लि. को आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण भएको वित्तीय विवरणमा उल्लिखित (प्रभु मनि ट्रान्सफर प्रा.लि. ले लिनु पर्ने (Receivable from Party) शीर्षक अन्तर्गत रु. १ अर्ब ४८ करोड ९९ लाख २७ हजारको व्यक्ति/संस्था अनुसारको रकम तथा प्रभु मनि ट्रान्सफर प्रा. लि. ले दिनु पर्ने (Payable to Agent) शीर्षक अन्तर्गत रु. २५ करोड ९७ लाख ७७ हजारको व्यक्ति/संस्था अनुसारको रकम, माथि बुँदा नं. ३० को तालिकामा उल्लिखित प्रभु मनि ट्रान्सफर प्रा. लि. ले ऋण प्रदान गरेका कम्पनीहरुको शेयरधनी/पदाधिकारी/वास्तविक धनी सम्बन्धी विवरण; माथि बुँदा नं. ३३ मा उल्लेख भए बमोजिम प्रभु मनि ट्रान्सफर प्रा.लि. र Prabhu Group Inc.USA तथा प्रभु मनि ट्रान्सफर प्रा.लि. र प्रभु मेनेजमेन्ट प्रा.लि. बीचको करोबार लगायतका अन्य सम्बन्धित विषयहरुमा थप अध्ययन/विश्लेषण/अनुसन्धान हुन मनासिव हुने देखिन्छ भन्ने व्यहोराको नेपाल राष्ट्र बैंकबाट खटि आएका विज्ञ उप-निर्देशक मणिराज श्रेष्ठको प्रतिवेदन।

ख) <u>नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट, काठमाडौंमा कार्यरत प्र.नि. देवराज काफ्लेसमेतले पेश गरेको प्रहरी प्रतिवेदनको व्यहोराः-</u>

ठाकुर प्रसाद मानन्धर समेतको जाहेरी दरखास्तबाट उठान भएको नेपाल राष्ट्र बैंकबाट बिप्रेषण सम्बन्धी कारोबार गर्न अनुमति प्राप्त प्रभु मनी ट्रान्सफर प्रा.लि.ले बिप्रेषण बाहेकको अन्य बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति समेत नलिई विभिन्न कम्पनीहरुलाई कर्जा प्रवाह गरी सो कर्जा बापत ब्याज समेत लिएको भन्ने तथ्य नेपाल राष्ट्र बैंकबाट भएको सुपरिवेक्षणमा समेत उल्लेख गरेको देखिँदा प्रभु मनी ट्रान्सफर प्रा.लि. र सो प्रा. लि. का संचालक देवी प्रकाश भट्टचनले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३ को उपदफा १ (क) र (ङ) बमोजिम नेपाल राष्ट्र बैंकको ईजाजतपत्र नलिई आ.व. २०७८/७९ मा Indrawati Handikhola Crusher Udhyog P. Ltd. समेत विभिन्न ८ वटा कम्पनीहरुमा रू. १,२४,००,००,०००/- (एक अर्ब चौबीस करोड रुपैंया) ब्याजमा कर्जा प्रवाह गरी बैंकिङ तथा वित्तीय कारोबार गरेको भन्ने समेत व्यहोरा नेपाल राष्ट्र बैंकबाट खटि आएका विज्ञले यस कार्यालय समक्ष मिति २०८२/०८/२१ गते पेश गरेको प्रतिवेदनमा समेत उल्लेख भएको।

CamScanner

यसरी नै प्रभु बैंक लि. र प्रभु मनी ट्रान्सफर प्रा.लि. बिच बिप्रषेण कारोबार गर्नको लागि मिति २०६४/०३/३२ मा भएको सम्झौता मिति २०६८/०६/०१ मा संशोधन भएकोमा संशोधित सम्झौताको दफा (१०) मा भएको व्यवस्था बमोजिम, मिति २०६९/०१/०१ को सम्झौताको दफा १० मा भएको व्यवस्था बमोजिम, मिति २०७२/०४/०१ मा प्रभु बैंक लि. प्रथम पक्ष र प्रभु मनि ट्रान्सफर प्रा. लि. दोस्रो पक्ष भई गरेको सम्झौताको दफा ९ मा भएको व्यवस्था बमोजिम र मिति २०७४/०९/०९ मा भएको सम्झौताको दफा ९ मा भएको व्यवस्था अनुसार, यदि कुनै किसिमले एक अर्का बीच लिनु दिनु पर्ने रकमहरु वक्यौता रहेमा बैंकको मासिक आधार दर तथा वार्षिक ब्याज दरको हिसाबले भुक्तानी मिलान गरीनेछ भन्ने समेतका व्यहोराहरु उल्लेख गरी बिप्रेषण कारोबारको लागि Advace दिएको रकमको सम्झौता बमोजिम प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. बाट ब्याज रकम तथा आधार दर बमोजिमको रकम रु.१,१३,४९,२६,९७०।०६ (अक्षरेपि रु.एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बीस हजार नौ सय सत्तरी रुपौयाँ छ पैसा) हुने देखिएको (चक्रिय ब्याज अर्थात् ब्याजको ब्याज, गणना नगर्दा) । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. सँग यस हिसाब बमोजिम लिनुपर्ने रकम नलिँदा प्रभु बैंक लि. लाई हानी नोक्सानी पुग्न जाने देखिन्छ भन्ने समेत व्यहोरा नेपाल राष्ट्र बैंकबाट खटि आएका विज्ञले यस कार्यालय समक्ष मिति २०८२/०८/२१ गते पेश गरेको प्रतिवेदनमा समेत उल्लेख भएको देखिँदा उक्त प्रभु बैंक लिमिटेडका उच्च तहका कर्मचारीहरु, प्रमुख कार्यकारी अधिकृत (CEO) अशोक शेरचन, नायब प्रमुख कार्यकारी अधिकृत (DCEO) मनिराम पोखरेल, सोही बैंकका रेमिट्यान्स डिपार्टमेन्टका प्रमुख सुगेन शाक्य समेतले प्रभु मनी ट्रान्सफर प्रा.लि.का संचालक तथा प्रभु बैंक लि.का तत्कालिन संचालक देवी प्रकाश भट्टचनसँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी पुर्‍याउने र स्वार्थ समूहलाई लाभ पुर्‍याउने बदनियतका साथ गैरकानूनी कार्य गरेको सम्बन्धमा देहायका तथ्यहरु संकलन भएको देखिन्छ।

<u>प्रभु मनी ट्रान्सफर प्रा.लि.को प्रबन्धपत्रमा उल्लिखित उद्देश्य प्राप्त गर्नेको लागि देहायको कार्य गर्ने उल्लेख गरेको देखिन्छ</u>:-

- कम्पनीले प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरी मात्र कार्य गरीने।
- कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तिय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने।

❖ **प्रभु मनी ट्रान्सफर प्रा.लि. ले नेपाल राष्ट्र बैंकबाट मिति २०८०/०३/३१ गते (License Number NRB/FX/MR/P026/080) बाट देहाय अनुसारको Terms and conditions मा License Renew भएको देखिन्छ ।**

1. M/S PRABHU MONEY TRANSFER PVT. LTD is authorized only for inward remittance business in foreign currency.

CS CamScanner

2. his License is not transferable.
3. This License shall be utilized only at the place of business where this authorization applies.
4. The remittance company shall comply with the instructions issued by the Nepal Rastra Bank from time to time.
5. The remittance company shall provide necessary information as instructed by Nepal Rastra Bank or other competent authority.
6. The remittance company shall comply with all the related provisions of Foreign Exchange (Regulation) Act, 2019, Assets (Money) Laundering Prevention Act,2064 and Rules, Bylaws, and Regulations made thereunder.
7. This License must be displayed at the place of business.
8. This License will expire on the day of 15 July, 2028.

(क) प्रभु मनी ट्रान्सफर प्रा.लि. ले इजाजतपत्र नलिई बैंकिङ तथा वित्तीय कारोबार गरेका आधारहरुलाई तपसिल बमोजिम खुलाइएको छ।

- नेपाल राष्ट्र बैंक, गैर — बैंक वित्तिय संस्था सुपरिवेक्षण विभागबाट प्रभु मनी ट्रान्सफर प्रा.लि.को समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन (वि.सं. २०८१ जेठ) को खण्ड (ख) वित्तिय विश्लेषण एंव अनुपालनको स्थितिमा देहायको विषय उल्लेख भएको देखिन्छ।

कम्पनीको वित्तिय विवरण :-

बिबरण	२०८० चैत मसान्त	२०८० असार मसान्त	२०७९ मसान्त
लगानी	१,१८,००,००,०००।००	१,२८,१६,०७,१९०।००	१,२४,००,००,०००.००

कम्पनीको आ.व.२०७९/८० को लेखापरिक्षण भएको वित्तिय विवरण अनुसार रु. १ अर्ब ४६ करोड ऋण रकम मध्ये प्राइम कमर्सियल बैंकबाट रु. २० करोड र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट रु. १ अर्ब २६ करोड तिर्न बाँकी रहेको भन्ने उल्लेख भएको ।

कम्पनीको लेखा अनुसार निम्न बमोजिमका संस्थाहरुमा ऋण प्रतिकूल हुने गरी प्रदान गरेको देखिन्छ भन्ने उल्लेख भएको।

ऋणी कम्पनिको नाम	२०७८/७९ रु.	२०७९/८० रु.	फरक रु.
Indrawati Handikhola Crusher Udhyog P. Ltd.	90,000,000	103,208,984.87	13,208,984.87
Home Investment Pvt. Ltd.	210,000,000	115,437,616.44	(94,562,383.56)
Yatri Housing P. Ltd.	120,000,000	137,611,979.82	17,611,979.82
Panchpokhari Agriculture P. Ltd.	130,000,000	149,079,644.81	19,079,644.81
Himalaya Olive Cultivation P. Ltd.	140,000,000	160,547,309.80	20,547,309.80

CamScanner

Natural Himalaya Farm P. Ltd.	140,000,000	160,547,309.80	20,547,309.80
Avocado Farm P. Ltd.	180,000,000	206,417,969.74	26,417,969.80
Himalaya Plantation P. Ltd.	230,000,000	248,756,294.67	18,756,294.67
जम्मा	**1,240,000,000**	**1,281,607,109.95**	**41,607,109.95**

उल्लिखित तथ्यबाट प्रभु मनी ट्रान्सफर प्रा.लि.ले बैंक तथा वित्तिय संस्थाहरुबाट रु. १ अर्ब ४६ करोड ऋण लिएकोमा सोही रकम नै Indrawati Handikhola Crusher Udhyog P. Ltd., Home Investment Pvt. Ltd., Yatri Housing P. Ltd., Panchpokhari Agriculture P. Ltd., Himalaya Olive Cultivation P. Ltd., Avocado Farm P. Ltd., Himalaya Plantation P. Ltd. समेतमा ऋणको रुपमा लगानी गरी ब्याज समेत लिएको ।

यसरी नै प्रभु मनी ट्रान्सफर प्रा.लि.को मिति २०८१/१२/२९ गते CA SHYAM KARKI (UDIN :250411CA00124XyBeb) ले गरेको लेखापरिक्षण प्रतिवेदनमा Receivable from Party (4.4) मा 15 July 2024 मा १,४८,९९,२७,३०२.००, 16 July 2023 मा रु.1,66,96,70,868.00 रहेको उल्लेख भएकोमा (4.4) मा थप विवरण उल्लेख गरेको समेत देखिदैन ।

नेपाल राष्ट्र बैंकका मणि राज श्रेष्ठको प्रतिवेदनमा कम्पनीहरुलाई दिएको ऋण रकम रु. १,२४,००,००,०००।– (एक अर्ब चौबिस करोड रुपैंया) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ दफा १०३ को उपदफा १(क) र (ङ) बमोजिम कसूर गरेको मानिने छ भनी कानूनी व्यवस्था समेत उल्लेख गरी प्रतिवेदन पेश गरेको देखिन्छ ।

उल्लिखित तथ्यहरु बिश्लेषण गर्दा प्रभु मनी ट्रान्सफर प्रा.लि. र सो प्रा.लि.का सञ्चालक देवी प्रकाश भट्टचनले नेपाल राष्ट्र बैंकबाट बिप्रेषण कारोबार गर्न अनुमति लिएकोमा सोही अनुमतिको आवरणमा Indrawati Handikhola Crusher Udhyog P. Ltd. समेतका कम्पनीहरुलाई कर्जा दिई ब्याज समेत लिएको तथा ब्याजलाई पुँजीकृत गरेको समेत देखिन आएबाट नेपाल राष्ट्र बैंकबाट बैंकिङ कारोबार गर्न अनुमती लिएका बैंक तथा वित्तिय संस्थाहरु जस्तै गरी बैंकिङ कारोबार गरी ब्याजमा रु.१,२४,००,००,०००।-(एक अर्ब चौबिस करोड रुपैंया) रकम दिएको तथा सो ब्याज समेत जोडी पूँजिकृत समेत गरेको समेत देखिन आएबाट प्रभु मनी ट्रान्सफर प्रा.लि. तथा सो प्रा.लि.का सञ्चालक देवी प्रकाश भट्टचन उपर बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अनुसन्धान गर्नुपर्ने देखिन्छ।

CamScanner

(ख) प्रभु मनी ट्रान्सफर प्रा.लि. र प्रभु बैंक लिमिटेड सम्बन्धमाः-

सि.नं.	सम्झौता भएको मिति	सम्झौता लागु मिति	सम्झौता गर्ने पक्षहरु	हस्ताक्षर कर्ता
१	२०६४/०३/३२ (सन् २००७ july 16)	२०६४/०४/०१ (सन् २००७ july 1७)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	राजेन्द्र शेरचन (म्यानेजर)
			प्रभु फाईनान्स कम्पनी लि. (दोस्रो पक्ष)	राजगोपाल राजभण्डारी (नायब महाप्रबन्धक)
२	२०६८/०६/०१ (सन् २०११ Sept 18)	२०६८/०६/०१ (सन् २०११ Sept 18)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	राजेन्द्र शेरचन (CEO)
			प्रभु फाईनान्स कम्पनी लि. (दोस्रो पक्ष)	अशोक शेरचन (CEO)
३	२०६९/०१/०१ (सन् २०१2 April 13)	२०६९/०१/०१ (सन् २०१2 April 13)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	राजेन्द्र शेरचन (CEO)
			प्रभु फाईनान्स कम्पनी लि. (दोस्रो पक्ष)	अशोक शेरचन (CEO)
४	२०७२/०४/०१ (सन् २०१५ July 17)	२०७२/०४/०१ (सन् २०१५ July 17)	प्रभु बैंक लिमिटेड (प्रथम पक्ष)	अशोक शेरचन (CEO)
			प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)	रामेश्वर सापकोटा (नायब महाप्रबन्धक)
५	२०७२/०४/०१ (सन् २०१५ July 17)	२०७२/०४/०१ (सन् २०१५ July 17)	प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष)	रामेश्वर सापकोटा (नायब महाप्रबन्धक)
			प्रभु बैंक लिमिटेड (दोस्रो पक्ष)	अशोक शेरचन (CEO)

CS CamScanner

६	२०७४/०९/०९ (सन् २०१७ Dec 24)	२०७४/०९/०९ (सन् २०१७ Dec 24)	प्रभु बैंक लिमिटेड (प्रथम पक्ष)	अशोक शेरचन (CEO)
			प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)	रामेश्वर सापकोटा (नायब महाप्रबन्धक)
७	२०८०/१०/१६ (सन् २०२४ Jan 30)	२०८०/१०/१६ (सन् २०२४ Jan 30)	प्रभु बैंक लिमिटेड (प्रथम पक्ष)	अशोक शेरचन (CEO)
			प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)	सुसन् शेरचन (सहायक महाप्रबन्धक)

- **माथि उल्लेखित मिति २०६८/०६/०१ (सन् २०११ Sept 18) सम्झौता** प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष) र प्रभु फाईनान्स कम्पनी लि (दोस्रो पक्ष) **को बुदा नं. दफा १० मा देहाय बमोजिमको व्यवस्था रहेको देखिएको:**

  "दोस्रो पक्षले प्रथम पक्षको Software वा Remittance Report को आधारमा सम्बन्धित व्यक्तिलाई भुक्तानी गरेको रकम दोस्रो पक्षले System report , Fax, वा Email बाट प्रथम पक्षलाई विवरण उपलब्ध गराए पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिनुपर्ने रकम विवरण उपलब्ध गराएको भोलीपल्ट भुक्तानी गर्नेछ । यदि कुनै कारणवश प्रथम पक्षबाट दोस्रो पक्षलाई प्रदान गर्नुपर्ने पुरा वा आंशिक रकम भुक्तानी हुन नसकेको परिस्थितिमा प्राप्त हुन बाँकी रकमको **वार्षिक १५.५ प्रतिशतका** दरले हुने ब्याज सहित प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी दिनुपर्नेछ। साथै यस करारनामा हुनु भन्दा अगाडि रकम भुक्तानी हुन बाँकी भएमा सो रकममा समेत **१५.५ प्रतिशतका दरले** हुने ब्याज सहित प्रथम पक्षले भुक्तानी गर्नेछ र ब्याज दरको हकमा समयानुकुल वृद्धि हुँदै जाने कुरामा प्रथम पक्ष मञ्जुर गर्दछ। दोस्रो पक्षले कारोबारको क्रममा आवश्यक महसुस गरेमा प्रथम पक्षसँग बैंक जमानत माग गर्न सक्नेछ। सो जमानतपत्र प्रथम पक्षले दोस्रो पक्षबाट माग गरेको आवस्थामा ३ दिन भित्र उपलब्ध गराउने छ। यदि नगराएमा रेमिटान्सको भुक्तानी गर्न दोस्रो पक्ष बाध्य नहुने कुरामा प्रथम पक्ष मञ्जुर गर्दछ।"

- **माथि उल्लेखित मिति** २०६९/०१/०१(सन् २०१2 April 13) **सम्झौता {**प्रभु मनी ट्रान्सफर प्रा.लि. (प्रथम पक्ष) र प्रभु फाईनान्स कम्पनी लि (दोस्रो पक्ष)} **को बुदा नं. दफा १० मा देहाय बमोजिमको व्यवस्था रहेको देखिएको:**

CamScanner

"दोस्रो पक्षले प्रथम पक्षको Software वा Remittance Report को आधारमा सम्बन्धित व्यक्तिलाई भुक्तानी गरेको रकम दोस्रो पक्षले System report, Fax, वा Email बाट प्रथम पक्षलाई विवरण उपलब्ध गराए पश्चात प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिनुपर्ने रकम विवरण उपलब्ध गराएको भोलीपल्ट भुक्तानी गर्नेछ। यदि कुनै कारणवश प्रथम पक्षबाट दोस्रो पक्षलाई प्रदान गर्नुपर्ने पुरा वा आंशिक रकम भुक्तानी हुन नसकेको परिस्थितिमा प्राप्त हुन बाँकी रकमको **वार्षिक १४ प्रतिशतका दरले** हुने ब्याज सहित प्रथम पक्षले दोस्रो पक्षलाई रकम भुक्तानी दिनुपर्नेछ । साथै यस करारनामा हुनु भन्दा अगाडि रकम भुक्तानी हुन बाँकी भएमा सो रकममा समेत **१४ प्रतिशतका** दरले हुने ब्याज सहित प्रथम पक्षले भुक्तानी गर्नेछ र ब्याज दरको हकमा समयानुकुल वृद्धि हुँदै जाने कुरामा प्रथम पक्ष मञ्जुर गर्दछ। दोस्रो पक्षले कारोबारको क्रममा आवश्यक महसुस गरेमा प्रथम पक्षसँग बैंक जमानत माग गर्न सक्नेछ। सो जमानतपत्र प्रथम पक्षले दोस्रो पक्षबाट माग गरेको आवस्थामा ३ दिन भित्र उपलब्ध गराउने छ। यदि नगराएमा रेमिटान्सको भुक्तानी गर्न दोस्रो पक्ष बाध्य नहुने कुरामा प्रथम पक्ष मञ्जुर गर्दछ।"

- **माथि उल्लेखित मिति २०७२/०४/०१ (सन् २०१५ July 17) सम्झौता {प्रभु बैंक लि. (प्रथम पक्ष) र प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)} को बुदा नं. दफा ९ (भुक्तानी गरेको रकमको दाखिला र सोधभर्ना) मा देहाय बमोजिमको व्यवस्था रहेको देखिएको:**

क) द्वितीय पक्षले ग्राहकहरुलाई बिप्रेषण भुक्तानी गरेको रकमको शोधभर्ना गर्न र यस सम्झौता अनुसारको सेवा, शुल्क एवं कारोबार शुल्क बापत रकम प्राप्त गर्नको लागि प्रथम पक्षकोमा खोलिएको द्वितीय पक्षको खातामा शोधभर्ना गरीनेछ ।

ख) देशभर छरिएर रहेका द्वितीय पक्षका एजेन्ट, सब-एजेन्ट मार्फत् सम्बन्धित ग्राहकलाई पायक पर्ने ठाउँमा संकलित रकम पठाउने सम्बन्धमा संकलित रकम एकिन गरी द्वितीय पक्षको खातामा सोही दिन जम्मा गरी शोधभर्ना गरीनेछ ।

ग) कुनै कारोबारमा घटबढ हुने गरी शोधभर्ना भएको पाइएमा प्रथम पक्षको बैंक खाताबाट थप भुक्तानी गर्न वा फिर्ता लिन वा दिन सकिनेछ । यदि कुनै किसिमले एक अर्का बीच लिनुदिनु पर्ने रकमहरु वक्यौता रहेमा **बैंकको मासिक आधार दरको हिसाबले** भुक्तानी मिलान गरीनेछ।"

- **माथि उल्लेखित मिति** २०७४/०९/०९ (सन् २०१७ Dec 24)को **सम्झौता {प्रभु बैंक लि. (प्रथम पक्ष) र प्रभु मनी ट्रान्सफर प्रा.लि. (दोस्रो पक्ष)} को बुदा नं. दफा ९ (भुक्तानी गरेको रकमको दाखिला र सोधभर्ना) मा देहाय बमोजिमको व्यवस्था रहेको देखिएको:**

क) द्वितीय पक्षले ग्राहकहरुलाई बिप्रेषण भुक्तानी गरेको रकमको शोधभर्ना गर्न र यस सम्झौता अनुसार सेवा, शुल्क एवं कारोबार शुल्क बापत रकम प्राप्त गर्नको लागि प्रथम पक्षकोमा खोलिएको द्वितीय पक्षको खातामा शोधभर्ना गरीनेछ।

CS CamScanner

ख) देशभर छरिएर रहेका द्वितीय पक्षका एजेन्ट, सबएजेन्ट मार्फत् सम्बन्धित ग्राहकलाई पायक पर्ने ठाउँमा संकलित रकम पठाउने सम्बन्धमा संकलित रकम एकिन गरी द्वितीय पक्षको खातामा सोही दिन जम्मा गरी शोधभर्ना गरीनेछ।

ग) दैनिक कारोबारको लागि द्वितीय पक्षले प्रथम पक्षबाट **Advance** लिन सक्नेछ। उक्त **Advance** सोही दिन मिलान गर्नुपर्नेछ कुनै कारणवश सोही दिन हिसाब मिलान गर्दा मिलान नभएमा द्वितीय पक्षले प्रचलित ब्याजदर सहित प्रथम पक्षलाई दिई हिसाब मिलान गर्नुपर्नेछ।

घ) कुनै कारोबारमा घटबढ हुने गरी शोधभर्ना भएको पाइएमा प्रथम पक्षको बैंक खाताबाट थप भुक्तानी गर्न वा फिर्ता लिन वा दिन सकिनेछ। यदि कुनै किसिमले एक अर्का बीच लिनु दिनु पर्ने रकमहरु वक्यौता रहेमा ***बैंकको मासिक आधार दरको*** हिसाबले भुक्तानी मिलान गरीनेछ।"

❖ नेपाल राष्ट्र बैंकबाट खटि आउनु भएका यस ब्यूरोमा दिनुभएको प्रतिबेदनमा प्रभु बैंक लि. र प्रभु मनी ट्रान्सफर प्रा.लि. बीच लिनु-दिनु पर्ने रकम सम्बन्धी उल्लिखित विवरण तथा मिति २०६८/०६/०१, २०६९/०१/०१, २०७२/०४/०१ र २०७४/०९/०९ मा प्रभु बैंक लि. र प्रभु मनी ट्रान्सफर प्रा. लि. बीच भएका सम्झौताहरु बमोजिम बिप्रेषण कारोबारको भुक्तानीसँग सम्बन्धित प्रभु बैंक लि. ले प्रभु मनी ट्रान्सफर प्रा. लि. सँग तत्कालिन समयको वक्यौता रकममा सोही सम्झौताहरुमा उल्लेख भए बमोजिमको वार्षिक प्रतिशत ब्याजदर तथा मासिक आधार दर अनुसारको प्रभु बैंक लि ले प्रभु मनी ट्रान्सफर प्रा. लि. बाट (चक्रिय ब्याज, ब्याजको ब्याज समेत गणना नगर्दा) रु.१,१३,४९,२६,९७०।०६ (एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सत्तरी रुपैंया छ पैसा) लिनुपर्ने देखिन्छ, यसरी प्रभु बैंक लि.ले प्रभु मनीट्रान्सफर प्रा.लि. सँग यस हिसाब बमोजिम लिनुपर्ने रकम नलिँदा प्रभु बैंक लि. लाई हानी नोक्सानी पुग्न जाने देखिन्छ भन्ने समेत उल्लेख गरेको देखिन्छ।

❖ प्रभु बैंक लि.को मिति २०८२/०८/१७ गतेको पत्रसाथ प्राप्त General Job Description देहाय बमोजिम रहेको छ।

Job Description of CEO
❖ **Implement the decisions of the BOARD** and supervise and control the functions **activities and transaction of the bank** ❖ Prepare strategic plans annual budget and action plans of the bank and present them before the board for approval ❖ Manage necessary human recourses subject to prevailing Employees service regulation of the bank and BOARD decisions ❖ **Implement or make arrangement for implementing the decision of the BOARD** and annual general meeting and the D**irective of Nepal Rastra Bank** ❖ Present and make arrangement for presenting on time all such particulars documents and decisions etc as are required to be submitted by the bank to NRB or any other entity as per the prevailing laws the banks policies, memorandum and the article of ❖ Perform such other functions as are prescribed in relation to the operation in the bank
Job Description of DCEO

CamScanner

- ❖ Assisting CEO in setting the overall direction and strategy of the bank
- ❖ **Managing and observing key units or functions within the bank**
- ❖ Developing and implementing policies, procedures, and programs to ensure the bank operators' in a safe sound and complaint manner
- ❖ Collaborating with the CEO and other seniors' leaders to set goals and targets for the bank and monitoring progress towards the meeting those goals
- ❖ Assisting CEO in building and maintaining relationships with **key customers and partners**
- ❖ Mentoring and developing the leadership team and other key personnel within the bank
- ❖ Leading and participation the key projects and initiatives to improve the efficiency and effectiveness of the bank
- ❖ Ensuring bank compiles with all relevant laws, regulations and standards.
- ❖ Managing the banks reputation and public image
- ❖ Effectively handling all public communications of Bank and handling public grievances
- ❖ Assisting CEO in managing crisis situations or unexpected events that may impact the bank
- ❖ Perform any additional responsibilities assigned by the CEO from time to time

उल्लेखित तथ्यहरु विश्लेशण गर्दा प्रभु मनी ट्रान्सफर र प्रभू बैंक लिमिटेड बिच बिप्रेषण कारोबार गर्न सम्झौता भई बिप्रेषण कारोबार भएको तथ्य पुष्टी हुन आयो, सोहि कारोबार गर्ने सम्झौताको क्रममा "यदि कुनै किसिमले एक अर्का बीच लिनु दिनु पर्ने रकमहरु वक्यौता रहेमा बैंकको मासिक आधार दरको हिसाबले भुक्तानी मिलान गरीनेछ ।" भनि उल्लेख गरेको हालसम्म प्राप्त तथ्य प्रमाणहरु तथा विज्ञको प्रतिवेदन समेतबाट रु१,१३,३९,२६,९७०।०६ (एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सत्तरी रुपैंया छ पैसा मात्र) हिसाब मिलान गरे गराएको भन्ने नदेखिन आएबाट प्रभु बैंक लिमिटेडका उच्च तहका कर्मचारीहरु प्रमुख कार्यकारी अधिकृत (CEO) अशोक शेरचन, नायब प्रमुख कार्यकारी अधिकृत (DCEO) मनिराम पोखरेल, सोही बैंकका रेमिट्यान्स डिपार्टमेन्टका प्रमुख सुगेन शाक्य समेतले प्रभु मनी ट्रान्सफर प्रा.लि. का संचालक तथा तत्कालिन प्रभु बैंक लि.का संचालक देवी प्रकाश भट्टचनसँग मिलेमतो गरी प्रभु बैंक लि. लाई हानी-नोक्सानी पुऱ्याउने र प्रभु मनी ट्रान्सफर प्रा.लि. समेतलाई लाभ पुऱ्याउने बदनियतका गैर कानूनी कार्य गरेको विज्ञको प्रतिवेदन तथा अनुसन्धानको क्रममा प्राप्त तथ्य प्रमाणहरु समेतबाट देखिएको देखिन आएबाट निम्न प्रतिवादीहरुलाई बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम थप अनुसन्धान हुन अनुसन्धानको क्रममा संकलन भएको मिसिल कागजातहरु समेत यसै साथ राखी कानून बमोजिम कारबाहीको लागि यो प्रतिवेदन लेखी पेश गरेका छौं भन्ने व्यहोराको प्र.नि.देवराज काफ्ले समेतको मिति २०८२/०८/२२ गतेको प्रहरी प्रतिवेदन।

२. प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः

क) प्रभु बैंक लि.मा Chief Global market Officer प्रमुखको हैसियतमा कार्यरत प्रतिवादी Sugen भन्ने सुजिन शाक्यको बयानः-

म २०१९ मा Deputy Manager, २०२२ मा Manager र २०२४ मा Chief Manager भएको हो । म जुलाई २०१३ प्रभु विकास बैंकमा Assistant Manager को हैसियतमा काम गरे देखि हाल सम्म प्रभु

बैंककोविप्रषण (Remittance) बिभागमा काम गरी आएको छु। हाल मैले Treasury Department, बिप्रेषण (Remittance) Department, Oversase Department, Correspondent Banking Department र Global markets Department समेत ५ वटा बिभागको Chief Global market Officer प्रमुखको हैसियतमा काम गरी आएको छु । मेरो हाल मासिक तलब, भत्ता करिब रु. १,५०,०००।—को दरले वार्षिक करिव रु.१८,००,०००।— जति आम्दानी हुन्छ । मैले प्रभु बैंक लि.को Remittance Department को प्रमुखको हैसियतमा काम गर्दा बैंकले बिप्रेषण रकम के कति पेमेण्ट गऱ्यो, बैंकको बिप्रेषण एजेण्टले के कति पेमेण्ट गऱ्यो भनि प्रतिवेदन हेर्ने र सो को जानकारी तत्कालित CEO अशोक शेरचनलाई दिने गरेको थिए । हाल मैले प्रभु बैंक लि.मा Treasury Department, बिप्रेषण (Remittance) Department, Oversase Department, Correspondent Banking Department र Global markets Department समेत ५ वटा विभागको प्रमुखको हैसियतमा प्रत्येक बिभागको काम कारबाही संचालन सुचारु राखे, बिभाग प्रमुखले पेश गरेको प्रतिवेदन अध्ययन गरी आवश्यक राय सुझाव दिने, Business Relationship बृद्धि गर्ने लगायत बैंकले बिप्रेषण रकम के कति पेमेण्ट गऱ्यो, बैंकको बिप्रेषण एजेण्टले के कति पेमेण्ट गऱ्यो, Nepal clearing house Limited (NCHL) बाट के कति पेमेण्ट भयो सो समेतको पेश भएको प्रतिवेदन हेरी आवश्यकता अनुसार सरसल्लाह सुझाव दिने र मलाई प्राप्त हुन आएको ५ वटै बिभागको जानकारी CEO अशोक शेरचनलाई दिने गरेको छु । मैले २०१३ देखि २०१७ सम्म प्रभु बैंक लि.मा बिप्रेषण (Remittance) Department प्रमुख र २०१९ देखि हाल सम्म बिप्रेषण (Remittance) Department समेत ५ वटा बिभागको Chief Global market Officer को हैसियतमा रहेको छु । त्यस पछि विदेशबाट पठाएको रकम नेपालमा बैंक आफै आफ्नो शाखाबाट वा Paying Agent वा मनि ट्रान्सफर कम्पनि (Super Agent) बनाई सम्बन्धित ब्यक्तीलाई Remittance भुक्तानी गरीन्छ । Sender ले बिदेश स्थितमा भएको Agent, Sub Agent मा गई नेपालमा भएको कुनै पनि बैक तथा Remittance कम्पनि मार्फत् प्राप्त गर्ने गरी कुनै व्यक्ती संस्था लगायतको नाममा Remittance पठाउछ, त्यस पछि विदेश स्थित भएको Remittance कम्पनिले Sender लाई उपलब्ध गराएको Unique Code लाई नेपालमा सम्बन्धित बैक तथा Remittance कम्पनि वा त्यसको एजेण्टमा गई Remittance प्राप्त गर्ने ब्यक्तीले भुक्तानी फाराममा Unique Code उल्लेख गरी पेश गरे पछि सम्बन्धित ब्यक्तीको नाममा Remittance भुक्तानी हुने गरेको छ । Paying Agent आफैले भुक्तानी गरेको भए उक्त रकम बिदेश स्थित एजेण्टको सेटलमेण्ट एकाउण्टबाट सोधभर्ना गरीन्छ । Super Agent/Sub Agent ले भुक्तानी गरेको रकमको सोधभर्ना उसको नेपाल स्थितमा भएको कुनै बैंक खातामा गरीन्छ, उक्त सोधभर्ना Paying Agent ले उसको Super Agent/Sub Agent लाई दिईन्छ ।

बिप्रेषण कारोबार गर्ने क्रममा प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई एड्भान्स रकम दिने गरेको र सोधभर्ना गर्ने गरीन्थ्यो तर करिव डेढ वर्ष अगाडी देखि प्रभु मनि ट्रान्सफर प्रा.लि.ले सम्बन्धित व्यक्तीलाई बिप्रेषण रकम भुक्तान गरे पछि Autometic रुपमा बैंकिङ सफ्टवेयर मार्फत् सोधभर्ना हुने कार्य भई आएको छ । प्रभू मनि ट्रान्सफर प्रा.लि.को खाताबाट प्रभु बैङ्क लि. को के कुन खातामा रकम जम्मा गरी आएको छ हाल मलाई एकिन भएन । प्रभु बैंक लि.मा Remittance कारोबारबाट प्राप्त ब्याज रकमको लागि छुट्टै Income others खाता रहेको छ, खाता नं. हाल मलाई याद छैन । सोही खातामा Real time सेटलमेण्ट नभई बिप्रेषण वापत Pre funding को रुपमा Advance दिएको रकमको हिसाब मिलान नभएको अवस्थामा ब्याज गणना गरी सो को ब्याज असुल गरी सोही खातामा जम्मा गरीने गरेको हो

CamScanner

। कारोबार शुरु भए देखी करिव २०२० सम्म प्रभु बैंक लिमिटेडले प्रभु मनि ट्रान्सफर लि.लाई Pre – funding (एडभान्स) भुक्तानी दिने गरेको थियो, करिव २०२० देखी करिव २०२४ सम्म बिप्रेषण रकम भुक्तान भई सके पछि मात्र प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई भुक्तान दिने गरेको थियो त्यस पछि कारोबार गर्न सहजिकरणको लागि २०२४ देखि हाल सम्म बिप्रेषण रकम भुक्तान हुने वितिकै System बाट Autometically प्रभु मनि ट्रान्सफर प्रा.लि.को खातामा जम्मा हुने व्यबस्था भई आएको छ । प्रभु बैंक लिमिटेडले प्रभु मनि ट्रान्सफर लि.लाई कारोबारको आवश्यकता अनुसार Pre–funding (एडभान्स) भुक्तानी दिने गरेको थियो । कहिले धेरै कहिले थोरै Pre –funding (एडभान्स) भुक्तानी हुने गरेको थियो । नेपाल राष्ट्र बैंकको नियम अनुसार विदेशी Agent सँग सम्झौता गर्दा त्यस्तो Agent को नेपालमा Advance Funding वा बैंक ग्यारेण्टी मार्फत् हुनु पर्ने व्यवस्था उल्लेख भए बमोजिम नेपालको जुन बैंकसँग सम्झौता भएको छ त्यही बैंकमा Advance Funding वा बैंक ग्यारेण्टी प्रदान गरी कारोबार भई आएको छ । बैंक ग्यारेन्टी राख्दा विदेश स्थितमा भएको कुनै पनि बैंकले ग्यारेण्टी प्रदान गर्न सक्छ । प्रभु बैंक लि.को संचालक देवी प्रकाश भट्टचनको लगानी रहेको एजेण्ट Prabhu group incUSA सँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी हुने गरी कारोबार गरेको होइन । प्रभु बैंक लि.को Remit को सिस्टममा रेमिटेन्स डिपार्टमेण्टमा कार्यरत कर्मचारीहरुलाई पहुँच हुन्छ । प्रभु बैंकमा कार्यरत भएदेखि नै हालसम्म पनि म Admin, Super admin छैन/होइन । Admin, Super admin को वारेमा रेमिटेन्स सिस्टम म्यानुअल बैंकबाट माग गर्दा थाहा हुन्छ, पहिले रेमिट पेमेण्ट भई सके पछि Mannually डेविट गर्ने गरेको र पछिल्लो समयमा payment भए पछि Autometic डेविट हुने गरेको छ ।

प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बीच भएको रेमिट कारोबारको सम्बन्धमा नेपाल राष्ट्र बैंकले आन्तरिक निरिक्षणको क्रममा कैफियतमा देखिएको भनिएको विषय म रेमिटेन्स विभागमा कार्यरत भएको हिसाबले मलाई थाहा हुनु पर्ने थियो तर प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बीच भएको कारोबारको सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट भएको विशेष निरीक्षण प्रतिवेदन २०७७ श्रावण (२०७७/०४/२६) मा निरीक्षणको क्रममा देखिएका कैफियतहरु सम्बन्ध मलाई कुनै जानकारी छैन, नेपाल राष्ट्र बैंकको आन्तरिक निरिक्षण भएको हुँदा र हामीलाई औपचारिक जानकारी नगराएको हुँदा थाहा नभएको हुन सक्छ, बैंकका अन्य पदाधिकारीलाई जानकारी भएको भए निजहरुलाई नै थाहा होला। म Remittance Department प्रमुख भएको कारण बिप्रेषण (Remittance) कारोबार गर्ने क्रममा प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई भुक्तानी दिएको रकम र सो रकमको ब्याज तथा मासिक आधार दर बमोजिम हुन आउने रकमहरु लिने गरेको छ । मेरो अनुमानमा प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्फर प्रा.लि. बाट हालसम्म १ अर्ब माथि नै ब्याज रकम लिएको हुनुपर्छ । त्यस्तो रकम Interest income others भन्ने खातामा जम्मा गर्ने गरेको छ । उक्त रकम समयमा नै भुक्तानी गरेको छ, छैन भनि हेर्ने जिम्मेवारी मेरो पनि हो र प्रभु मनि ट्रान्सफर प्रा.लि. ले प्रभु बैंकलाई समय समयमा उक्त रकम भुक्तानी दिँदै आएको थियो । बिप्रेषण (Remittance) कारोबारको सम्बन्धमा प्रत्येक दिनको कारोबारको प्रतिवेदन CEO लाई पेश गर्ने भएकोले बिप्रेषण सम्बन्धमा निरीक्षण अनुगमन गर्ने र निर्देशन दिने जिम्मेवारी CEO समेतको हो तर प्रभु बैंक लि.मा म बिप्रेषण (Remittance) विभागमा कार्यरत भए देखि हाल सम्म DCEO लाई जानकारी दिनु पर्ने व्यबस्था नभएकोले जानकारी गराउनु पर्दैन । प्रभु बैंक

CamScanner

लि.को CEO को हैसियतयमा शुरु देखिनै अशोक शेरचन भएको हुनाले बिप्रेषण (Remittance) कारोबारको सम्बन्धमा जिम्मेवारी पाएको CEO अशोक शेरचन नै हुनुहुन्छ तर DCEO लाई जानकारी दिनुपर्ने व्यवस्था थिएन र छैन । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफरसँग लिनु पर्ने ब्याज रकमको हिसाब किताव प्रभु बैंक लि.को हेड अफिसमा रहेको Finance Department बाट हिसाब किताब भए पछि मात्र Reminttance Department मा सिस्टममा रेकर्ड रहन्छ। मलाई थाहा भएसम्म प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई बिप्रेषण वापतको रुपमा भुक्तानी गरेको रकमको ब्याज भुक्तानि लिई सकेको छ, प्रभु मनि ट्रान्सफर प्रा.लि.ले महिना महिनामा एकमुष्ट ब्याज रकम भुक्तानी दिई आएको जानकारी छ, प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. बाट लिनु पर्ने ब्याज रकम Calculation sheet अध्ययन गरे पछि मात्र ब्याज रकम दिनु पर्ने छ छैन भनि मलाई एकिन हुन्छ । यसमा प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर लि.बाट रु.!,!#,$(,@^,(&)।^१ (अक्षेरेपि रु एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सतरी रुपौया एकसट्ठी पैसा) लिनु पर्ने छ भने मलाई एकिन छैन । प्रभु मनी ट्रान्सफर प्रा.लि.ले बिप्रेषण बाहेकको अन्य बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति समेत नलिई प्रभु मनी ट्रान्सफर प्रा.लि. र सो प्रा. लि. का संचालक देवी प्रकाश भट्टचनले आ.व. २०७८/७९ मा Indrawati Handikhola Crusher Udhyog P. Ltd. समेत विभिन्न ८ वटा कम्पनीहरुमा रू. १,२४,००,००,०००/- (एक अर्ब चौबीस करोड रुपैंया) ब्याजमा कर्जा प्रवाह गरी सो कर्जा बापत ब्याज समेत लिएको सम्बन्धमा मलाई थाहा छैन, सो सम्बन्धमा सम्बन्धित व्यक्तिलाई जानकारी हुनुपर्छ । बिप्रेषण Remittance कारोबारको लागि प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई भुक्तानी दिएको रकमको ब्याज रकम भुक्तानी लिई सकेको छ, मैले Job Description मा उल्लेख भए अनुसार काम गरेको छु । हालसम्म पनि नेपाल राष्ट्र बैंकले जारी गरेको नीति निर्देशन बमोजिम नै काम गरी आएको छु, प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट लिनु पर्ने भनि उल्लेखित रकम प्रभु बैंक लि. ले लिई सकेको हुँदा कानून बमोजिम नै Remittance कारोबार भएको हुनाले मलाई प्रस्तुत बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर मुद्दामा कारबाही हुनु हुदैन भन्ने व्यहोराको प्रतिवादी Sugen भन्ने सुजिन शाक्यको बयान।

ख) <u>प्रभु बैंक लि.मा प्रमुख कार्यकारी अधिकृत (Chief Eceuctive Officer) को हैसियतमा कार्यरत प्रतिवादी अशोक शेरचनको बयानः</u>

म सन् १९९५ मा नेपाल बङलादेश बैंकमा जुनियर एसिटेन्स पदमा ५ वर्ष काम गरी सन् २००० मा नेपाल बैंक अफ सिलोनमा अफिसर पदमा ५ वर्ष काम गरेको थिए । सन् २००७ बाट मैले प्रभु फाईनान्स लि.मा महाप्रबन्धकको रुपमा काम गर्न सुरु गरेको थिए । सन् २०११ मा प्रभु फाइनान्स लि., समृद्दी बिकास बैंक लि. र वैभव फाईनान्स लि. मर्ज भई प्रभु बिकास बैंक लि.बने पश्चात म प्रभु बिकास बैंक लि.को प्रमुख कार्यकारी अधिकृत भई काम गर्न थालेको हुँ । २०७१ सालमा प्रभु बिकास बैंक, गौरीशंकर बिकास बैंक, जेनिथ फाईनान्स र किष्ट बैंक लि. मर्ज भई प्रभु बैंक लि.बने पश्चात म प्रभु बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्न थालेको हुँ । सो

CS CamScanner

पश्चात ग्राण्ड बैंक लि.र सेन्चुरी कमर्शियल बैंक लि.प्रभु बैंक लि.मा मर्ज भएको हो । म हाल सम्म पनि प्रभु बैंक लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहेको छु । मेरो हाल मासिक तलब,भत्ता करिब रु.२१,००,०००।— रहेको छ । उक्त तलब भत्ता मेरो कर कट्टी गर्नु अगाडीको रकम हो । सो बाहेक १ महिनाको चाडबाड खर्च, १ महिनाको तलब बराबरको मेडिकल खर्च, बार्षिक रुपमा बैंकले दिने बोनस, १ महिनाको आधारभुत तलब बराबरको बिदाको रकम (Force Leave allowance), सवारी चालक १ जना बैंकले उपलब्ध गराएको छ । वार्षिक आम्दानीको कानून बमोजिम लाग्ने कर बैंकले कटाएर मात्र मलाई पारिश्रमिक दिने गर्दछ । म प्रभु बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा मेरो जिम्मेवारी तथा काम कर्तब्य अन्तर्गत बैंकको दैनिक कार्य संचालन सुचारु रुपमा गर्नको लागि व्यवस्थापकिय भूमिका निर्वाह गर्ने, नेपाल सरकारका विभिन्न निकाय तथा नेपाल राष्ट्र बैंकसँग आवश्यकता अनुसार समन्वय गर्ने, संचालक समिति समक्ष बैंकको सम्बन्धमा छलफल गर्ने, शेयर होल्डरहरुलाई वार्षिक प्रतिवेदनद्धारा बैंकको बारेमा सुसुचित गर्ने समेतका जिम्मेवारी रहेका छन् । प्रभु बैंक लि.ले बिप्रेषण कारोबार गर्नको लागि धेरै एजेन्टहरुसँग सम्झौता गरी बिप्रेषण कारोबार गरी आएको छ । बिप्रेषण कारोबार गर्ने एजेण्टहरु धेरै भएको कारण मलाई संख्या र एजेण्टहरुको नामको बारेमा एकिन छैन । बिप्रेषण भन्नाले विदेशमा रहेका नेपालीहरुले स्वदेशमा रहेका आफ्ना आफन्तहरुलाई कमाएको रकम सम्बन्धित देशको बैकिङ च्यानल तथा रेमिट्यान्स कम्पनीहरुबाट पठाउने प्रकृया भन्ने बुझिन्छ । बैंकसँग बिप्रेषण कारोबारको लागि सम्झौता गरेका स्वेदेशी वा विदेशी संस्थाको Software प्रयोग गरीन्छ । बिप्रेषण कारोबारको क्रममा बिप्रेषण कारोबार गर्न विभिन्न कम्पनी/संस्थासँग गरीएको सम्झौताको आधारमा Information Flow र Cash flow युनिफाईड सिस्टम र छुट्टा छुट्टै सिस्टमबाट समेत आदान प्रदान भई कारोबार हुने गर्दछ । प्रभु बैंक लि.हुनु भन्दा अगाडी प्रभु फाईनान्स लि. हुँदाको समय २०६८ साल देखि नै प्रभु मनि ट्रान्सफर प्रा.लि.सँग बिप्रेषण (Remittance) सम्बन्धी पटक पटक सम्झौता गरी कारोबार गरी आएको छ । कारोबार गर्ने क्रममा उक्त सम्झौतामा उल्लेख भए अनुसार प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफरसँग लिनु पर्ने सम्पूर्ण ब्याज लिई सकेको छ । हाल कुनै पनि रकम प्रभु मनि ट्रान्सफरसँग प्रभु बैंक लि.ले लिनु पर्ने छैन । सो कुरा प्रभु बैंक लि.लाई पत्राचार गरी सोधेमा प्रष्ट हुन्छ । प्रभू मनि ट्रान्सफर प्रा.लि.को खाताबाट प्रभु बैंक लि. को के कुन खातामा रकम जम्मा गरी आएको छ हाल मलाई एकिन भएन । प्रभु बैंक लि.मा Remittance कारोबारबाट प्राप्त ब्याज रकमको लागि छुट्टै Income others खाता रहेको छ, खाता नं. हाल मलाई याद छैन । सोही खातामा Real time सेटलमेण्ट नभई बिप्रेषण वापत Pre funding को रुपमा Advance दिएको रकमको हिसाव मिलान नभएको अवस्थामा ब्याज गणना गरी सो को ब्याज असुल गरी सोही खातामा जम्मा गरीने गरेको हो । सम्झौता बमोजिम **वार्षिक प्रतिशत ब्याजदर तथा मासिक आधार दर अनुसारको** Manually एक्सेल सिटमा राखेर Remittance कारोबारको लागि दिएको

CamScanner

रकमको ब्याज Calculation गर्ने गरीएको थियो । प्रभु बैंक लिमिटेड र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच बिप्रेषण रकम भुक्तानीको लागि औसत दैनिक तथा मासिकरुपमा के-कति रकमको कारोबार हुने गर्दछ सो सम्बन्धमा मलाई एकिन थाहा हुदैन । सो कुरा सम्बन्धित रेमिट्यान्स विभागले हेर्ने भएको हुँदा मलाई एकिन थाहा हुदैन । कारोबार शुरु भए देखी करिव २०२० सम्म प्रभु बैंक लिमिटेडले प्रभु मनि ट्रान्सफर प्रा. लि.लाई Pre –funding (एडभान्स) भुक्तानी दिने गरेको थियो, करिव २०२० देखी करिव २०२४ सम्म बिप्रेषण रकम भुक्तान भई सके पछि मात्र प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई बिप्रेषण बापतको रकम भुक्तान दिने गरेको थियो। सन् २०२४ देखि हाल सम्म प्रभु मनि ट्रान्सफर प्रा.लि.ले बिप्रेषण रकम भुक्तानी दिए पश्चात बैंकको System बाट Autometicallyप्रभु मनि ट्रान्सफर प्रा.लि.को खातामा उक्त रकम जम्मा हुने व्यबस्था हुँदै आएको छ । तत्कालिन समयमा प्रभु बैंक लिमिटेडले प्रभु मनि ट्रान्सफर प्रा. लि.लाई कारोबारको आवश्यकता अनुसार Pre –funding (एडभान्स) भुक्तानी दिने गरेको थियो । नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएको निर्देशन अनुसार बिप्रेषण कारोबारको लागि विदेशी Agent सँग सम्झौता गर्दा ति Agent हरुले Advance Funding वा बैंक ग्यारेण्टी मार्फत् कारोबार गर्न सक्ने ब्यवस्था भए बमोजिम नेपालका जुनसुकै बैंकहरुसँग सम्झौता गर्दा उक्त प्रकृया पुरा गरी कारोबार गर्न सक्दछन् । उक्त बैंक ग्यारेण्टी बिदेश स्थित कुनै पनि बैंकले जारी गरेको हुन सक्दछ । प्रभु बैंक लि.ले बिदेश स्थित विभिन्न बैंक तथा रेमिट्यान्स कम्पनीहरुसँग Advance Funding र बैंक ग्यारेण्टीको आधारमा बिप्रेषणको कारोबार गर्ने गरेको छ । उक्त कम्पनिहरुको नाम हाल मलाई एकिन भएन । बैंक ग्यारेण्टी राखेको थाहा छ तर के कति रकम राखि आएको छ मलाई एकिन भएन सो सम्बन्धमा मातहतको सम्बन्धित विभागका कर्मचारीहरुलाई थाहा हुन्छ । Prabhu group inc USA र प्रभु बैंक लि. बिच बिप्रेषण कारोबार गर्नको लागि Prabhu group inc USAले Soliel Chartered Bank USA को बैंक ग्यारेन्टी लिएको छ । Soliel Chartered Bank USA को बैंक ग्यारेण्टीको आधारमा बिगत केहि बर्ष देखी कारोबार हुँदै आईरहेको छ । आज सम्म कारोबारको क्रममा केही कुनै किसिमको समस्या सिर्जना भएको छैन । नेपाल राष्ट्र बैंकबाट हरेक पटक सम्झौता नविकरण गर्ने क्रममा अनुमती लिएर मात्र गर्ने गरीन्छ । त्यस कारणले बैंकबाट जारी भएको बैंक ग्यारेण्टी नक्कली हुने भन्ने सम्भाबना रहदैन । शुरुमा Prabhu group incUSA सँग सम्झौता गर्दा प्रभु बैंक लि.मा Relationship management authentication (RMA) नभएकोले Prabhu group incUSA ले तत्काल बैंक जमानत एन एम बि बैंक लि. मार्फत् प्राप्त भएको हो । उक्त बैंक जमानत एन एम बि बैंकले एकिन गरेको होईन उक्त बैंक जमानत एन एम बि बैंकमा प्राप्त भए पछि प्रभु बैंक लि.लाई Advise मात्र गरेको हो । पछि प्रभु बैंक लि.मा Relationship management authentication (RMA) व्यवस्था भए पछि Prabhu group incUSA ले Direct प्रभु बैंक लि.मा बैंक जमानत पठाएको हो । स्विफ्टमा Authentication massage आदान प्रदान गर्नको लागि बैक तथा

CamScanner

बित्तिय संस्थाहरुमा प्रयोग गरीएको सिस्टम हो । स्विफ्ट सूचना आदान प्रदान गर्ने माध्यम मात्र हो अनिवार्यरुपमा यसबाट नै हुनु पर्छ भन्ने छैन । Soliel Chartered Bank USA स्विफ्टको सदस्य रहदा सम्म स्विफ्ट मार्फत् पठाएको थियो, त्यस पछि अन्य माध्यम मार्फत् पठाएको हो ।

14 september 2014 मा प्रभु विकास बैंक, जेनिथ फाईनान्स लि., किष्ट बैंक र गौरीशंकर विकास बैंक एक-आपसमा मर्ज भई प्रभु बैंक लि. को एकिकृत कारोबार शुरु भएको थियो त्यसैले सिष्टम परिवर्तन भएको हुनाले अर्को सिष्टमको लेजरमा ट्रान्सफर गर्दा फरक भएको हुनुपर्छ, उल्लेखित विवरणहरु बैंकबाट माग गरी हेर्दा थाहा हुन्छ । प्रभु बैंक लि.बाट विवरण माग गरी अध्ययन गर्दा जानकारी हुन्छ । कारोबार गर्ने क्रममा बिप्रेषणको रकम चाडपर्वको बेलामा एकै चोटी धेरै प्राप्त हुने गर्दछ, त्यसो भएर एकै दिनको लागि बैंक ग्यारेण्टी खाम्ने भन्दा बढि देखिएको हुन सक्छ त्यसैले प्रभु बैंक लि.को संचालक देवी प्रकाश भट्टचनको लगानी रहेको एजेण्ट Prabhu group incUSA सँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी हुने गरी कारोबार गरेको होइन । Remit को सिस्टममा को कसको पहुँच म मातहतका सम्बन्धित रेमिटेन्स विभागमा कार्यरत कर्मचारीहरुको हुने गर्छ, Admin, Super admin को को छ त्यसको विवरण बैंकबाट माग गर्दा थाहा हुन्छ । Remit को सिस्टमको वारेमा सम्पुर्ण जानकारी सम्बन्धित बिभागसँग हुने भएको हुनाले प्रकृयाका सम्बन्धमा सवै कुराको मलाई जानकारी हुदैन । प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बीच २०६४ मा भएको सम्झौताको आधारमा बिप्रेषणको कारोबार भई आएको हो । उक्त सम्झौताको परिधि भित्र वसेर बिप्रेषण सम्बन्धी कारोबारलाई निरन्तरता दिईएको र सम्झौतामा उल्लेख भए बमोजिमको मिति देखिनै उक्त कम्पनिसँग बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण ब्याज रकम असुली गरेको छ । माथि उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंकको निरीक्षण पश्चात उक्त कम्पनिसँग Pre-funding एडभान्स कार्य पुर्णरुपमा बन्द गरीएको छ, नेपाल राष्ट्र बैंकमा पेश गरीएको उक्त प्रतिवेदन सम्बन्धमा हाल मलाई एकिन भएन । मलाई थाहा भए सम्म मैले मेरो जिम्मेवारी अनुसारको काम गरी आएको छु । बिप्रेषण (Remittance) कारोबार सम्बन्धमा प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई भुक्तानी दिएको रकम र सो रकमको ब्याज तथा मासिक आधार दर बमोजिम हुन आउने रकमहरु लिएको छ । त्यस्तो रकम Interest income others भन्ने खातामा जम्मा गर्ने गरेको छ । उक्त रकम सम्झौता अनुरुपनै समयमा नै प्राप्त हुने गरेको छ । बिप्रेषण कारोबारको सम्बन्धी सम्पुर्ण जिम्मेवारी सम्बन्धित बिभागलाई हुने गरेको छ । बिप्रेषण (Remittance) कारोबारको सम्बन्धमा सम्बन्धित विभागले समय समयमा जानकारी गराउने गर्दछ र म प्रमुख कार्यकारी अधिकृतको हैसियतले आवश्यकता बमोजिम निर्देशन दिने कार्य गर्ने गरेको छु । उक्त प्रा.लि.सँग लिनु पर्ने सम्पुर्ण ब्याज र एडभान्स रकम हाल वांकी नरहेको जानकारी मलाई गराईएको हो। DCEO लाई जानकारी दिनु पर्ने व्यबस्था Organogram मा नभएकोले जानकारी गराउनु परेन । प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बिच हाल सम्म पनि बिप्रेषण (Remittance)को कारोबार भइरहेको छ । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर बीच भएको सम्झौता अनुरुप लिनु पर्ने ब्याज रकमको हिसाब किताव मासिकरुपमा एकिन गरी भुक्तानी लिने व्यबस्था रहेको थियो । उल्लेखित कार्य प्रभु बैंक लि.को Finance Department बाट हिसाब किताब हुने गरेको हो । प्रभु बैंक लि. ले प्रभु

CamScanner

मनि ट्रान्सफर प्रा.लि.लाई बिप्रेषण वापतको रुपमा भुक्तानी गरेको रकमको ब्याज भुक्तानि लिई सकेको छ, प्रभु मनि ट्रान्सफर प्रा.लि.ले महिना महिनामा एकमुष्ट ब्याज रकम भुक्तानी दिई आएको छ । हाल उक्त कम्पनिसँग सम्झौता अनुरुप लिनु पर्ने ब्याज वांकी नरहेको व्यहोरा जानकारी गराउछु । प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर लि.बाट **रु.१,१३,४९,२६,९७०।६१ (अक्षरेपि एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सतरी रुपौया एकसठ्ठी पैसा)** लिनु पर्ने छ भन्ने सम्बन्धमा सम्झौता अनुसार सम्पुर्ण रकम लिई सकेकोले बाँकी छ जस्तो मलाई लाग्दैन । प्रभु मनी ट्रान्सफर प्रा.लि.ले बिप्रेषण बाहेकको अन्य बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति समेत नलिई प्रभु मनी ट्रान्सफर प्रा.लि. र सो प्रा. लि. का संचालक देवी प्रकाश भट्टचनले आ.व. २०७८/७९ मा Indrawati Handikhola Crusher Udhyog P. Ltd. समेत विभिन्न ८ वटा कम्पनीहरुमा रू.१,२४,००,००,०००/- (एक अर्ब चौबीस करोड रुपैंया) ब्याजमा कर्जा प्रवाह गरी सो कर्जा बापत ब्याज समेत लिएको सम्बन्धमा मलाई थाहा छैन, सो सम्बन्धमा सम्बन्धित व्यक्तिलाई जानकारी हुनुपर्छ । मैले प्रभु बैंक लि.मा रही प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएका निर्देशनहरुको पूर्ण पालना गरी आफ्नो पदिय दायित्व अनुसार आफ्नो जिम्मेवारी निर्वाह गरेको छु । मैले कुनै पनि व्यक्तिगत फाईदा तथा प्रलोभनमा परी बैंकलाई नोक्सान हुने काम गरेको छैन । माथि उल्लेख भए बमोजिमका मेरो जिम्मेवारी अन्तर्गत पर्ने कार्यहरु अनुरुप तयार पार्नु पर्ने सम्पूर्ण नीतिहरु, बार्षिक बजेट, कार्ययोजनाहरु बनाई संचालक समितिबाट हरेक वर्ष पारित गरी लागु गरीएको छ । बैंकको कर्मचारी विनियमवाली भित्र रही हाल करिब ३२०० जना कर्मचारीहरु कार्यरत रहेका छन् । संचालक समितिका निर्णयहरु, वार्षिक साधारण सभाहरु र नेपाल राष्ट्र बैंकका निर्देशनहरुको पूर्ण पालना गरीएकै कारण आज सम्म कुनै किसिमको कारबाही बैंकले ब्यहोरेको छैन । बैंकका सम्पूर्ण सुचकहरु नेपाल राष्ट्र बैंकद्वारा निर्देशित सिमा भित्रै रहेका छन् । यसर्थ मैले मेरो जिम्मेवारी पूर्ण रुपमा पालना गरेको पुष्टी हुन्छ । मैले प्रभु बैंक लि.मा रही प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएका निर्देशनहरुको पूर्ण पालना गरी आफ्नो पदिय दायित्व अनुसार आफ्नो जिम्मेवारी निर्बाह गरी प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट रेमिटेन्स कारोबार मार्फत् प्राप्त ब्याज समेतको रकम बैंकले प्राप्त गरी सकेको हुनाले यसमा मलाई कारबाही हुनु हुदैन भन्ने व्यहोरा प्रतिवादी **अशोक शेरचनको** बयान।

ग) प्रभु बैंक लि.मा नायव प्रमुख कार्यकारी अधिकृत (Deputy Chief Eceuctive Officer) को हैसियतमा कार्यरत प्रतिवादी मनिराम पोखरेलको बयानः

म सन् २०२० जुलाई (२०७७ श्रावण १) देखि प्रभु बैंक लिमिटेडमा नायब प्रमुख कार्यकारी अधिकृत (DCEO) को कार्यरत छु । म सन् १९९० मा तत्कालिन नेपाल अरब बैंक लि. मा सहायक पदबाट काम गर्न सुरु गरेको हुँ। सोही बैंकमा सन् १९९५ मा जुनियर अफिसरमा पदोन्नती भई सोही वर्ष नेपाल एस बि आई बैंक लि.मा अफिसर पदमा नियुक्ती भई काम गर्न थालेको हुँ । सन् १९९८ मा नेपाल बैंक अफ सिलोनमा सहायक प्रबन्धक तथा विभागिय प्रमुख सहितको जिम्मेवारीमा करिब ५ वर्ष कार्यरत रहेको थिएँ । सो पश्चात सन् २००६ मा हिमचुली विकास बैंक लि., पोखरामा प्रमुख

CamScanner

कार्यकारी अधिकृतको भुमिकामा करिब ८ वर्ष कार्यरत भएँ । त्यसपछि वि.सं. २०६९ साल असोज देखि समृद्धी विकास बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गरें । उक्त विकास बैंक प्रभु फाईनान्ससँग मर्ज भई प्रभु विकास बैंक लि. भएपछि सो बैंकमा सहायक महाप्रबन्धकको रुपमा जिम्मेवारी लिई काम गर्न थालेको हुँ । २०७१ सालमा प्रभु विकास बैंक, गौरीशंकर विकास बैंक, जेनिथ फाईनान्स र किष्ट बैंक लि. मर्ज भई प्रभु बैंक लि. बने पश्चात म प्रभु बैंक लि. को सहायक महाप्रबन्धकको रुपमा काम गर्न थालेको हुँ । त्यसपछि नायव महाप्रबन्धक हुँदै हाल म नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा प्रभु बैंक लि., बबरमहल काठमाडौंमा कार्यरत छु । मेरो बैंकिङ क्षेत्रमा करिव ३५ वर्षको अनुभव छ । मेरो हाल मासिक तलब, भत्ता करिब रु. ३,४०,०००।— रहेको छ। उक्त तलब भत्ता मेरो कर कट्टी गर्नु अगाडीको रकम हो । सो बाहेक १ महिनाको चाडबाड खर्च, १ महिनाको तलब बराबरको मेडिकल खर्च, बार्षिक रुपमा बैंकले दिने बोनस, १ महिनाको आधारभुत तलब बराबरको बिदाको रकम (Force Leave allowance), मासिक १५० लिटर सम्मको पेट्रोल उपलब्ध गराएको छ । वार्षिक आम्दानीको कानून बमोजिम लाग्ने कर बैंकले कटाएर मात्र मलाई पारिश्रमिक दिने गर्दछ । हाल म करिब ३ वर्ष अगाडी देखि नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा प्रभु बैंकको संचालन विभाग (Operation Department) अन्तर्गतको Portfolio मात्र हेर्दै छु । यसमा General Administration Department र Marketing Department मेरो जिम्मेवारी भित्र पर्दछ, यस अन्तर्गत बैंकको दैनिक संचालन सुचारु रुपले भए नभएको र बैंकको सेवा सुविधालाई चुस्त दुरुस्त भए नभएको Review तथा Monitor गरी आवश्यक कार्य गर्ने, त्यसको अलावा बैंकको विभिन्न समितिहरु जस्तै HR Committee, Procurement Committee, Operation Risk Management Committee मा पदेन संयोजकको भूमिका रहेको छ । साथै विभिन्न नीति, Manual, Guidelines, Product Paper, Framework को निर्माण, संशोधन, पुनरावलोकन गर्ने कार्यमा एउटा Team को सदस्यको रुपमा कार्य गर्ने, CEO बिदामा हुँदा निमित्त CEO को भूमिका निर्वाह गर्ने तथा विभिन्न बाह्य कार्यक्रम, समारोहमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने समेतको जिम्मेवारी रहेको छ । ३ वर्ष देखि नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा कर्जा स्वीकृती गर्ने अख्तियारी थिएन । यस भन्दा अघि DCEO को रुपमा रहदा प्रति ग्राहक रु.पाँच करोड सम्मको कर्जा स्वीकृत गर्ने अख्तियारी रहेकोमा समय समयमा तरलताको अभावले र Recovery मा बैंकको ध्यान केन्द्रीत गर्नुपर्ने अवस्थामा मेरो अख्तियारी सिज (Hold) हुने गरेको थियो। त्यसको Time line मलाई सम्झना भएन । बैंकको बिप्रेषण कारोबार मेरो कार्य विवरण अन्तर्गत नपर्ने हुँदा बैंकको बिप्रेषण कारोबारमा मेरो संलग्नता रहेन तसर्थ यस सम्बन्धमा मलाई थाहा भएन । बिप्रेषण भन्नाले स्वेदेश विदेशमा रहेका व्यक्तिहरुले रकम बैंकिङ च्यानल तथा रेमिट्यान्स कम्पनीहरुबाट पठाउने प्रकृया भन्ने बुझिन्छ । प्रभु बैंक लि.को बिप्रेषण (Remittance) हेर्ने जिम्मेवारी म प्रभु बैंक लि.मा कार्यरत भए देखिनै नभएकोले बिप्रेषणको कारोबारको क्रममा के कस्तो सफ्टवेयर प्रयोग भएको छ ? बिप्रेषण कारोबारको क्रममा Information Flow र Cash flow युनिफाईड सिस्टमबाट आदान प्रदान हुन्छ ? सो सम्बन्धमा मलाई जानकारी हुदैन । म प्रभु बैंक लि.मा Join हुनु भन्दा अगाडी देखिनै बिप्रेषण कारोबार भइ आएको थियो । म प्रभु बैंक लि.मा २०७१ भदौबाट सहायक महाप्रबन्धकको हैसियतबाट आन्तरिक लेखा परिक्षकको प्रमुख भई काम गर्न शुरु गरेको हुँ, म बैंकमा

CamScanner

काम गर्नु भन्दा अगाडी देखि नै बिप्रेषण (Remittance) को कारोबार भई आएको थियो । म DCEO २०७७ साउनमा हुनु भन्दा अगाडी अन्य संस्थागत दर्जामा कार्यरत थिए, बिप्रेषण (Remittance) मेरो शुरु देखि हाल सम्म जिम्मेवारीमा छैन, तसर्थ प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीचको रेमिटान्स कारोबारको सम्बन्धमा प्रभु बैंक लि.ले लिनु पर्ने रकम जम्मा **रु.१,१३,४९,२६,९७०।६१ (अक्षरेपि एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सतरी रुपौया एकसठ्ठी पैसा)** भएको यसै मुद्दामा हाल आएर थाहा पाएको छु, अन्य मलाई थाहा छैन । देवी प्रकाश भट्टचन र रामेश्वर सापकोटा बैंकको संचालक समितिमा रहेका थिए । के कुन समयमा संचालक रहेका थिए मलाई एकिन भएन । निजहरु हाल संचालकमा हुनुहुन्न ।प्रभु बैङ्क लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई Remittance कारोबारको लागि भुक्तानी दिएको रकम प्रभु मनि ट्रान्सफर प्रा.लि.को कुन खाताबाट प्रभु बैङ्क लि. को के-कुन खातामा रकम जम्मा गर्छ र Remittance कारोबारको लागि भुक्तानी दिएको रकमको ब्याजको लागि छुट्टै Account खाता भए नभएको सम्बन्धमा मलाई थाहा छैन्, सम्बन्धित व्यक्तीलाई थाहा हुन्छ। प्रभु बैङ्क लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. लाई Remittance कारोबारको लागि भुक्तानी दिएको रकमको ब्याज रकम के कसरी हिसाव (Calculation) गर्ने गरेको छ मलाई थाहा छैन । सम्बन्धित विभागलाई जानकारी हुन्छ । प्रभु बैंक लिमिटेड र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच बिप्रेषण रकम भुक्तानीको लागि औसत दैनिक तथा मासिकरुपमा के-कति रकमको कारोबार भई आएको छ मलाई जानकारी हुदैन, सवै सम्बन्धित विभागलाई जानकारी हुन्छ । बिप्रेषण (Remittance) कारोबारको लागि प्रभु बैंक लिमिटेड ले प्रभु मनि ट्रान्सफरप्रा.लि.लाई Pre–funding (एडभान्स) भुक्तानी दिने गरेको छ, छैन सो सम्बन्धमा मलाई जानकारी छैन र एडभान्स दिने गरेको भए के-कति रकम भुक्तानि दिने गरेको छ सो समेत मलाई जानकारी हुदैन । बिदेशबाट नेपालमा बिप्रेषण (Remittance) ल्याउने कामको लागि विदेशी बैंक तथा Agent सँग सम्झौता गर्दा त्यस्तो Agent ले के कस्तो प्रकृया गर्नु पर्छ मलाई जानकारी छैन । सम्बन्धित विभागलाई जानकारी हुन्छ । बिप्रेषण (Remittance) कारोबारको क्रममा प्रभु बैंक लि. ले विदेश स्थितमा भएको के कुन बैंक तथा Remittance एजेण्टहरुसँग Advance Funding र बैंक ग्यारेण्टीको आधारमा कारोबार गरी आएको छ मलाई जानकारी हुदैन, सम्बन्धित विभागलाई जानकारी होला । प्रभु बैंक लि. र अमेरीकामा भएको Prabhu group inc USA सँग बिप्रेषण कारोबार गर्नको लागि Soliel Chartered Bank USA को बैंक ग्यारेण्टी लिएको नलिएको सम्बन्धमा मलाई जानकारी छैन। बैंकले विदेश तथा स्वदेशमा बिप्रेषण कारोबार गर्न को को सँग सम्झौता गरेको छ सो समेत मलाई जानकारी हुदैन । बिप्रेषण कारोबार गर्नको लागि अमेरीकामा भएको Prabhu group inc USA को Soliel Chartered Bank USA को बैंक ग्यारेण्टी दिएको भन्ने हाल आएर थाहा भएको छ । कारोबार गर्ने क्रममा Prabhu group inc USA ले पेश गरेको त्यस्तो बैंक जमानत एन एम बि बैंक लि.बाट एकिन गराईएको र पछि एकिन नगराईएको हो सो सम्बन्धमा मलाई थाहा छैन, साथै त्यस्तो बैंक जमानत अन्य बैंकबाट एकिन गराउनु पर्ने प्रावधान छ, छैन सो समेत मलाई जानकारीमा छैन । शुरुमा Soliel Chartered Bank USA ले पेश गरेको त्यस्तो बैंक जमानत स्विफ्ट मार्फत् पठाएको र पछि के कति कारणले स्विफ्ट मार्फत् नपठाएको हो मलाई जानकारी छैन । 13 September 2014 मा रु. ६१,५७,४९,७२२।९७ बैंकले

CamScanner

पाउनु पर्ने भन्ने बैंक स्टेटमेण्टमा भएको र 15 September 2014 मा रु.३७,७१,८९०।—पाउनु पर्ने भन्ने उल्लेख भएको सम्बन्धमा मलाई थाहा छैन । प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बीच भएको बिप्रेषण कारोबार हेर्ने मेरो जिम्मेवारी क्षेत्र भित्र नभएको हुँदा मलाई थाहा छैन । बिप्रेषण सम्बन्धी कारोबारको बैंक स्टेटमेण्ट Prabhu group USA को 2014/09/14 देखी 2020/05/28 सम्मको कारोबारको अध्ययन गर्दा अमेरिकी डलर 2540891.81 Receivable रहेको, यसै गरी 2020/05/28 देखि 2025/10/31 सम्मको कारोबार अमेरिकी डलर 4690336.82 Receivble भएको, सो कारोबारहरु 2014/10/14 मा अमेरिकी डलर 11709,589.46 Receivble रहेको, यसरी नै 2014/10/15 मा अमेरिकी डलर 12101801.72 Receivable रहेको सम्बन्धमा मलाई थाहा छैन । यो कुरा हाल मलाई थाहा भएको हो । यस सम्बन्धमा प्रभु बैंक लि.बाट विवरण माग गरी अध्ययन गर्दा थाहा हुन्छ । प्रभु बैंक लि. को तत्कालको संचालक देवी प्रकाश भट्टचनको लगानी रहेको एजेण्ट Prabhu group inc USA सँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी हुने गरी कारोबार गरेको भन्ने सम्बन्धमा मलाई जानकारीमा छैन। प्रभु बैंक लि. को Remit को सिस्टममा सम्बन्धित डिपार्टमेण्टमा कार्यरत कर्मचारीको पहुँच हुन्छ, Admin, Super admin पनि सम्बन्धित विभागमा कार्यरत कर्मचारी नै हुन्छ । रेमिट कारोबार गर्ने एजेण्टहरुको खातामा रहेको पैसा रेमिटको एडभान्स सेटलमेण्ट वापतको रकम एजेण्टको खातालाई डेबिट गर्ने प्रकृया के हो सो कुरा मलाई जानकारी छैन । तत्कालिन कारोबार भएको समयमा म बिप्रेषण सम्बन्धी काम कारबाहीमा कतै पनि संलग्न नभएको, प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर बीच भएको कारोबार सम्बन्धमा राष्ट्र बैंकको स्थलगत निरीक्षण भई सो को प्रतिवेदन पेश गरेको व्यहोरा हाल अनुसन्धानको क्रममा थाहा पाए, म उल्लेखित प्रतिवेदनमा उल्लेख भएको उल्लेखित मितिहरुमा बैंकको DCEO को भूमिकामा नभई बिप्रेषण वाहेकको बिभागमा काम गरेको हो । तसर्थ मैले प्रभु बैंक लि.लाई हानी नोक्सानी पुऱ्याउने कुनै काम कारबाही भएको छैन । प्रभु बैंक लि.को DCEO को रुपमा जिम्मेवारी वहन गरी सके पश्चात मेरो कार्यविवरण माथि सलाल जवाफको क्रममा खुलाई सकेको र बिप्रेषण (Remittance) कारोबारको सम्बन्धमा प्रभु बैंकले भुक्तानी दिएको रकम र सो को ब्याज समेत समयमा चुक्ता गरेको छ, छैन भनि निरीक्षण गर्ने, अनुगमन गर्ने तथा आवश्यतकता अनुसार निर्देशन दिने लगायतको जिम्मेवारी मेरो नभएको प्रष्टाउँछु। तसर्थ उल्लेखित कार्यमा कुनै संलग्नता हुँदैन । प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफरसँग ब्याज वापत लिनु पर्ने रकमको ब्याज एकिन हिसाब किताव सम्बन्धित बिप्रेषण (Remittance) विभागबाट हुनु पर्छ जस्तो लाग्छ यस वाहेक अन्य मलाई जानकारी छैन । प्रभु मनि ट्रान्सफर प्रा.लि.र प्रभु बैंक लि.को बिप्रेषण (Remittance) कारोबार भईरहदा म बैंकमा प्रवेश गरेको थिइन र २०७७ साउन अगाडी जुन प्रभु मनि ट्रान्सफर प्रा.लि. सँगको कारोबार भईरहदा म बैंकको DCEO थिइन, जुन माथि उल्लेखित सवाल जवाफको क्रममा खुलाई लेखाई दिएको छु, तत्कालिन समयमा म बैंकको विभिन्न जिम्मेवारीमा थिए तर बिप्रेषण (Remittance) सम्बन्धी कामको जिम्मेवारी मेरोमा थिएन । DCEO को काम, कर्तव्य र जिम्मेवारी माथि नै खुलाई लेखाई सकेको छु, जहाँ बिप्रेषण (Remittance) सम्बन्धी जिम्मेवारी रहदैन, त्यसकारण जिम्मेवारी अन्तर्गत नपर्ने भएको र उल्लेखित कार्यमा मेरो कुनै संलग्नता नहुने भएकोले यसमा मलाई सजाय हुनु हुदैन । प्रभु मनि ट्रान्सफर प्रा.लि.र प्रभु बैंक लि.को बिप्रेषण (Remittance) कारोबार भईरहदाको

CamScanner

समयमा नायब कार्यकारी अधिकृत (DCEO) नभई सामान्य विभागिय प्रमुखको हैसियतमा बिप्रेषण (Remittance) विभाग बाहेकका अन्य विभागमा कार्यरत थिए । प्रभु मनि ट्रान्सफरले बैंक सँगको कारोबार सम्बन्धमा मलाई जानकारी थिएन । तसर्थ म अनविज्ञ भएको कारोबार र म कहि कतै पनि संलग्न नभएको माथिका जवाफहरुबाट पनि स्पष्ट हुन्छ,मैले प्रमुख कार्यकारी अधिकृत (CEO) अशोक शेरचन, रेमिट्यान्स डिपार्टमेन्ट प्रमुख Sugen भन्ने सुगेन शाक्य र प्रभु मनि ट्रान्सफर प्रा.लि.का संचालक तथा तत्कालिन प्रभु बैंक लि.का संचालक देवी प्रकाश भट्टचनसँग एक आपसमा मिलेमतो गरी संगठित भई प्रभु बैंक लि. लाई हानी-नोक्सानी पुऱ्याउने र प्रभु मनी ट्रान्सफर प्रा.लि.समेतलाई लाभ पुऱ्याउने काम मैले कहिले पनि गरीन र म बाट भएको छैन । मैले मलाई तोकिएको जिम्मेवारी अनुसारको काम मात्र गरेको हुँ भन्ने व्यहोराको प्रतिवादी **मनिराम पोखरेल**को बयान।

३. मौकामा बुझिएका मानिसहरुले गरेको घटना विवरण कागजः

क) प्रभु मनि ट्रान्सफर प्रा.लि.का लेखापाल प्रदिप कुमार खड्काको घटना विबरण कागजः-

म विगत १२ वर्ष देखि प्रभु मनि ट्रान्सफरमा कर्मचारीको रुपमा आवद्ध छु । सुरुमा म कार्यालय सहायकको रुपमा, प्रभु मनि ट्रान्सफरका संचालक देवी प्रकाश भट्टचनले लगाएका कार्यहरु गर्ने गरेकोमा हाल २ महिना देखि लेखापालको रुपमा काम गरीरहेको छु । हाल मेरो मासिक तलब रु. ६५,०००/- (पैसट्ठी हजार रुपैयाँ) छ । प्रा.लि.मा काम गर्नको लागि मेरो विशाल भन्ने साथीको देवी प्रकाश भट्टचनसँग चिनजान भएको आधारमा मैले उक्त प्रा.लि.मा काम गर्न शुरु गरेको हुँ । उक्त प्रा.लि.मा काम गर्नको लागि प्रा.लि.ले मलाई निश्चित पदमा काम गर्ने भनि कुनै नियुक्ती पत्र दिएको छैन । प्रा.लि.को कुनै पनि कर्मचारी नियमावलीमा केहि पनि नभएको र सबै अधिकार संचालक अध्यक्ष देवी प्रकाश भट्टचनको रहेको छ । मेरो कुनै निश्चित काम, कर्तव्य, जिम्मेवारी र अधिकार केहि छैन । मैले संचालकले लाएअह्राए बमोजिम एजेन्टहरुको गुनासो सुन्ने, एजेन्टहरुको हरहिसाब हेर्ने, बन्द भएका एजेन्टहरुको बाँकी रकम उठाउने, कारोबारको अवस्था हेर्नको लागि सुपर- भाइजरहरुलाई देशभरीको एजेन्टहरुको स्थलगत रुपमा गुनासोहरु सुन्नको लागि पठाई सो को जानकारी लिई देवी प्रकाश भट्टचन र GM रामेश्वर सापकोटालाई जानकारी गराउने, विभिन्न संघसंस्थाहरुको कागजातहरु पुर्याउने, ल्याउने जस्ता विभिन्न कार्यहरु गर्ने गरेको थिएँ । पुरानो सम्पूर्ण लेखा सम्बन्धी हेर्ने कर्मचारीहरु जागिर छोडेर गई सकेपछि नयाँ कर्मचारी नराखी प्रा.लि.मै कार्यरत रहेका कर्मचारीबाटै उक्त काम गराउने भनि कार्यालयको हिसाबकिताब गर्नको लागि विगत २ महिना देखि लेखापालको रुपमा काम गर्दै आएको छु । प्रभु मनि ट्रान्सफर प्रा.लि. मा २८/३० जना कर्मचारी भएकोमा हाल २० जना मात्र छौं । उक्त प्रा.लि.मा देवी प्रकाश भट्टचनको एकल संचालक समिति भएकोले उसैको एकल निर्णय हुने गरेको थियो । प्रभु मनि ट्रान्सफर र प्रभु ग्रुप दुवैको एक शेयरधनी देवी प्रकाश भट्टचन हुन् । प्रभु मनि ट्रान्सफर के-कुन मितिबाट संचालन भएको थियो, मलाई थाहा छैन । प्रभु मनि ट्रान्सफर प्रा.लि.ले प्रभु बैंक लि.को एजेन्ट भई बिप्रेषण सम्बन्धी कारोबार गर्ने गरेको थियो तर प्रभु मनि ट्रान्सफर प्रा.लि. र प्रभु बैंक लि. बिच के-कस्तो सम्झौता भएको थियो, सो कुरा मलाई थाहा छैन । उक्त कुरा संचालक देवी प्रकाश भट्टचनलाई थाहा होला । हाल प्रभु मनि ट्रान्सफरले प्रभु बैंक लि.सँग कारोबार गरी रहेको देखिन्छ । मैले लेखा हेर्न

CamScanner

थालेको दुई महिना मात्र भएको छ । म लेखामा कार्यरत रहेको २ महिना अवधीमा लेजर, विवरणहरु हेर्दा प्रभु मनि ट्रान्सफर प्रा.लि.ले बिप्रेषण कारोबारको क्रममा प्रभु बैंक लि. बाट प्राप्त भएको ADVANCE/ PREFUNDING बापत प्राप्त रकम तथा सो को ब्याज तिर्नुपर्ने रकम देखिदनँ । म भन्दा अघिका लेखापाल श्याम श्रेष्ठले के-कसरी उक्त हिसाब किताब राख्ने गरेका थिए, सो कुरा मलाई थाहा छैन । हाल निज श्याम श्रेष्ठ विदेश गई सकेको कुरा प्रा.लि.का कर्मचारीहरु बिच कुराकानी हुदाँ सुनेको थिएँ । प्रभु मनि ट्रान्सफर प्रा.लि.को प्रबन्ध पत्र, नियमावली मैले हेरेको छैन । मैले देवी प्रकाश भट्टचनले लाएअह्राएको काम मात्र गर्ने भएकोले सो कुराको जानकारी निज संचालक देवी प्रकाश भट्टचनले नगराएकोले, प्रबन्ध पत्र, नियमावलीमा के कुराहरु उल्लेख गरेको छ, सो कुरा मलाई थाहा भएन । प्रा.लि. उपर नेपाल राष्ट्र बैंकबाट निरीक्षण हुने कुरा सुनेको हुँ तर सो कुरा मलाई थाहा भएन, देवी प्रकाश भट्टचनलाई नै थाहा छ। प्रभु मनि ट्रान्सफर प्रा.लि.ले कुन-कुन कम्पनीहरुमा के-कति ब्याजदरमा रकम लगानी गरी ब्याज लिएको वा ब्याजको हिसाब राखी साँवामा जोडी पूँजीकृत गरेको सम्बन्धमा मलाई थाहा भएन । सो कुरा पुरानो लेखापाल श्याम श्रेष्ठ र संचालक देवी प्रकाश भट्टचनलाई थाहा हुनुपर्छ । हाल (२३ डिसेम्बर २०२५) सम्मको ledger को अवस्था हेर्दा प्रभु मनि ट्रान्सफर प्रा.लि. ले Indrawati Handikohola Crusher Udyog P. Ltd. सँग रु. १२,४५,१०,६६२/७४ (बाह्र करोड पैतालिस लाख दश हजार छ सय बैसठ्ठी रुपैयाँ चौरहत्तर पैसा), Home Investment Pvt. Ltd. सँग रु. ११,४५,७०,३७६/५४ (एघार करोड पैतालिस लाख सत्तरी हजार तिन सय छयत्तर रुपैयाँ चौवन्न पैसा), Yatri Housing P.Ltd. सँग रु. ११,२६,८०,०८०/०६ (एघार करोड छब्बिस लाख असी करोड असी रुपैयाँ छ पैसा), Panchpokhari Agriculture P.Ltd. सँग रु.७३,११,८२३/२८ (त्रिहत्तर लाख एघार हजार आठ सय तेईस रुपैयाँ अठ्ठाईस पैसा), Himalaya Olive Cultivation P.Ltd. सँग रु.१८,५६,८३,२५३/१६(अठार करोड छपन्न लाख त्रियासी हजार दुई सय त्रिपन्न रुपैयाँ सोह्र पैसा), Natural Himalaya Farm P. Ltd. सँग रु.६०,६९,७३०/५२(साठी लाख उनन्सत्तरी हजार सय तिस रुपैयाँ बाउन्न पैसा), Avocado Farm P. Ltd. सँग रु.२४,९०,२१,३२५/४७(चौबिस करोड नब्बे लाख एक्काईस हजार तिन सय पच्चिस रुपैयाँ सतचालिस पैसा), Himalaya Plantation P. Ltd. सँग रु.२९,५८,९७,४३१/४५ (उनन्तिस करोड अन्ठाउन्न लाख सन्तानब्बे हजार चार सय एकतिस रुपैयाँ पैतालिस पैसा) गरी जम्मा रु.१,०९,५७,४४,६८३/२२ (एक अर्ब नौ करोड सन्ताउन्न लाख चौवालिस हजार छ सय त्रियासी रुपैयाँ बाईस पैसा) लिनु पर्ने रहेको देखिन्छ । प्रभु मनि ट्रान्सफर प्रा.लि.ले ऋणमा ब्याज लगानी गरेकोमा सो ब्याज लगानी भएको रकम फिर्ता लिने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट के-कस्तो कैफियत उल्लेख भएको थियो, सो कुरा मलाई थाहा छैन । प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट कर्जा प्रवाह भएको माथी उल्लेखित कम्पनीको संचालकहरुलाई म चिन्दिनँ । उक्त कम्पनीहरु को-कसबाट संचालनमा आएको र हाल संचालनमा भए/नभएको कुरा मलाई थाहा भएन । प्रभु मनि ट्रान्सफर प्रा.लि. मा संचालक देवी प्रकाश भट्टचनको एकल निर्णय हुने गरेको हुँदा बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई सोही रकम समेत विभिन्न कम्पनिहरुलाई ब्याजमा रकम लगानी गर्ने तथा ब्याज समेत लिने कार्य निज संचालकले गरेको हुनुपर्छ, अन्य को-कसको, के-कस्तो संलग्नता, भुमिका रहेको छ, मलाई थाहा छैन । मैले देवी प्रकाश भट्टचनले लगाएअह्राए बमोजिमको काम मात्र गर्ने गरेको थिएँ । मासिक तलब बाहेक

CamScanner

निजसँग मिलेमतो गरी अन्य आर्थिक लाभ लिने कार्य गरेको छैन भन्ने व्यहोराको प्रभु मनि ट्रान्सफर प्रा.लि.का हालको लेखापाल प्रदिप कुमार खड्काको घटना बिबरण कागज।

ख) <u>लेखा परीक्षक श्याम कार्कीको घटना विबरण कागजः</u>

मैले प्रभु मनि ट्रान्सफर प्रा.लि. को आ.व.२०७४/०७५ देखि आ.व.२०८०/०८१ सम्म लेखापरीक्षण गरेको छु । यसमा मलाई देखाईएको मिति २०८१/१२/२९ गतेको UDIN:250411CA00124XyBcb र मिति २०८१/०८/१० गतेको UDIN:241222CA00 124H8sVs समेतको लेखापरीक्षण मैले गरेको हो । मिति २०८१/०८/१० गते भएको लेखा परीक्षणमा करको दायित्वमा फरक पर्न गएछ अर्को वित्तीय विवरण लेखापरीक्षण गर्नु पर्‍यो भनि प्रभु मनि ट्रान्सफर प्रा.लि. बाट मलाई जानकारी गराउँदा प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट उपलब्ध गराएको तथ्याङकको आधारमा मिति २०८१/०८/१० गतेको लेखापरीक्षणलाई रद्ध गरी मिति २०८१/१२/२९ गते UDIN:250411CA00124XyBcb नयाँ लेखापरीक्षण प्रतिवेदन तयार गरेको हो । मैले प्रभु मनि ट्रान्सफर प्रा.लि.को मिति २०८१/०८/१० गतेको लेखापरीक्षण प्रतिवेदनमा Tax liability, Total current liability र Total liability & Equity लगायतको वित्तीय विवरणहरु फरक पर्न गएको कारणले नै मिति २०८१/१२/२९ गतेको लेखापरीक्षण प्रतिवेदन तयार गरी प्रयोगमा आएको हो । प्रभु मनि ट्रान्सफर प्रा.लि.को Receivable from party मा सम्पुर्ण विवरण राख्नु पर्दा धेरै ठुलो वित्तीय विवरण करिव (३ तीन हजार पार्टी) भई काम गर्न सहज नहुने भएको हुनाले Receivable from party मा सवैको व्यहोरा उल्लेख नगरी एकमुष्ट रकम मात्र रु. १,४८,९९,२७,३०२.०० उल्लेख गरीएको हो । उक्त Receivable from party (4.4) मा उल्लेखित सम्पुर्ण विवरण नराखे पनि प्रमाणको लागि Sampling basis को लागि आवश्यकता अनुसार लेजर र कम्प्युटरमा हेरी आवश्यक कागजातहरु वर्किङ फाईलमा समावेश गरेको छु । उक्त प्रा.लि.ले बिप्रेषण कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति लिई सञ्चालन गरेको देखिन्छ । माथी उल्लेखित Indrawati Handikhola Crusher Udhyog Pvt. Ltd. समेत ८ वटा कम्पनीको आ.व. २०८०/०८१ को नियमित कारोबारको सिलसिलामा देखिएको जम्मा Total liability & Equity रु.१,६७,३६,४६,५४६/- (एक अर्ब सतसठ्ठी करोड छत्तिस लाख छयालिस हजार पाँच सय छयालिस रुपैयाँ) र Receivable from party रु.१,४८,९९,२७,३०२/०० (एक अर्ब अठ्चालिस करोड उनान्सय लाख हजार सत्ताईस हजार तिन सय दुई रुपैयाँ) देखिएको बाहेक अन्य कारोबारमा कुनै अनियमितता हाम्रो जानकारीमा आएको थिएन । सोही लेखापरीक्षण प्रतिवेदनमा 4.5 Cash & cash equivalents को Cheque in Transit : 6,93,00,000.00 उल्लेख भएको सम्बन्धमा उक्त रकम शेयर वृद्धि गर्नको लागि जम्मा भएको चेक रकम हो । सो रकम प्रभु ग्रुप प्रा.लि. बाट रु. १,६८,००,०००/- (एक करोड छठ्सठ्ठी लाख रुपैयाँ) र रु.५,२५,००,०००/- (पाँच करोड पच्चिस लाख रुपैयाँ) देवी प्रकाश भट्टचनबाट बैंकमा जम्मा गरेको भौचर समेत उपलब्ध छ । सोही रकमहरु नै Cheque in Transit उल्लेख गरी लेखापरीक्षण प्रतिवेदन तयार गरेको हो । 4.18 मा सन् 16 July 2023 मा Share capital Rs: 330,000,000.00 रहेकोमा Cheque in Transit बापत प्राप्त भएको रकम जम्मा रु. ६,९३,००,०००/- (छ करोड त्रियानब्बे लाख रुपैयाँ) जोडेर Share capital वृद्धि भई रु. ३९,९३,००,०००/- (उनन्चालिस करोड त्रियानब्बे लाख रुपैयाँ) भएको हो । सो शेयर वृद्धि भएको भनि कम्पनी रजिष्ट्रारबाट प्राप्त प्रमाणित प्रति समेत उपलब्ध छ । सोही लेखापरीक्षण प्रतिवेदनको 5.8 Finance cost शिर्षकमा आ.व. २०८०/०८१ मा जम्मा Advance दिएको रकम रु.१८,१६,४८,३४९/-

CamScanner

(अठार करोड सोह्र लाख अठ्चालिस हजार तिन सय उनन्पचास रुपैयाँ) र Advance बाट उठेको ब्याज रकम रु.१७,३०,५६,४६९/- (सत्र करोड तिस लाख छपन्न हजार चार सय उनन्सत्तरी रुपैयाँ) घटाई बैंकलाई तिर्नुपर्ने रकम रु.८५,९१,८८०/- (पचासी लाख एकानब्बे हजार आठ सय असी रुपैयाँ) देखिएको हो । त्यसै गरी अघिल्लो आ.व.२०७९/०८० मा जम्मा रु. २०,७५,८८,१२६/- (बीस करोड पचहत्तर लाख अठासी हजार एक सय छब्बिस रुपैयाँ) र Advance बाट उठेको ब्याज रकम रु.१९,६६,१२,८१६/- (उन्नाईस करोड छैसठ्ठी लाख बाह्र हजार आठ सय सोह्र रुपैयाँ) घटाई बैंकलाई तिर्नुपर्ने रकम रु.१,२४,२५,३०९/- (एक करोड चौबिस लाख लाख पच्चिस हजार तिन सय नौ रुपैयाँ) देखिएको हो । प्रा.लि. ले निम्न ८ वटा कम्पनीहरुको आ.व. २०८०/०८१ मा निम्न बमोजिमको Advance रकम (लगानी) गरेको देखिन्छ ।

सि.नं.	कम्पनी	Advance लगेको रकम रु.
१	Indrawati Handikhola Crusher Udhyog Pvt. Ltd.	९,००,००,०००/- (नौ करोड)
२	Yatri Housing Pvt. Ltd.	१२,००,००,०००/- (बाह्र करोड)
३	Panchpokhari Agriculture Pvt. Ltd.	१३,००,००,०००/- (तेह्र करोड)
४	Himalaya Olive Cultivation Pvt. Ltd.	१४,००,००,०००/- (चौध करोड)
५	Sekong Resort (Natural Himalaya Farm P. Ltd.)	१४,००,००,०००/- (चौध करोड)
६	Avocado Farm Pvt. Ltd.	१८,००,००,०००/- (अठार करोड)
७	Himalaya Plantation P. Ltd.	२०,००,००,०००/- (बीस करोड)
८	Home Investment P. Ltd.	१८,००,००,०००/- (अठार करोड)
जम्मा रु.		रु.१,१८,००,००,०००/- (एक अर्ब अठार करोड रुपैयाँ)

यसरी प्रा.लि.ले जम्मा रु. १,१८,००,००,०००/- (एक अर्ब अठार करोड रुपैयाँ) Advance दिएको र सो को ब्याज बापत रु.१७,३०,५६,४६९.११/- (सत्र करोड तीस लाख छपन्न हजार चार सय उनान्सत्तरी रुपैयाँ एघार पैसा) खर्च लेखेको र सो बापतको कर रकम रु.२,५९,५८,४७०.३७/- (दुई करोड उनान्साठी लाख अन्ठाउन्न हजार चार सय सत्तरी रुपैयाँ सैतिस पैसा) कर दाखिला गरेको देखिन्छ। कम्पनीहरुको विवरण लेखापरीक्षण प्रतिवेदनमा उल्लेख नगरेपनि थप कागजातको रुपमा प्रा.लि.को लेजरबाट लिएका छौं । अन्य कारोबार सम्बन्धी विवरण प्रा.लि.को कम्प्युटरबाट नै हेरेका हौं। कम्पनीहरुको सञ्चालकले के-कुन माध्यमबाट लगानी गरीएको हो, सो को रेकर्ड उपलब्ध नभएकोले भन्न सक्दिन । ब्याज प्राप्त भएको रकमलाई OTHER INCOME मा देखाउनु पर्ने भएतापनि प्रा.लि.ले ब्याज खर्चमा नै मिलान गरी वित्तीय विवरण तयार गरेको र मिलान गर्दा Net Interest (खुद ब्याज) फरक नपर्ने भएकोले Finance Cost मा नै मिलान गरीएको वित्तीय विवरणलाई नै प्रमाणित गरीएको हो।

Receivable from party शीर्षक अन्तर्गत करिब ३ हजार पार्टीहरुको नाम उल्लेख भएकोले उक्त विवरणमा समावेश गर्न असहज हुने हुँदा Receivable from party (4.4) अन्तर्गत कुनै विवरण उल्लेख नगरी रकम रु. १,६६,९९,९४,२०६/- (एक अर्ब छैसठ्ठी करोड उनान्सय लाख चौरानब्बे हजार दुई सय छ

CamScanner

रुपैयाँ) मात्र उल्लेख गरीएको हो । उक्त विवरण कुनै कागजात लिएर, कुनै कम्प्युटरकै लेजरमा रुजु गरीएको छ । FINANCE COST(5:8) मा ब्याज खर्चमा लगानीबाट प्राप्त भएको ब्याज रकमलाई घटाएर खुद ब्याज खर्च निकालिएको FINANCE COST(5:8) लाई प्रमाणित गरीएको हो। मिति २०७८/०९/२० मा तयार गरेको लेखापरीक्षण प्रतिवेदनमा Statement of Financial Position CURRENT ASSETS मा 4.4 मा रु. १,८४,१५,५७,१९१.०० उल्लेख भएको सम्बन्धमा हाल Trial Balance हेर्दा सोही विवरण नै सहि रहेको र रु.१,७७,८९,०६,८१३।०० त्रुटिवश उल्लेख भएको रहेछ। मिति २०७९/०५/०२ मा तयार भएको लेखापरीक्षण प्रतिवेदनमा Statement of Financial Position को FINANCE COST (5.8) मा आ.व.२०७८/०७९ मा प्रा.लि.ले बैंकलाई दिने ब्याज खर्च बापतको रकम रु.१६,३१,८६,५८१/- (सोह्र करोड एकतिस लाख छयासी हजार पाँच सय एकासी रुपैयाँ) भएकोमा प्रा.लि.ले उक्त आ.व.मा ब्याज आम्दानी नलिएकोले कर विभागबाट ब्याजमा लगानी गरेको हिसाब किताब समेत समावेश गरी थप कर स्वरुप कर बापत रु.२१,६२,१०,८४५/- (एक्काईस करोड बैसट्ठी लाख दश हजार आठ सय पैतालिस रुपैयाँ) कर तिराएको देखिन्छ । सो कुरा लेखा परीक्षणको 5.10 मा Previous Tax Expenses मा उल्लेख छ । प्रभु मनि ट्रान्सफर प्रा.लि.ले यसरी ब्याजमा रकम लगानी गर्ने तथा ब्याज लिने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति लिएको छैन । सो कुरा नेपाल राष्ट्र बैंकलाई जानकारी भएकोमा सो रकमलाई समय सिमा तोकेर उक्त सम्पूर्ण रकम चुक्ता गर्ने गरी कार्ययोजना समेत प्रा.लि.ले नेपाल राष्ट्र बैंकलाई पेश गरेको छ । ब्याजमा रकम लगानी गरी ब्याज असुल गरेको सम्बन्धमा प्रा.लि.का संचालक देवी प्रकाश भट्टचनलाई कानून बमोजिम कारबाही हुनुपर्छ । प्रभु मनि ट्रान्सफर प्रा.लि. ले गैरकानूनी रुपमा ब्याजमा लगानी गरेको सम्बन्धमा सो प्रा.लि.लाई नेपाल राष्ट्र बैंकबाट भएको कुनै कारबाहीको बारेमा मलाई थाहा भएन । प्रभु मनि ट्रान्सफर प्रा.लि.ले प्रभु बैंक लि.लाई बिप्रेषण कारोबार गर्ने क्रममा ADVANCE रकम दिई थपघट भएको रकमको सम्बन्धमा सम्झौता बमोजिम प्रभु बैंक लि.लाई सन् २०२१ फेब्रुअरी ११ मा रु.३,७१,७०,९९७.४०/- (तिन करोड एकहत्तर लाख सत्तरी हजार नौ सय सन्तानब्बे रुपैयाँ चालिस पैसा) ब्याज बापत भुक्तानी गरेको देखिन्छ । वित्तीय विवरण प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट नै तयार हुने र सोलाई रुजु गरी राय दिएको हो । सो क्रममा प्रा.लि.ले वित्तीय विवरण तयार गर्दा ब्याज खर्चलाई ब्याज आम्दानीमा मिलान गरी खुद ब्याज खर्च निकाल्दा नतिजा फरक नपरेकोले हामीले यसलाई Material Issue नमानी राय पेश गरीएको हो । नेपाल राष्ट्र बैंकबाट अनुमती नलिई बैकिङ कारोबार (ब्याजमा लगानी गर्ने/ब्याज लिने) गरे बापत प्रा.लि.का सञ्चालक देवी प्रकाश भट्टचन नै जिम्मेवार भएकोले निजलाई कानून बमोजिम कारबाही हुनुपर्छ । मैले गरेको आ.व. २०७७/०७८ देखि आ.व. २०८०/०८१ चार वर्षको लेखा परीक्षण प्रतिवेदन र सोलाई पुष्ट्याई हुने आवश्यक कागजातहरु भएको फाईल थान-४ यसै कागजसाथ पेश गरेको छु भन्ने व्यहोराको लेखा परीक्षक श्याम कार्कीको घटना बिबरण कागज।

ग) प्रभु बैंक लि.ववरमहलमा Treasury Back शाखामा Junior Officer पदमा कार्यरत सरिना श्रेष्ठको घटना बिबरण कागजः

हाल म प्रभु बैंक लि.को Treasury Back शाखामा Junior Officer को रुपमा ५ महिना देखि कार्यरत छु। यस भन्दा अगाडी ५/६ वर्ष बैंकको रेमिट शाखामा Supervisor हुँदै Junior Officer को रुपमा कार्यरत थिएँ । रेमिट शाखामा Supervisor र Junior Officer को रुपमा कार्यरत रहँदा Phone Handling गरी ग्राहकसँग

CamScanner

समन्वय गर्ने देखि Back Office ले गर्ने सम्पूर्ण Operation Related कामहरु गर्ने गरेको थिएँ । प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई प्रभु बैंक लि.बाट रेमिट भुक्तानी गर्ने सिलसिलामा दिईएको Advance बापतको रकमको ब्याज Calculation गर्ने काम म भन्दा पहिला रेमिट शाखामा कार्यरत असिस्टेन्ट लेभलको अंकिता श्रेष्ठले गर्ने गर्नु भएको थियो । उक्त ब्याज Calculation मैले बेसरेटको आधारमा २/३ पटक गरेको छु तर कहिले, कुन मितिको गरेको, एकिन याद भएन । प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई प्रभु बैंक लि.बाट रेमिट भुक्तानी गर्ने सिलसिलामा दिईएको Advance बापतको रकमको ब्याज Calculation गर्नको लागि प्रभु मनि ट्रान्सफरले रेमिट्यान्सको कारोबारको स्टेटमेन्ट बैंकलाई दिने र सो प्राप्त भएपछि बैंकले बैंकबाट तोकिएको बेसरेटको आधारमा ब्याज Calculation गर्ने गरीएको थियो । उक्त ब्याज Calculation गरेपछि म माथी माथिको कर्मचारीबाट चेक हुन्थ्यो । ब्याज Calculation गरेपछि बैंकको Finance Department मा पठाई उक्त शाखामा Entry हुने गरेको थियो । सो रकम के-कसरी बैंकले भुक्तानी लिने गरेको थियो, उक्त काम Finance Department को भएकोले सो कुरा मलाई थाहा भएन । प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई रेमिट भुक्तानी गर्ने सिलसिलामा दिईएको Advance को ब्याज Calculation मैले २/३ पटक गरेको छु, यस बाहेक उक्त प्रा.लि.को ब्याजको Calculation नभएको भन्ने कुरा मलाई थाहा भएन। Remittance को ब्याज रकम मलाई थाहा भएसम्म Finance Department ले Interest Other Income मा राख्ने गरेको थियो । प्रभु मनि ट्रान्सफर प्रा.लि. र प्रभु बैंक बिच बिप्रेषण कारोबारको प्रत्येक देशमा छुट्टाछुट्टै Remit Settlement खाता छ, छैन भन्ने कुरा मलाई थाहा छैन । प्रभु मनि ट्रान्सफर प्रा.लि. नामसँग मिल्ने गरी PMT जस्तै डमी खाताहरु संचालन गरेको बारेमा मलाई थाहा छैन । रेमिटेन्स शाखामा पहिले Pumori Software र हाल Finacle Software प्रयोग गर्ने गरीएकोमा सो को युजर आई डि प्रत्येक कर्मचारीको व्यक्तिगत थियो । रेमिट शाखाबाट रेमिट्यान्स कारोबारको लागि दिएको Advance रकमको Monthly Basis मा Base Rate को आधारमा ब्याज Calculation गरी प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई जानकारी गराउने गरेकोमा सो रकमको ईन्ट्री Finance Department बाट हुने गरेको थियो । उक्त हिसाब गरेको ब्याज बैंकले भुक्तानी लियो, लिएन भनी हेर्ने काम मेरो होईन, माथिल्लो तहको हो । मैले रेमिट शाखामा मलाई तोकिएको जिम्मेवारी बमोजिमको काम मात्र गर्ने गरेको थिएँ भन्ने व्यहोराको प्रभु बैंक लि.हेड अफिस ववरमहलमा Junior Officer को पदमा कार्यरत सरिना श्रेष्ठको घटना बिबरण कागज।

४. प्रभु बैंक लिमिटेडको विवरण उपलब्ध गराईएको मिति २०८३।०२।१२ गतेको पत्रः-

- यस बैंक प्रभु मनी ट्रान्सफर प्रा.लि. संगको सम्झौता बमोजिम विप्रेषण सम्बन्धी कारोबारका क्रममा प्रभु मनी ट्रान्सफर प्रा.लि. बाट बैंकले भुक्तानी गरेको रेमिट रकम बापत लिन बाँकी रकममा सम्झौता बमोजिम बैंकले विभिन्न मितिमा जम्मा रु.१,१२,९०,४९,७२२।७४ (एक अर्ब बाह्र करोड नब्बे लाख उनान्पचास हजार सात बाईस रुपैंया पचहत्तर पैसा) ब्याज लिई बैंकको आम्दानी जनाईसकिएको व्यहोरा तहाँलाई अवगतै रहेको छ। यस बैंकको Core Banking System अनुसार लेना रकम (Receivable Amount) को आधारमा बैंकले प्रभु मनी ट्रान्सफर प्रा.लि. संगबाट व्याज बापत थप रु.४,२६,५१,५३८।५८ (चार करोड छब्बीस लाख एकाउन्न हजार पाँच सय अठ्तीस रुपैंया अन्ठाउन्न पैसा) लिनुपर्ने देखिन्छ ।

CamScanner

- यस बैंक र प्रभु मनी ट्रान्सफर प्रा.लि. विच विप्रेषण सम्बन्धी कारोबार शुरु भएको मिति सन् २००६।०२।२० देसि मन् २०२१।१०।०७ सम्म बैंकको Core Banking System मा देखिएको दैनिक अन्तिम लेना रकम (Daily Closing Balance) मा हिसाब गर्दा बैंकले थप लिनुपर्ने व्याज रकम रु.८,९३,२५,७७०।१२ देखिन आएकोले सोही ब्यहोरा मिति २०८२/०९/१६ को पत्रबाट र तहाँको मिति २०८२/११/०४ को पत्रअनुसार उल्लेखित समयाबधीको (सन् २०११।०४।०६ देखि सन् २०२१।१०।०७ सम्म) व्याजदर गणना भएकोमा बैंकको Core Banking System मा देखिएको दैनिक अन्तिम लेना रकम (Daily Closing Balance) मा भोलिपल्ट प्राप्त भएको रकम सम्झौता बमोजिम घटाई हिसाब गर्दा बैंकले थप लिनुपर्ने व्याज रकम रु.४,२६,५१,५३८।५८ देखिन आएकोले सोही व्यहोरा मिति २०८२/११/१५ को पत्रबाट जानकारी गराईएको हुँदा बैंकबाट प्रेशित उपरोक्त मितिका पत्रमा बैंकको लेना रकम फरक पर्न गएको भनि लेखि आएको ।

५. नेपाल राष्ट्र बैंक लिमिटेडको सूचना उपलब्ध गराईएको मिति २०८३।०२।२० गतेको पत्रः-

- कल खाताको सम्बन्धमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. १६ को को बुँदा नं. ३(१) मा *"इजाजतपत्र प्राप्त संस्थाले स्वीकार गर्ने निक्षेपको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्विधिका बारेमा इजाजतपत्र प्राप्त संस्था आफैले नियम बनाई लागू गर्नु पर्नेछ र त्यस्तो नियम तथा कार्यविधि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ"* भन्ने व्यवस्था रहेको ।
- नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. ४ सँग सम्बन्धित अनुसूची नं. ४.२० मा Deposit from Customers मा कल खाता स्स्थागत ग्राहकहरुमा समावेश भएकोले कल खाता सस्थागत ग्राहकहरुले खवल्ने र संचालन गर्न पाउने खाताको रुपमा देखिन्छ । (सो अनुसूची नं. ४.२० यसै पत्रसाथ संलग्न गरीएको) ।
- बैंकले एड्भान्सको रुपमा दिएको रकम कल खातामा राखेको सम्बन्धमा यसै बैंकबाट गरृको विशष स्थलगत निरीक्षण प्रतिवेदन, २०७७ (त्यस ब्यूरोको पत्रमा उल्लेख भएको प्रतिवेदन) को बुँदा नं. ४.३ मा Advance रकमको दैनिक Settlement नभएको र बुँदा नं. ४.६. मा कल खातामा जम्मा भएको रकममा ब्याज प्रदान गर्ने गरेको बारे उल्लेख भएको । साथै, नेपाल राष्ट्र बैंकले बैङ्क तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. १५ को बुँदा नं. १५ को बुँदा नं. १(६) मा *"माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) मा बचत निक्षेपमा प्रदान गरीने न्यूनतम ब्याजदरको पचास प्रतिशत भन्दा बढी ब्याज प्रदान गर्न पाइने छैन। त्यस्ता खाताहरुमा चेक जारी गर्न पाइने छैन ।"* भन्ने व्यवस्था रहेको भनि लेखि आएको।

<u>अभियुक्त उपरको अभियोगः</u>

प्रस्तुत मुद्दा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट, काठमाडौंबाट अनुसन्धान कार्य सम्पन्न भई निर्णयार्थ पेश भएको सक्कल मिसिल अध्ययन गरी हेर्दा, नेपाल राष्ट्र बैंकबाट बिप्रेषण सम्बन्धी कारोबार गर्न अनुमति प्राप्त प्रभु मनी ट्रान्सफर प्रा.लि.ले बिप्रेषण बाहेकको अन्य बैंकिङ

CamScanner

कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त नगरी आ.व. २०७८/७९ मा Indrawati Handikhola Crusher Udhyog P. Ltd. समेत विभिन्न ८ वटा कम्पनीहरुमा रू.१,२४,००,००,०००/- (एक अर्ब चौबीस करोड रुपैंया) ब्याजमा कर्जा प्रवाह गरी बैंकिङ तथा वित्तीय कारोबार गरेको र प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच लिनु-दिनु पर्ने रकम सम्बन्धी विवरण मिति २०६८/०६/०१, २०६९/०१/०१, २०७२/०४/०१ र २०७४/०९/०९ मा भएका सम्झौताहरु बमोजिम बिप्रेषण कारोबारको भुक्तानीसँग सम्बन्धित प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. सँग तत्कालिन समयको बक्यौता रकममा सोही सम्झौताहरुमा उल्लेख भए बमोजिमको वार्षिक प्रतिशत ब्याजदर तथा मासिक आधार दर अनुसारको हिसाब रु.१,१३,४९,२६,९७०।०६ (अक्षरुपी एक अर्ब तेह्र करोड उनन्पचास लाख छब्बीस हजार नौ सय सत्तरी र छ पैसा) हुने देखिएको (चक्रिय ब्याज, अर्थात ब्याजको ब्याज, गणना नगर्दा) । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. सँग लिनु पर्ने रकम नलिँदा प्रभु बैंक लि.लाई हानी नोक्सानी पुग्न जाने देखिन्छ भन्ने समेत व्यहोरा नेपाल राष्ट्र बैंकबाट खटि आएका विज्ञ उप-निर्देशक मणिराज श्रेष्ठ ज्यूले पेश गर्नु भएको प्रतिवेदनको आधारमा प्रभु बैंक लि.का उच्च तहका कर्मचारीहरु, प्रमुख कार्यकारी अधिकृत (CEO) अशोक शेरचन, नायब प्रमुख कार्यकारी अधिकृत (DCEO) मनिराम पोखरेल, सोही बैंकका रेमिटयान्स डिपार्टमेन्टका प्रमुख Sugen भन्ने सुजिन शाक्य समेतले प्रभु मनी ट्रान्सफरका संचालक तथा तत्कालीन प्रभु बैंक लि.का संचालक देवी प्रकाश भट्टचनसँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी पुऱ्याउने र स्वार्थ समूहलाई लाभ पुऱ्याउने बदनियतका साथ सम्झौता बमोजिम प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट आधार दर बमोजिमको ब्याज रकम रु.१,१३,४९,२६,९७०।०६ (एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बीस हजार नौ सय सत्तरी रुपौयाँ छ पैसा) प्राप्त नगरी बैंकलाई हानी नोक्सानी पुऱ्याई बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर गरेको तथा नेपाल राष्ट्र बैंकबाट बिप्रेषण सम्बन्धी कारोबार गर्न अनुमति प्राप्त प्रभु मनी ट्रान्सफर प्रा.लि.ले बिप्रेषण बाहेकको अन्य बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति नलिई देवी प्रकाश भट्टचनले आ.व. २०७८/७९ मा Indrawati Handikhola Crusher Udhyog P. Ltd. समेत विभिन्न ८ वटा कम्पनीहरुमा रू.१,२४,००,००,०००/- (एक अर्ब चौबीस करोड रुपैंया) ब्याजमा कर्जा प्रवाह गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गतको कसूर गरेको हुनाले कानून बमोजिम कारबाही गरी पाउ भन्ने व्यहोराको प्रहरी प्रतिवेदन समेतको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गतको कसूर मुद्दामा संकलन हुन आएका नेपाल राष्ट्र बैंकबाट खटि आएका विज्ञ उप-निर्देशक मणिराज श्रेष्ठले पेश गर्नु भएको प्रतिवेदन तथा उल्लेखित प्रतिवेदन साथ पेश भएका कागजातहरु, प्र.नि.देवराज काफ्ले समेतले पेश गर्नु भएको प्रहरी प्रतिवेदन, बिप्रेषण (Remittance) कारोबार सम्बन्धमा प्रभु बैंक लि. र प्रभु मनि टान्सफर प्रा.लि.बीच विभिन्न मितिहरुमा भएको सम्झौता पत्र, बिप्रेषण (Remittance) कारोबार सम्बन्धमा प्रभु बैंक लि. र PRABHU GROUP INC. USA सँग भएको सम्झौता कागजातहरु, अमेरिका स्थितमा भएको Soleil chartered Bank बाट राखेको बैंक जमानत कागजात, प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.मा नेपाल राष्ट्र बैंकबाट विभिन्न मितिहरुमा भएको निरीक्षण प्रतिवेदन, प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट प्राप्त पत्र लगायतका कागजातहरु, प्रभु बैंक लि.बाट प्राप्त पत्र

CS CamScanner

लगायतका अन्य कागजातहरु, बिभिन्न वैक तथा वित्तीय संस्थाहरुबाट प्राप्त कागजातहरु, प्रतिवादी Sugen भन्ने सुजिन शाक्य, प्रतिवादी अशोक शेरचन र प्रतिवादी मनिराम पोखरेल समेतको बयान, कम्पनि रजिष्ट्रारको कार्यालयबाट प्राप्त कागजातहरु, बुझिएका मानिस प्रभु मनि ट्रान्सफर प्रा.लि.का लेखापाल प्रदिप कुमार खड्का र Chartered Accountant श्याम कार्की समेतले खुलाई लेखाई दिएको कागजको व्यहोरा तथा कानून वमोजिम कारबाही गरी पाउ भन्ने व्यहोराको अनुसन्धान अधिकृत समेतको प्रहरी प्रतिवेदन लगायतको मिसिल संलग्न देहायमा उल्लेखित तथ्य प्रमाणहरुको अध्ययन तथा विश्लेषणबाट बिप्रेषण (Remittance) कारोबार गर्नको लागि प्रतिवादीहरु प्रभु बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (CEO) अशोक शेरचन, नायब कार्यकारी अधिकृत (DCEO) मनिराम पोखरेल, ***Remittance Department Head/*****Chief Global market Officer** Sugen भन्ने सुजिन शाक्य समेतले स्वार्थ समुह प्रभु मनी ट्रान्सफर प्रा.लि.का संचालक तथा प्रभु बैंक लि.का तत्कालिन संचालक देवी प्रकाश भट्टचनसँग एक आपसमा मिलेमतो गरी प्रतिवादीहरुले आफ्नो पदिय आचरण, दायित्व र अधिकारको दुरुपयोग गरी प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बीच बिप्रेषण (Remittance) कारोबार गर्न पटक पटक भएको सम्झौता बमोजिम बिप्रेषण कारोबार गरे वापत प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि. बाट Prefunding/Receivable उल्लेख भए अनुसारको ब्याजदर १५.५% तथा १४% र बैंकको आधार ब्याजदरको आधारमा लिनुपर्ने ब्याज रकम **रु.४,२६,५१,५३८।५८ (चार करोड छब्बिस लाख एकाउन्न हजार पाँच सय अठ्तीस रुपैया अन्ठाउन्न पैसा** नलिई प्रतिवादीहरुको आपसी मिलेमतो र योजनामा आफुहरुले लाभ फाइदा लिई प्रभु बैंक लि.लाई हानी नोक्सानी पुऱ्याई बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर अपराध गरेको वारदात स्थापित हुन आयो ।

प्रतिवादीहरुले के कुन कसूर अपराधमा कुन कानून बमोजिम सजायको अभियोग मागदावी लिनुपर्ने हो भन्ने सम्बन्धमा हेर्दा, मिति २०६८/०६/०१, मिति २०६९/०१/०१, मिति २०७२/०४/०१ र मिति २०७४/०९/०९ मा प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच भएका सम्झौताहरु बमोजिम बिप्रेषण कारोबारको भुक्तानीसँग सम्बन्धित प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि.सँग तत्कालिन समयको वक्यौता रकममा सोही सम्झौताहरुमा उल्लेख भए बमोजिमको वार्षिक प्रतिशत ब्याजदर तथा मासिक आधार दर अनुसारको हिसाब रु.१,१३,४९,२६,९७०।०६ (अक्षरुपी एक अर्ब तेह्र करोड उनन्पचास लाख छब्बीस हजार नौ सय सत्तरी र छ पैसा) हुने देखिएको (चक्रिय ब्याज, अर्थात ब्याजको ब्याज, गणना नगर्दा) । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. सँग यस हिसाब बमोजिम लिनु पर्ने रकम नलिँदा प्रभु बैंक लि.लाई हानी नोक्सानी पुग्न जाने देखिन्छ । यस हिसाब सम्बन्धी थप विवरण अनुसूची-१ (सन् २०११ मे ६ देखि २०१५ जुलाई १६ सम्मको लागि) र अनुसूची-२ (सन् २०१५ जुलाई १७ देखि सन् २०२१ अक्टोबर ८ सम्मको लागि) मा समावेश गरीएको छ साथै नेपाल राष्ट्र बैंक, बिप्रेषण विनियमावली २०७९ मा इजाजतपत्र प्राप्त बिप्रेषण कम्पनीहरुले Inward Remittance को मात्र कारोबार गर्न पाइने व्यवस्था भए बमोजिम बिप्रेषण (Remittance) कारोबार गर्न अनुमति प्राप्त प्रभु मनी ट्रान्सफर प्रा.लि.ले उक्त प्रा.लि.को लेखा अनुसार आ.व.२०७८/७९ मा Indrawati Handikhola Crusher Udhyog P.Ltd. समेतका ८ वटा कम्पनीहरुमा रू.१,२४,००,००,०००/- (एक अर्ब चौबीस करोड रुपैंया) प्रदान

CS CamScanner

गरेको समेत पाइयो भन्ने समेत व्यहोराको प्रतिवेदन नेपाल राष्ट्र बैंकबाट खटि आउनु भएका विज्ञ उपनिर्देशक मणिराज श्रेष्ठले पेश गर्नु भएको प्रतिवेदन र प्रभु बैंक लिमिटेडका CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, सोही बैंकका रेमिट्यान्स डिपार्टमेन्टका प्रमुख Sugen भन्ने सुजिन शाक्य समेतले प्रभु मनी ट्रान्सफरका संचालक तथा प्रभु बैंक लि.का तत्कालिन संचालक देवी प्रकाश भट्टचनसँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी पुऱ्याउने र स्वार्थ समूहलाई लाभ पुऱ्याउने बदनियतका साथ सम्झौता बमोजिम प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि. बाट आधार दर बमोजिमको ब्याज रकम रु.१,१३,४९,२६,९७०।०६ (एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बीस हजार नौ सय सत्तरी रुपैंया छ पैसा) प्राप्त नगरी बैंकलाई हानी नोक्सानी पुऱ्याएको हुनाले कानून बमोजिम कारबाही गरी पाउँ भन्ने व्यहोराको प्रहरी प्रतिवेदन समेत रहेको पाइयो ।

प्रतिवादी अशोक शेरचनले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, म सन् १९९५ मा नेपाल बङलादेश बैंकमा जुनियर एसिटेन्स पदमा ५ वर्ष काम गरी सन् २००० मा नेपाल बैंक अफ सिलोनमा अफिसर पदमा ५ वर्ष काम गरेको थिए । सन् २००७ बाट मैले प्रभु फाईनान्स लि.मा महाप्रबन्धकको रुपमा काम गर्न सुरु गरेको थिए । सन् २०११ मा प्रभु फाइनान्स लि., समृद्दी बिकास बैंक लि. र वैभव फाईनान्स लि. मर्ज भई प्रभु बिकास बैंक लि.बने पश्चात म प्रभु बिकास बैंक लि.को प्रमुख कार्यकारी अधिकृत भई काम गर्न थालेको हुँ । २०७१ सालमा प्रभु बिकास बैंक, गौरीशंकर बिकास बैंक, जेनिथ फाईनान्स र किष्ट बैंक लि. मर्ज भई प्रभु बैंक लि.बने पश्चात म प्रभु बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्न थालेको हुँ । सो पश्चात ग्राण्ड बैंक लि.र सेन्चुरी कमर्शियल बैंक लि.प्रभु बैंक लि.मा मर्ज भएको हो । म हाल सम्म पनि प्रभु बैंक लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहेको छु । मेरो हाल मासिक तलब,भत्ता करिब रु.२१,००,०००।— रहेको छ । उक्त तलब भत्ता मेरो कर कट्टी गर्नु अगाडीको रकम हो । सो बाहेक १ महिनाको चाडबाड खर्च, १ महिनाको तलब बराबरको मेडिकल खर्च, बार्षिक रुपमा बैंकले दिने बोनस, १ महिनाको आधारभुत तलब बराबरको बिदाको रकम (Force Leave allowance), सवारी चालक १ जना बैंकले उपलब्ध गराएको छ। वार्षिक आम्दानीको कानून बमोजिम लाग्ने कर बैंकले कटाएर मात्र मलाई पारिश्रमिक दिने गर्दछ। म प्रभु बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा मेरो जिम्मेवारी तथा काम कर्तब्य अन्तर्गत बैंकको दैनिक कार्य संचालन सुचारु रुपमा गर्नको लागि व्यवस्थापकिय भूमिका निर्वाह गर्ने, नेपाल सरकारका विभिन्न निकाय तथा नेपाल राष्ट्र बैंकसँग आवश्यकता अनुसार समन्वय गर्ने, संचालक समिति समक्ष बैंकको सम्बन्धमा छलफल गर्ने, शेयर होल्डरहरुलाई वार्षिक प्रतिवेदनद्धारा बैंकको बारेमा सुसुचित गर्ने समेतका जिम्मेवारी रहेका छन् । प्रभु बैंक लि.ले बिप्रेषण कारोबार गर्नको लागि धेरै एजेन्टहरुसँग सम्झौता गरी बिप्रेषण कारोबार गरी आएको छ । बिप्रेषण कारोबार गर्ने एजेण्टहरु धेरै भएको कारण मलाई संख्या र एजेण्टहरुको नामको बारेमा एकिन छैन । बिप्रेषण भन्नाले विदेशमा रहेका नेपालीहरुले स्वदेशमा रहेका आफ्ना आफन्तहरुलाई कमाएको रकम सम्बन्धित देशको बैंकिङ च्यानल तथा रेमिट्यान्स कम्पनीहरुबाट पठाउने प्रकृया भन्ने बुझिन्छ । बैंकसँग बिप्रेषण कारोबारको लागि सम्झौता गरेका स्वेदेशी वा विदेशी संस्थाको Software प्रयोग गरीन्छ । बिप्रेषण कारोबारको क्रममा

CamScanner

बिप्रेषण कारोबार गर्न विभिन्न कम्पनी/संस्थासँग गरीएको सम्झौताको आधारमा Information Flow र Cash flow युनिफाईड सिस्टम र छुट्टा छुट्टै सिस्टमबाट समेत आदान प्रदान भई कारोबार हुने गर्दछ । प्रभु बैंक लि.हुनु भन्दा अगाडी प्रभु फाईनान्स लि. हुँदाको समय २०६८ साल देखि नै प्रभु मनि ट्रान्सफर प्रा.लि.सँग बिप्रेषण (Remittance) सम्बन्धी पटक पटक सम्झोता गरी कारोबार गरी आएको छ । कारोबार गर्ने क्रममा उक्त सम्झौतामा उल्लेख भए अनुसार प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफरसँग लिनु पर्ने सम्पूर्ण ब्याज लिई सकेको छ । हाल कुनै पनि रकम प्रभु मनि ट्रान्सफरसँग प्रभु बैंक लि.ले लिनु पर्ने छैन । सो कुरा प्रभु बैंक लि.लाई पत्राचार गरी सोधेमा प्रष्ट हुन्छ । प्रभू मनि ट्रान्सफर प्रा.लि.को खाताबाट प्रभु बैंक लि. को के कुन खातामा रकम जम्मा गरी आएको छ हाल मलाई एकिन भएन । प्रभु बैंक लि.मा Remittance कारोबारबाट प्राप्त ब्याज रकमको लागि छुट्टै Income others खाता रहेको छ, खाता नं. हाल मलाई याद छैन । सोही खातामा Real time सेटलमेण्ट नभई बिप्रेषण वापत Pre funding को रुपमा Advance दिएको रकमको हिसाव मिलान नभएको अवस्थामा ब्याज गणना गरी सो को ब्याज असुल गरी सोही खातामा जम्मा गरीने गरेको हो । सम्झौता बमोजिम **वार्षिक प्रतिशत ब्याजदर तथा मासिक आधार दर अनुसारको** Manually एक्सेल सिटमा राखेर Remittance कारोबारको लागि दिएको रकमको ब्याज Calculation गर्ने गरीएको थियो । प्रभु बैंक लिमिटेड र प्रभु मनि ट्रान्सफर प्रा. लि. बीच बिप्रेषण रकम भुक्तानीको लागि औसत दैनिक तथा मासिकरुपमा के-कति रकमको कारोबार हुने गर्दछ सो सम्बन्धमा मलाई एकिन थाहा हुदैन । सो कुरा सम्बन्धित रेमिट्यान्स विभागले हेर्ने भएको हुँदा मलाई एकिन थाहा हुदैन । कारोबार शुरु भए देखी करिव २०२० सम्म प्रभु बैंक लिमिटेडले प्रभु मनि ट्रान्सफर प्रा. लि.लाई Pre –funding (एडभान्स) भुक्तानी दिने गरेको थियो, करिव २०२० देखी करिव २०२४ सम्म बिप्रेषण रकम भुक्तान भई सके पछि मात्र प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई बिप्रेषण बापतको रकम भुक्तान दिने गरेको थियो। सन् २०२४ देखि हाल सम्म प्रभु मनि ट्रान्सफर प्रा.लि.ले बिप्रेषण रकम भुक्तानी दिए पश्चात बैंकको System बाट Autometicallyप्रभु मनि ट्रान्सफर प्रा.लि.को खातामा उक्त रकम जम्मा हुने व्यबस्था हुँदै आएको छ । तत्कालिन समयमा प्रभु बैंक लिमिटेडले प्रभु मनि ट्रान्सफर प्रा. लि.लाई कारोबारको आवश्यकता अनुसार Pre –funding (एडभान्स) भुक्तानी दिने गरेको थियो। नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएको निर्देशन अनुसार बिप्रेषण कारोबारको लागि विदेशी Agent सँग सम्झौता गर्दा ति Agent हरुले Advance Funding वा बैंक ग्यारेण्टी मार्फत् कारोबार गर्न सक्ने ब्यवस्था भए बमोजिम नेपालका जुनसुकै बैंकहरुसँग सम्झौता गर्दा उक्त प्रकृया पुरा गरी कारोबार गर्न सक्दछन् । उक्त बैंक ग्यारेण्टी बिदेश स्थित कुनै पनि बैंकले जारी गरेको हुन सक्दछ । प्रभु बैंक लि.ले बिदेश स्थित विभिन्न बैंक तथा रेमिट्यान्स कम्पनीहरुसँग Advance Funding र बैंक ग्यारेण्टीको आधारमा बिप्रेषणको कारोबार गर्ने गरेको छ । उक्त कम्पनिहरुको नाम हाल मलाई एकिन भएन । बैंक ग्यारेण्टी राखेको थाहा छ तर के कति रकम राखि आएको छ मलाई एकिन भएन सो सम्बन्धमा मातहतको सम्बन्धित विभागका कर्मचारीहरुलाई थाहा हुन्छ । Prabhu group inc USA र प्रभु बैंक लि. बिच बिप्रेषण कारोबार गर्नको लागि Prabhu group inc USAले Soliel Chartered Bank USA को बैंक ग्यारेन्टी लिएको छ । Soliel Chartered Bank USA को बैंक ग्यारेण्टीको आधारमा बिगत केहि बर्ष देखी कारोबार हुँदै आईरहेको छ । आज सम्म कारोबारको क्रममा केही कुनै

CamScanner

किसिमको समस्या सिर्जना भएको छैन । नेपाल राष्ट्र बैंकबाट हरेक पटक सम्झौता नविकरण गर्ने क्रममा अनुमती लिएर मात्र गर्ने गरीन्छ । त्यस कारणले बैंकबाट जारी भएको बैंक ग्यारेण्टी नक्कली हुने भन्ने सम्भाबना रहदैन । शुरुमा Prabhu group incUSA सँग सम्झौता गर्दा प्रभु बैंक लि.मा Relationship management authentication (RMA) नभएकोले Prabhu group incUSA ले तत्काल बैंक जमानत एन एम बि बैंक लि. मार्फत् प्राप्त भएको हो । उक्त बैंक जमानत एन एम बि बैंकले एकिन गरेको होईन उक्त बैंक जमानत एन एम बि बैंकमा प्राप्त भए पछि प्रभु बैंक लि.लाई Advise मात्र गरेको हो । पछि प्रभु बैंक लि.मा Relationship management authentication (RMA) व्यवस्था भए पछि Prabhu group incUSA ले Direct प्रभु बैंक लि.मा बैंक जमानत पठाएको हो । स्विफ्टमा Authentication massage आदान प्रदान गर्नको लागि बैक तथा बित्तिय संस्थाहरुमा प्रयोग गरीएको सिस्टम हो । स्विफ्ट सूचना आदान प्रदान गर्ने माध्यम मात्र हो अनिवार्यरुपमा यसबाट नै हुनु पर्छ भन्ने छैन । Soliel Chartered Bank USA स्विफ्टको सदस्य रहदा सम्म स्विफ्ट मार्फत् पठाएको थियो, त्यस पछि अन्य माध्यम मार्फत् पठाएको हो।

14 september 2014 मा प्रभु विकास बैंक, जेनिथ फाईनान्स लि., किष्ट बैंक र गौरीशंकर विकास बैंक एक-आपसमा मर्ज भई प्रभु बैंक लि. को एकिकृत कारोबार शुरु भएको थियो त्यसैले सिष्टम परिवर्तन भएको हुनाले अर्को सिष्टमको लेजरमा ट्रान्सफर गर्दा फरक भएको हुनुपर्छ, उल्लेखित विवरणहरु बैंकबाट माग गरी हेर्दा थाहा हुन्छ । प्रभु बैंक लि.बाट विवरण माग गरी अध्ययन गर्दा जानकारी हुन्छ । कारोबार गर्ने क्रममा बिप्रेषणको रकम चाडपर्वको बेलामा एकै चोटी धेरै प्राप्त हुने गर्दछ, त्यसो भएर एकै दिनको लागि बैंक ग्यारेण्टी खाम्ने भन्दा बढि देखिएको हुन सक्छ त्यसैले प्रभु बैंक लि.को संचालक देवी प्रकाश भट्टचनको लगानी रहेको एजेण्ट Prabhu group incUSA सँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी हुने गरी कारोबार गरेको होइन । Remit को सिस्टममा को कसको पहुँच म मातहतका सम्बन्धित रेमिटेन्स विभागमा कार्यरत कर्मचारीहरुको हुने गर्छ, Admin, Super admin को को छ त्यसको विवरण बैंकबाट माग गर्दा थाहा हुन्छ । Remit को सिस्टमको वारेमा सम्पुर्ण जानकारी सम्बन्धित बिभागसँग हुने भएको हुनाले प्रकृयाका सम्बन्धमा सवै कुराको मलाई जानकारी हुदैन । प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बीच २०६४ मा भएको सम्झौताको आधारमा बिप्रेषणको कारोबार भई आएको हो । उक्त सम्झौताको परिधि भित्र वसेर बिप्रेषण सम्बन्धी कारोबारलाई निरन्तरता दिईएको र सम्झौतामा उल्लेख भए बमोजिमको मिति देखिनै उक्त कम्पनिसँग बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण ब्याज रकम असुली गरेको छ । माथि उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंकको निरीक्षण पश्चात उक्त कम्पनिसँग Pre-funding एडभान्स कार्य पुर्णरुपमा बन्द गरीएको छ, नेपाल राष्ट्र बैंकमा पेश गरीएको उक्त प्रतिवेदन सम्बन्धमा हाल मलाई एकिन भएन । मलाई थाहा भए सम्म मैले मेरो जिम्मेवारी अनुसारको काम गरी आएको छु । बिप्रेषण (Remittance) कारोबार सम्बन्धमा प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई भुक्तानी दिएको रकम र सो रकमको ब्याज तथा मासिक आधार दर बमोजिम हुन आउने रकमहरु लिएको छ । त्यस्तो रकम Interest income others भन्ने खातामा जम्मा गर्ने गरेको छ । उक्त रकम सम्झौता अनुरुपनै समयमा नै प्राप्त हुने गरेको छ । बिप्रेषण कारोबारको सम्बन्धी

CamScanner

सम्पुर्ण जिम्मेवारी सम्बन्धित बिभागलाई हुने गरेको छ । बिप्रेषण (Remittance) कारोबारको सम्बन्धमा सम्बन्धित विभागले समय समयमा जानकारी गराउने गर्दछ र म प्रमुख कार्यकारी अधिकृतको हैसियतले आवश्यकता बमोजिम निर्देशन दिने कार्य गर्ने गरेको छु । उक्त प्रा.लि.सँग लिनु पर्ने सम्पुर्ण ब्याज र एडभान्स रकम हाल वांकी नरहेको जानकारी मलाई गराईएको हो। DCEO लाई जानकारी दिनु पर्ने व्यबस्था Organogram मा नभएकोले जानकारी गराउनु परेन । प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बिच हाल सम्म पनि बिप्रेषण (Remittance)को कारोबार भइरहेको छ । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर बीच भएको सम्झौता अनुरुप लिनु पर्ने ब्याज रकमको हिसाब किताव मासिकरुपमा एकिन गरी भुक्तानी लिने व्यबस्था रहेको थियो । उल्लेखित कार्य प्रभु बैंक लि.को Finance Department बाट हिसाब किताब हुने गरेको हो । प्रभु बैंक लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई बिप्रेषण वापतको रुपमा भुक्तानी गरेको रकमको ब्याज भुक्तानि लिई सकेको छ, प्रभु मनि ट्रान्सफर प्रा.लि.ले महिना महिनामा एकमुष्ट ब्याज रकम भुक्तानी दिई आएको छ । हाल उक्त कम्पनिसँग सम्झौता अनुरुप लिनु पर्ने ब्याज वांकी नरहेको व्यहोरा जानकारी गराउछु । प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर लि.बाट **रु.१,१३,४९,२६,९७०।६१ (अक्षेरेपि एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सतरी रुपौया एकसठी पैसा)** लिनु पर्ने छ भन्ने सम्बन्धमा सम्झौता अनुसार सम्पुर्ण रकम लिई सकेकोले वाँकी छ जस्तो मलाई लाग्दैन । प्रभु मनी ट्रान्सफर प्रा.लि.ले बिप्रेषण बाहेकको अन्य बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट अनुमति समेत नलिई प्रभु मनी ट्रान्सफर प्रा.लि. र सो प्रा. लि. का संचालक देवी प्रकाश भट्टचनले आ.व. २०७८/७९ मा Indrawati Handikhola Crusher Udhyog P. Ltd. समेत विभिन्न ८ वटा कम्पनीहरुमा रू.१,२४,००,००,०००/- (एक अर्ब चौबीस करोड रुपैंया) ब्याजमा कर्जा प्रवाह गरी सो कर्जा बापत ब्याज समेत लिएको सम्बन्धमा मलाई थाहा छैन, सो सम्बन्धमा सम्बन्धित व्यक्तिलाई जानकारी हुनुपर्छ । मैले प्रभु बैंक लि.मा रही प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएका निर्देशनहरुको पूर्ण पालना गरी आफ्नो पदिय दायित्व अनुसार आफ्नो जिम्मेवारी निर्वाह गरेको छु । मैले कुनै पनि व्यक्तिगत फाईदा तथा प्रलोभनमा परी बैंकलाई नोक्सान हुने काम गरेको छैन । माथि उल्लेख भए बमोजिमका मेरो जिम्मेवारी अन्तर्गत पर्ने कार्यहरु अनुरुप तयार पार्नु पर्ने सम्पूर्ण नीतिहरु, बार्षिक बजेट, कार्ययोजनाहरु बनाई संचालक समितिबाट हरेक वर्ष पारित गरी लागु गरीएको छ । बैंकको कर्मचारी विनियमवाली भित्र रही हाल करिब ३२०० जना कर्मचारीहरु कार्यरत रहेका छन् । संचालक समितिका निर्णयहरु, वार्षिक साधारण सभाहरु र नेपाल राष्ट्र बैंकका निर्देशनहरुको पूर्ण पालना गरीएकै कारण आज सम्म कुनै किसिमको कारबाही बैंकले ब्यहोरेको छैन । बैंकका सम्पूर्ण सुचकहरु नेपाल राष्ट्र बैंकद्वारा निर्देशित सिमा भित्रै रहेका छन् । यसर्थ मैले मेरो जिम्मेवारी पूर्ण रुपमा पालना गरेको पुष्टी हुन्छ । मैले प्रभु बैंक लि.मा रही प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएका निर्देशनहरुको पूर्ण पालना गरी आफ्नो पदिय दायित्व अनुसार आफ्नो जिम्मेवारी निर्बाह गरी प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट रेमिटेन्स कारोबार मार्फत् प्राप्त ब्याज समेतको रकम बैंकले प्राप्त गरी सकेको हुनाले यसमा मलाई कारबाही हुनु हुदैन भन्ने समेत व्यहोरा प्रतिवादी **अशोक शेरचन**ले बयान गरेको देखिन आयो।

CamScanner

प्रतिवादी मनिराम पोखरेलले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, म सन् २०२० जुलाई (२०७७ श्रावण १) देखि प्रभु बैंक लिमिटेडमा नायब प्रमुख कार्यकारी अधिकृत (DCEO) को कार्यरत छु। म सन् १९९० मा तत्कालिन नेपाल अरब बैंक लि. मा सहायक पदबाट काम गर्न सुरु गरेको हुँ। सोही बैंकमा सन् १९९५ मा जुनियर अफिसरमा पदोन्नती भई सोही वर्ष नेपाल एस बि आई बैंक लि.मा अफिसर पदमा नियुक्ती भई काम गर्न थालेको हुँ । सन् १९९८ मा नेपाल बैंक अफ सिलोनमा सहायक प्रबन्धक तथा विभागिय प्रमुख सहितको जिम्मेवारीमा करिब ५ वर्ष कार्यरत रहेको थिएँ । सो पश्चात सन् २००६ मा हिमचुली विकास बैंक लि., पोखरामा प्रमुख कार्यकारी अधिकृतको भुमिकामा करिब ८ वर्ष कार्यरत भएँ । त्यसपछि वि.सं. २०६९ साल असोज देखि समृद्धी विकास बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गरेँ । उक्त विकास बैंक प्रभु फाईनान्ससँग मर्ज भई प्रभु विकास बैंक लि. भएपछि सो बैंकमा सहायक महाप्रबन्धकको रुपमा जिम्मेवारी लिई काम गर्न थालेको हुँ । २०७१ सालमा प्रभु विकास बैंक, गौरीशंकर विकास बैंक, जेनिथ फाईनान्स र किष्ट बैंक लि. मर्ज भई प्रभु बैंक लि. बने पश्चात म प्रभु बैंक लि. को सहायक महाप्रबन्धकको रुपमा काम गर्न थालेको हुँ । त्यसपछि नायव महाप्रबन्धक हुँदै हाल म नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा प्रभु बैंक लि., बबरमहल काठमाडौंमा कार्यरत छु । मेरो बैंकिङ क्षेत्रमा करिव ३५ वर्षको अनुभव छ । मेरो हाल मासिक तलब, भत्ता करिब रु. ३,४०,०००।– रहेको छ। उक्त तलब भत्ता मेरो कर कट्टी गर्नु अगाडीको रकम हो । सो बाहेक १ महिनाको चाडबाड खर्च, १ महिनाको तलब बराबरको मेडिकल खर्च, बार्षिक रुपमा बैंकले दिने बोनस, १ महिनाको आधारभुत तलब बराबरको बिदाको रकम (Force Leave allowance), मासिक १५० लिटर सम्मको पेट्रोल उपलब्ध गराएको छ । वार्षिक आम्दानीको कानून बमोजिम लाग्ने कर बैंकले कटाएर मात्र मलाई पारिश्रमिक दिने गर्दछ । हाल म करिब ३ वर्ष अगाडी देखि नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा प्रभु बैंकको संचालन विभाग (Operation Department) अन्तर्गतको Portfolio मात्र हेर्दै छु । यसमा General Administration Department र Marketing Department मेरो जिम्मेवारी भित्र पर्दछ, यस अन्तर्गत बैंकको दैनिक संचालन सुचारु रुपले भए नभएको र बैंकको सेवा सुविधालाई चुस्त दुरुस्त भए नभएको Review तथा Monitor गरी आवश्यक कार्य गर्ने, त्यसको अलावा बैंकको विभिन्न समितिहरु जस्तै HR Committee, Procurement Committee, Operation Risk Management Committee मा पदेन संयोजकको भूमिका रहेको छ । साथै विभिन्न नीति, Manual, Guidelines, Product Paper, Framework को निर्माण, संशोधन, पुनरावलोकन गर्ने कार्यमा एउटा Team को सदस्यको रुपमा कार्य गर्ने, CEO बिदामा हुँदा निमित्त CEO को भूमिका निर्वाह गर्ने तथा विभिन्न बाह्य कार्यक्रम, समारोहमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने समेतको जिम्मेवारी रहेको छ । ३ वर्ष देखि नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा कर्जा स्वीकृती गर्ने अख्तियारी थिएन । यस भन्दा अघि DCEO को रुपमा रहदा प्रति ग्राहक रु.पाँच करोड सम्मको कर्जा स्वीकृत गर्ने अख्तियारी रहेकोमा समय समयमा तरलताको अभावले र Recovery मा बैंकको ध्यान केन्द्रीत गर्नुपर्ने अवस्थामा मेरो अख्तियारी सिज (Hold) हुने गरेको थियो। त्यसको Time line मलाई सम्झना भएन । बैंकको बिप्रेषण कारोबार मेरो कार्य विवरण अन्तर्गत नपर्ने हुँदा बैंकको बिप्रेषण कारोबारमा मेरो संलग्नता रहेन तसर्थ यस सम्बन्धमा मलाई थाहा भएन । बिप्रेषण भन्नाले स्वेदेश विदेशमा रहेका व्यक्तिहरुले रकम बैंकिङ च्यानल तथा रेमिट्यान्स

CamScanner

कम्पनीहरुबाट पठाउने प्रकृया भन्ने बुझिन्छ । प्रभु बैंक लि.को बिप्रेषण (Remittance) हेर्ने जिम्मेवारी म प्रभु बैंक लि.मा कार्यरत भए देखिनै नभएकोले बिप्रेषणको कारोबारको क्रममा के कस्तो सफ्टवेयर प्रयोग भएको छ ? बिप्रेषण कारोबारको क्रममा Information Flow र Cash flow युनिफाईड सिस्टमबाट आदान प्रदान हुन्छ ? सो सम्बन्धमा मलाई जानकारी हुदैन । म प्रभु बैंक लि.मा Join हुनु भन्दा अगाडी देखिनै बिप्रेषण कारोबार भइ आएको थियो । म प्रभु बैंक लि.मा २०७१ भदौबाट सहायक महाप्रबन्धकको हैसियतबाट आन्तरिक लेखा परिक्षकको प्रमुख भई काम गर्न शुरु गरेको हुँ, म बैंकमा काम गर्नु भन्दा अगाडी देखि नै बिप्रेषण (Remittance) को कारोबार भई आएको थियो । म DCEO २०७७ साउनमा हुनु भन्दा अगाडी अन्य संस्थागत दर्जामा कार्यरत थिए, बिप्रेषण (Remittance) मेरो शुरु देखि हाल सम्म जिम्मेवारीमा छैन, तसर्थ प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीचको रेमिटान्स कारोबारको सम्बन्धमा प्रभु बैंक लि.ले लिनु पर्ने रकम जम्मा **रु.१,१३,४९,२६,९७०।६१ (अक्षेरेपि एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सतरी रुपौया एकसठ्ठी पैसा)** भएको यसै मुद्दामा हाल आएर थाहा पाएको छु, अन्य मलाई थाहा छैन । देवी प्रकाश भट्टचन र रामेश्वर सापकोटा बैंकको संचालक समितिमा रहेका थिए । के कुन समयमा संचालक रहेका थिए मलाई एकिन भएन । निजहरु हाल संचालकमा हुनुहुन्न ।प्रभु बैङ्क लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई Remittance कारोबारको लागि भुक्तानी दिएको रकम प्रभु मनि ट्रान्सफर प्रा.लि.को कुन खाताबाट प्रभु बैङ्क लि. को के-कुन खातामा रकम जम्मा गर्छ र Remittance कारोबारको लागि भुक्तानी दिएको रकमको ब्याजको लागि छुट्टै Account खाता भए नभएको सम्बन्धमा मलाई थाहा छैन्, सम्बन्धित व्यक्तीलाई थाहा हुन्छ। प्रभु बैङ्क लि. ले प्रभु मनि ट्रान्सफर प्रा.लि. लाई Remittance कारोबारको लागि भुक्तानी दिएको रकमको ब्याज रकम के कसरी हिसाव (Calculation) गर्ने गरेको छ मलाई थाहा छैन । सम्बन्धित विभागलाई जानकारी हुन्छ । प्रभु बैंक लिमिटेड र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच बिप्रेषण रकम भुक्तानीको लागि औसत दैनिक तथा मासिकरुपमा के-कति रकमको कारोबार भई आएको छ मलाई जानकारी हुदैन, सवै सम्बन्धित विभागलाई जानकारी हुन्छ । बिप्रेषण (Remittance) कारोबारको लागि प्रभु बैंक लिमिटेड ले प्रभु मनि ट्रान्सफरप्रा.लि.लाई Pre–funding (एडभान्स) भुक्तानी दिने गरेको छ, छैन सो सम्बन्धमा मलाई जानकारी छैन र एडभान्स दिने गरेको भए के-कति रकम भुक्तानि दिने गरेको छ सो समेत मलाई जानकारी हुदैन । बिदेशबाट नेपालमा बिप्रेषण (Remittance) ल्याउने कामको लागि विदेशी बैंक तथा Agent सँग सम्झौता गर्दा त्यस्तो Agent ले के कस्तो प्रकृया गर्नु पर्छ मलाई जानकारी छैन । सम्बन्धित विभागलाई जानकारी हुन्छ । बिप्रेषण (Remittance) कारोबारको क्रममा प्रभु बैंक लि. ले विदेश स्थितमा भएको के कुन बैंक तथा Remittance एजेण्टहरुसँग Advance Funding र बैंक ग्यारेण्टीको आधारमा कारोबार गरी आएको छ मलाई जानकारी हुदैन, सम्बन्धित विभागलाई जानकारी होला । प्रभु बैंक लि. र अमेरीकामा भएको Prabhu group inc USA सँग बिप्रेषण कारोबार गर्नको लागि Soliel Chartered Bank USA को बैंक ग्यारेण्टी लिएको नलिएको सम्बन्धमा मलाई जानकारी छैन। बैंकले विदेश तथा स्वदेशमा बिप्रेषण कारोबार गर्न को को सँग सम्झौता गरेको छ सो समेत मलाई जानकारी हुदैन । बिप्रेषण कारोबार गर्नको लागि अमेरीकामा भएको Prabhu group inc USA को Soliel Chartered Bank USA को बैंक ग्यारेण्टी दिएको भन्ने हाल आएर थाहा भएको छ । कारोबार गर्ने क्रममा Prabhu group

CS CamScanner

inc USA ले पेश गरेको त्यस्तो बैंक जमानत एन एम बि बैंक लि.बाट एकिन गराईएको र पछि एकिन नगराईएको हो सो सम्बन्धमा मलाई थाहा छैन, साथै त्यस्तो बैंक जमानत अन्य बैंकबाट एकिन गराउनु पर्ने प्रावधान छ, छैन सो समेत मलाई जानकारीमा छैन । शुरुमा Soliel Chartered Bank USA ले पेश गरेको त्यस्तो बैंक जमानत स्विफ्ट मार्फत् पठाएको र पछि के कति कारणले स्विफ्ट मार्फत् नपठाएको हो मलाई जानकारी छैन । 13 September 2014 मा रु. ६१,५७,४९,७२२।९७ बैंकले पाउनु पर्ने भन्ने बैंक स्टेटमेण्टमा भएको र 15 September 2014 मा रु.३७,७१,८९०।—पाउनु पर्ने भन्ने उल्लेख भएको सम्बन्धमा मलाई थाहा छैन । प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.बीच भएको बिप्रेषण कारोबार हेर्ने मेरो जिम्मेवारी क्षेत्र भित्र नभएको हुँदा मलाई थाहा छैन । बिप्रेषण सम्बन्धी कारोबारको बैंक स्टेटमेण्ट Prabhu group USA को 2014/09/14 देखी 2020/05/28 सम्मको कारोबारको अध्ययन गर्दा अमेरिकी डलर 2540891.81 Receivable रहेको, यसै गरी 2020/05/28 देखि 2025/10/31 सम्मको कारोबार अमेरिकी डलर 4690336.82 Receivble भएको, सो कारोबारहरु 2014/10/14 मा अमेरिकी डलर 11709,589.46 Receivble रहेको, यसरी नै 2014/10/15 मा अमेरिकी डलर 12101801.72 Receivable रहेको सम्बन्धमा मलाई थाहा छैन । यो कुरा हाल मलाई थाहा भएको हो । यस सम्बन्धमा प्रभु बैंक लि.बाट विवरण माग गरी अध्ययन गर्दा थाहा हुन्छ । प्रभु बैंक लि. को तत्कालको संचालक देवी प्रकाश भट्टचनको लगानी रहेको एजेण्ट Prabhu group inc USA सँग मिलेमतो गरी बैंकलाई हानी नोक्सानी हुने गरी कारोबार गरेको भन्ने सम्बन्धमा मलाई जानकारीमा छैन। प्रभु बैंक लि. को Remit को सिस्टममा सम्बन्धित डिपार्टमेण्टमा कार्यरत कर्मचारीको पहुँच हुन्छ, Admin, Super admin पनि सम्बन्धित विभागमा कार्यरत कर्मचारी नै हुन्छ । रेमिट कारोबार गर्ने एजेण्टहरुको खातामा रहेको पैसा रेमिटको एडभान्स सेटलमेण्ट वापतको रकम एजेण्टको खातालाई डेविट गर्ने प्रकृया के हो सो कुरा मलाई जानकारी छैन । तत्कालिन कारोबार भएको समयमा म बिप्रेषण सम्बन्धी काम कारबाहीमा कतै पनि संलग्न नभएको, प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर बीच भएको कारोबार सम्बन्धमा राष्ट्र बैंकको स्थलगत निरीक्षण भई सो को प्रतिवेदन पेश गरेको व्यहोरा हाल अनुसन्धानको क्रममा थाहा पाए, म उल्लेखित प्रतिवेदनमा उल्लेख भएको उल्लेखित मितिहरुमा बैंकको DCEO को भूमिकामा नभई बिप्रेषण वाहेकको बिभागमा काम गरेको हो । तसर्थ मैले प्रभु बैंक लि.लाई हानी नोक्सानी पुऱ्याउने कुनै काम कारबाही भएको छैन । प्रभु बैंक लि.को DCEO को रुपमा जिम्मेवारी वहन गरी सके पश्चात मेरो कार्यविवरण माथि सलाल जवाफको क्रममा खुलाई सकेको र बिप्रेषण (Remittance) कारोबारको सम्बन्धमा प्रभु बैंकले भुक्तानी दिएको रकम र सो को ब्याज समेत समयमा चुक्ता गरेको छ, छैन भनि निरीक्षण गर्ने, अनुगमन गर्ने तथा आवश्यतकता अनुसार निर्देशन दिने लगायतको जिम्मेवारी मेरो नभएको प्रष्टाउँछु। तसर्थ उल्लेखित कार्यमा कुनै संलग्नता हुँदैन । प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफरसँग ब्याज वापत लिनु पर्ने रकमको ब्याज एकिन हिसाब किताव सम्बन्धित बिप्रेषण (Remittance) विभागबाट हुनु पर्छ जस्तो लाग्छ यस वाहेक अन्य मलाई जानकारी छैन । प्रभु मनि ट्रान्सफर प्रा.लि.र प्रभु बैंक लि.को बिप्रेषण (Remittance) कारोबार भईरहदा म बैंकमा प्रवेश गरेको थिइन र २०७७ साउन अगाडी जुन प्रभु मनि ट्रान्सफर प्रा.लि. सँगको कारोबार भईरहदा म बैंकको DCEO थिइन, जुन माथि उल्लेखित सवाल जवाफको क्रममा खुलाई लेखाई दिएको छु, तत्कालिन समयमा म बैंकको विभिन्न जिम्मेवारीमा

CamScanner

थिए तर बिप्रेषण (Remittance) सम्बन्धी कामको जिम्मेवारी मेरोमा थिएन । DCEO को काम, कर्तव्य र जिम्मेवारी माथि नै खुलाई लेखाई सकेको छु, जहाँ बिप्रेषण (Remittance) सम्बन्धी जिम्मेवारी रहदैन, त्यसकारण जिम्मेवारी अन्तर्गत नपर्ने भएको र उल्लेखित कार्यमा मेरो कुनै संलग्नता नहुने भएकोले यसमा मलाई सजाय हुनु हुदैन । प्रभु मनि ट्रान्सफर प्रा.लि.र प्रभु बैंक लि.को बिप्रेषण (Remittance) कारोबार भईरहदाको समयमा नायब कार्यकारी अधिकृत (DCEO) नभई सामान्य विभागिय प्रमुखको हैसियतमा बिप्रेषण (Remittance) विभाग बाहेकका अन्य विभागमा कार्यरत थिए । प्रभु मनि ट्रान्सफरले बैंक सँगको कारोबार सम्बन्धमा मलाई जानकारी थिएन । तसर्थ म अनविज्ञ भएको कारोबार र म कहि कतै पनि संलग्न नभएको माथिका जवाफहरुबाट पनि स्पष्ट हुन्छ,मैले प्रमुख कार्यकारी अधिकृत (CEO) अशोक शेरचन, रेमिट्यान्स डिपार्टमेन्ट प्रमुख Sugen भन्ने सुगेन शाक्य र प्रभु मनि ट्रान्सफर प्रा.लि.का संचालक तथा तत्कालिन प्रभु बैंक लि.का संचालक देवी प्रकाश भट्टचनसँग एक आपसमा मिलेमतो गरी संगठित भई प्रभु बैंक लि. लाई हानी-नोक्सानी पुऱ्याउने र प्रभु मनी ट्रान्सफर प्रा.लि.समेतलाई लाभ पुऱ्याउने काम मैले कहिले पनि गरीन र म बाट भएको छैन । मैले मलाई तोकिएको जिम्मेवारी अनुसारको काम मात्र गरेको हुँ भन्ने व्यहोराको प्रतिवादी **मनिराम पोखरेल**ले बयान गरेको देखिन आयो ।

प्रतिवादी Sugen भन्ने सुजिन शाक्यले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, मैले सन् २०१३ देखि सन् २०१७ सम्म प्रभु बैंक लि.मा बिप्रेषण (Remittance) Department प्रमुख र सन् २०१९ देखि हाल सम्म बिप्रेषण (Remittance) Department समेत ५ वटा बिभागको Chief Global market Officer को हैसियतमा काम गरी आएको छु । मैले प्रभु बैंक लि.को Remittance Department को प्रमुखको हैसियतमा काम गर्दा बैंकले बिप्रेषण रकम के कति पेमेण्ट गऱ्यो, बैंकको बिप्रेषण एजेण्टले के कति पेमेण्ट गऱ्यो भनि प्रतिवेदन हेर्ने र सो को जानकारी तत्कालित CEO अशोक शेरचनलाई दिने गरेको थिए । मैले ५ वटा विभागको प्रमुखको हैसियतमा प्रत्येक बिभागको काम कारबाही संचालन सुचारु राख्ने, बिभाग प्रमुखले पेश गरेको प्रतिवेदन अध्ययन गरी आवश्यक राय सुझाव दिने, Business Relationship बृद्धि गर्ने लगायत बैंकले बिप्रेषण रकम के कति पेमेण्ट गऱ्यो, बैंकको बिप्रेषण एजेण्टले के कति पेमेण्ट गऱ्यो, Nepal clearing house Limited (NCHL) बाट के कति पेमेण्ट भयो सो समेतको पेश भएको प्रतिवेदन हेरी आवश्यकता अनुसार सरसल्लाह सुझाव दिने र मलाई प्राप्त हुन आएको ५ वटै बिभागको रिपोर्टिङ CEO अशोक शेरचनलाई दिने गरेको छु । प्रभु बैंक लि.हुनु भन्दा अगाडी प्रभु फाईनान्स लि. हुँदाको समय वि.सं. २०६८ साल देखि नै प्रभु मनि ट्रान्सफर प्रा.लि.सँग बिप्रेषण (Remittance) सम्बन्धी पटक पटक सम्झौता गरी कारोबार गरी आएको छ । बिप्रेषण कारोबार गरे वापत प्रभु मनि ट्रान्सफर प्रा.लि.ले प्रभु बैंक लि.लाई ब्याज रकम रु.१,१३४९,२६,९७०।६१ (एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बिस हजार नौ सय सतरी रुपैंया एकसठ्ठी पैसा) दिनु पर्ने भन्ने व्यहोरा नेपाल राष्ट्र बैंकबाट खटि आउनु भएका उप-निर्देशक मणिराज श्रेष्ठले प्रतिवेदनमा उल्लेख गरी पेश गर्नु भएको म पक्राउ परी आए पछि थाहा भएको छ । म DCEO भए पछि प्रभु बैंकको संचालन विभाग (Operation Department) अन्तर्गतको Portfolio मात्र हेर्दै छु । जस्तै General Administration Department र Marketing Department अन्तर्गत बैंकको दैनिक संचालन सुचारु रुपले भए नभएको र बैंकको सेवा सुविधालाई चुस्त दुरुस्त भए नभएको Review तथा Monitor गरी आवश्यक कार्य

CamScanner

गर्ने, विभिन्न नीति, Manual, Guidelines, Product Paper, Framework को निर्माण, संशोधन, पुनरावलोकन गर्ने, CEO बिदामा हुँदा निमित्त CEO को भूमिका निर्वाह गर्ने तथा विभिन्न बाहय कार्यक्रम, समारोहमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने समेतको काम गरी आएको छु । म DCEO भए पछि मेरो कर्जा स्वीकृती गर्ने अख्तियारी थिएन । त्यस भन्दा अघि प्रति ग्राहक रु.पाँच करोड सम्मको कर्जा स्वीकृत गर्ने अख्तियारी थियो । म प्रभु बैंक लि.मा Join हुनु भन्दा अगाडी देखिनै बिप्रेषण कारोबार भइ आएको थियो । प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि. बीच भएको रेमिटान्स कारोबारमा प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट प्रभु बैंक लि.ले ब्याज रकम रु.१,१३,४९,२६,९७०।०६ (एक अर्ब तेह्र करोड उनान्चास लाख छब्बीस हजार नौ सय सत्तरी रुपैयाँ छ पैसा) भएको कुरा हाल आएर थाहा पाएको छु । प्रभु मनि ट्रान्सफर प्रा.लि.र प्रभु बैंक लि.को बिप्रेषण (Remittance) कारोबार भईरहदाको समयमा नायब कार्यकारी अधिकृत (DCEO) नभई सामान्य विभागिय प्रमुखको हैसियतमा बिप्रेषण (Remittance) विभाग बाहेकका अन्य विभागमा कार्यरत थिए भनि) प्रतिवादी Sugen भन्ने सुजिन शाक्यले बयान गरेको देखिन आयो ।

प्रदिप कुमार खड्काले घटना विवरण कागज गर्दा, मैले प्रभु मनि ट्रान्सफर प्रा.लि.का संचालक देवी प्रकाश भट्टचनले लगाएका कामहरु गरी आएको छु । उक्त प्रा.लि.को सबै अधिकार देवी प्रकाश भट्टचनको रहेको छ । उक्त प्रा.लि.मा देवी प्रकाश भट्टचनको एकल संचालक भएकोले उसैको एकल निर्णय हुने गरेको थियो । प्रभु मनि ट्रान्सफर प्रा.लि.ले कुन-कुन कम्पनीहरुमा के-कति ब्याजदरमा रकम लगानी गरी ब्याज लिएको छ सो सम्बन्धमा मलाई थाहा छैन । सो सम्बन्धमा पुरानो लेखापाल श्याम श्रेष्ठ र निजै देवी प्रकाश भट्टचनलाई थाहा हुन्छ । मैले 23 Dec 2025 सम्मको ledger को अवस्था हेर्दा प्रभु मनि ट्रान्सफर प्रा.लि.ले Indrawati Handikohola Crusher Udyog P.Ltd. समेतका ८ वटा कम्पनिहरुको नाममा कर्जा प्रवाह गरी Indrawati Handikohola Crusher Udyog P.Ltd बाट रु.१२,४५,१०,६६२.७४/-, Home Investment Pvt. Ltd. बाट रु.११,४५,७०,३७६.५४/-, Yatri Housing P.Ltd. बाट रु.११,२६,८०,०८०.०६/-, Panchpokhari Agriculture P.Ltd.बाट रु.७३,११,८२३.२८/-, Himalaya Olive Cultivation P.Ltd. बाट रु. १८,५६,८३, २५३.१६/-, Natural Himalaya Farm P.Ltd. बाट रु.६०,६९,७३०.५२/- Avocado Farm P. Ltd. बाट रु. २४, ९०,२१,३२५.४७/- र Himalaya Plantation P.Ltd. बाट रु.२९,५८,९७,४३१.४५/- समेत गरी जम्मा रु.१,०९,५७, ४४,६८३।२२ (एक अर्ब नौ करोड सन्ताउन्न लाख चौवालिस हजार छ सय त्रियासी रुपैयाँ र बाईस पैसा) लिनुपर्ने रहेको देखिन्छ भनि प्रभु मनि ट्रान्सफर प्रा.लि. कार्यरत हालको लेखापाल प्रदिप कुमार खड्काले मौकामा कागज गरीदिएको पाइयो ।

श्याम कार्कीले घटना विवरण कागज गर्दा, प्रभु मनि ट्रान्सफर प्रा.लि.को आ.व.२०७४/०७५ देखि आ.व.२०८०/०८१ सम्मको लेखापरीक्षण मैले गरेको हो । प्रभु मनि ट्रान्सफर प्रा.लि.को Receivable from party मा सम्पुर्ण विवरण राख्नु पर्दा धेरै ठुलो वित्तीय विवरण ठुलो भई काम गर्न सहज नहुने भएकोले Receivable from party मा सबैको व्यहोरा उल्लेख नगरी एकमुष्ट रकम मात्र रु.१,४८,९९,२७,३०२.०० उल्लेख गरीएको हो। उक्त Receivable from party (4.4) मा उल्लेखित सम्पुर्ण विवरण नराखे पनि प्रमाणको लागि Sampling basis को लागि आवश्यकता अनुसार लेजर र कम्प्युटरमा हेरी आवश्यक कागजातहरु वर्किङ फाईलमा समावेश गरेको छु । उक्त प्रा.लि.ले बिप्रेषण कारोबार गर्न

CamScanner

नेपाल राष्ट्र बैंकबाट अनुमति लिई सञ्चालन गरेको देखिन्छ । प्रभु मनि ट्रान्सफर प्रा.लि. ले निम्न ८ वटा कम्पनीहरुको आ.व. २०८०/०८१ मा निम्न बमोजिमको Advance रकम (लगानी) गरेको देखिन्छ ।

सि.नं.	कम्पनी	Advance लगेको रकम रु.
1.	Indrawati Handikhola Crusher Udhyog Pvt.Ltd.	९,००,००,०००/- (नौ करोड)
2.	Yatri Housing Pvt. Ltd.	१२,००,००,०००/- (बाह्र करोड)
3.	Panchpokhari Agriculture Pvt. Ltd.	१३,००,००,०००/- (तेह्र करोड)
4.	Himalaya Olive Cultivation Pvt. Ltd.	१४,००,००,०००/- (चौध करोड)
5.	Natural Himalaya Farm P. Ltd.	१४,००,००,०००/- (चौध करोड)
6.	Avocado Farm Pvt. Ltd.	१८,००,००,०००/- (अठार करोड)
7.	Himalaya Plantation P. Ltd.	२०,००,००,०००/- (बीस करोड)
8.	Home Investment P. Ltd.	१८,००,००,०००/- (अठार करोड)
जम्मा रु.		१,१८,००,००,०००/-(एक अर्ब अठार करोड रुपैयाँ)

यसरी प्रा.लि.ले जम्मा रु. १,१८,००,००,०००/- (एक अर्ब अठार करोड रुपैयाँ) Advance दिएको र सो को ब्याज बापत रु.१७,३०,५६,४६९.११/- (सत्र करोड तीस लाख छपन्न हजार चार सय उनान्सत्तरी रुपैयाँ एघार पैसा) खर्च लेखेको र सो बापतको कर रकम रु.२,५९,५८,४७०.३७/- (दुई करोड उनान्साठी लाख अन्ठाउन्न हजार चार सय सत्तरी रुपैयाँ सैतिस पैसा) कर दाखिला गरेको देखिन्छ । प्रभु मनि ट्रान्सफर प्रा.लि.ले यसरी ब्याजमा रकम लगानी गर्ने र ब्याज लिने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति लिएको छैन । प्रभु मनि ट्रान्सफर प्रा.लि.ले प्रभु बैंक लि.लाई बिप्रेषण कारोबार गर्ने क्रममा ADVANCE रकम दिई थपघट भएको रकमको सम्बन्धमा सम्झौता बमोजिम प्रभु बैंक लि.लाई सन् २०२१ फेब्रुअरी ११ मा रु.३,७१,७०,९९७.४०/- (तिन करोड एकहत्तर लाख सत्तरी हजार नौ सय सन्तानब्बे रुपैयाँ चालिस पैसा) ब्याज भुक्तानी गरेको देखिन्छ भनि Chartered Accountant श्याम कार्कीले मौकामा कागज गरीदिएको पाइयो ।

सरिना श्रेष्ठले घटना विवरण कागज गर्दा, हाल म प्रभु बैंक लि.को Treasury Back शाखामा Junior Officer को रुपमा ५ महिना देखि कार्यरत छु । यस भन्दा अगाडी ५/६ वर्ष बैंकको रेमिट शाखामा Supervisor हुँदै Junior Officer को रुपमा कार्यरत थिएँ । रेमिट शाखामा Supervisor र Junior Officer को रुपमा कार्यरत रहँदा Phone Handling गरी ग्राहकसँग समन्वय गर्ने देखि Back Office ले गर्ने सम्पूर्ण Operation Related

कामहरु गर्ने गरेको थिएँ । प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई प्रभु बैंक लि.बाट रेमिट भुक्तानी गर्ने सिलसिलामा दिईएको Advance बापतको रकमको ब्याज Calculation गर्ने काम म भन्दा पहिला रेमिट शाखामा कार्यरत असिस्टेन्ट लेभलको अंकिता श्रेष्ठले गर्ने गर्नु भएको थियो । उक्त ब्याज Calculation मैले बेसरेटको आधारमा २/३ पटक गरेको छु तर कहिले, कुन मितिको गरेको, एकिन याद भएन । प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई प्रभु बैंक लि.बाट रेमिट भुक्तानी गर्ने सिलसिलामा दिईएको Advance बापतको रकमको ब्याज Calculation गर्नको लागि प्रभु मनि ट्रान्सफरले रेमिटयान्सको कारोबारको स्टेटमेन्ट बैंकलाई दिने र सो प्राप्त भएपछि बैंकले बैंकबाट तोकिएको बेसरेटको आधारमा ब्याज Calculation गर्ने गरीएको थियो । उक्त ब्याज Calculation गरेपछि म माथी माथिको कर्मचारीबाट चेक हुन्थ्यो । ब्याज Calculation गरेपछि बैंकको Finance Department मा पठाई उक्त शाखामा Entry हुने गरेको थियो । सो रकम के-कसरी बैंकले भुक्तानी लिने गरेको थियो, उक्त काम Finance Department को भएकोले सो कुरा मलाई थाहा भएन। प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई रेमिट भुक्तानी गर्ने सिलसिलामा दिईएको Advance को ब्याज Calculation मैले २/३ पटक गरेको छु, यस बाहेक उक्त प्रा.लि.को ब्याजको Calculation नभएको भन्ने कुरा मलाई थाहा भएन । Remittance को ब्याज रकम मलाई थाहा भएसम्म Finance Department ले Interest Other Income मा राख्ने गरेको थियो । प्रभु मनि ट्रान्सफर प्रा.लि. र प्रभु बैंक बिच बिप्रेषण कारोबारको प्रत्येक देशमा छुट्टाछुट्टै Remit Settlement खाता छ, छैन भन्ने कुरा मलाई थाहा छैन । प्रभु मनि ट्रान्सफर प्रा.लि. नामसँग मिल्ने गरी PMT जस्तै डमी खाताहरु संचालन गरेको बारेमा मलाई थाहा छैन । रेमिटेन्स शाखामा पहिले Pumori Software र हाल Finacle Software प्रयोग गर्ने गरीएकोमा सो को युजर आई डि प्रत्येक कर्मचारीको व्यक्तिगत थियो । रेमिट शाखाबाट रेमिटयान्स कारोबारको लागि दिएको Advance रकमको Monthly Basis मा Base Rate को आधारमा ब्याज Calculation गरी प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई जानकारी गराउने गरेकोमा सो रकमको ईन्ट्री Finance Department बाट हुने गरेको थियो । उक्त हिसाब गरेको ब्याज बैंकले भुक्तानी लियो, लिएन भनी हेर्ने काम मेरो होईन, माथिल्लो तहको हो । मैले रेमिट शाखामा मलाई तोकिएको जिम्मेवारी बमोजिमको काम मात्र गर्ने गरेको थिएँ भन्ने व्यहोराको प्रभु बैंक लि.हेड अफिस ववरमहलमा Junior Officer को पदमा कार्यरत सरिना श्रेष्ठले मौकामा कागज गरीदिएको पाइयो ।

यस बैंक प्रभु मनी ट्रान्सफर प्रा.लि. संगको सम्झौता बमोजिम विप्रेषण सम्बन्धी कारोबारका क्रममा प्रभु मनी ट्रान्सफर प्रा.लि. बाट बैंकले भुक्तानी गरेको रेमिट रकम बापत लिन बाँकी रकममा सम्झौता बमोजिम बैंकले विभिन्न मितिमा जम्मा रु.१,१२,९०,४९,७२२।७४ (एक अर्ब बाह्र करोड नब्बे लाख उनान्पचास हजार सात बाईस रुपैंया पचहत्तर पैसा) ब्याज लिई बैंकको आम्दानी जनाईसकिएको व्यहोरा तहाँलाई अवगतै रहेको छ। यस बैंकको Core Banking System अनुसार लेना रकम (Receivable Amount) को आधारमा बैंकले प्रभु मनी ट्रान्सफर प्रा.लि. संगबाट ब्याज बापत थप रु.४,२६,५१,५३८।५८ (चार करोड छब्बीस लाख एकाउन्न हजार पाँच सय अठ्तीस रुपैंया अन्ठाउन्न पैसा) लिनुपर्ने देखिन्छ भनि प्रभु बैंक लिमिटेडको मिति २०८३।०२।१२ गतेको पत्रबाट लेखिआएको पाइयो ।

CamScanner

यस बैंक र प्रभु मनी ट्रान्सफर प्रा.लि. विच विप्रेषण सम्बन्धी कारोबार शुरु भएको मिति सन् २००६।०२।२० देसि मन् २०२१।१०।०७ सम्म बैंकको Core Banking System मा देखिएको दैनिक अन्तिम लेना रकम (Daily Closing Balance) मा हिसाब गर्दा बैंकले थप लिनुपर्ने व्याज रकम रु.८,९३,२५,७७०।१२ देखिन आएकोले सोही ब्यहोरा मिति २०८२/०९/१६ को पत्रबाट र तहाँको मिति २०८२/११/०४ को पत्रअनुसार उल्लेखित समयाबधीको (सन् २०११।०४।०६ देखि सन् २०२१।१०।०७ सम्म) व्याजदर गणना भएकोमा बैंकको Core Banking System मा देखिएको दैनिक अन्तिम लेना रकम (Daily Closing Balance) मा भोलिपल्ट प्राप्त भएको रकम सम्झौता बमोजिम घटाई हिसाब गर्दा बैंकले थप लिनुपर्ने व्याज रकम रु.४,२६,५१,५३८।५८ देखिन आएकोले सोही व्यहोरा मिति २०८२/११/१५ को पत्रबाट जानकारी गराईएको हुँदा बैंकबाट प्रेशित उपरोक्त मितिका पत्रमा बैंकको लेना रकम फरक पर्न गएको भनि लेखि आएको पाइयो।

कल खाताको सम्बन्धमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. १६ को को बुँदा नं. ३(१) मा *"इजाजतपत्र प्राप्त संस्थाले स्वीकार गर्ने निक्षेपको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्विधिका बारेमा इजाजतपत्र प्राप्त संस्था आफैले नियम बनाई लागू गर्नु पर्नेछ र त्यस्तो नियम तथा कार्यविधि यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ"* भन्ने व्यवस्था रहेको ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. ४ सँग सम्बन्धित अनुसूची नं. ४.२० मा Deposit from Customers मा कल खाता स्स्थागत ग्राहकहरुमा समावेश भएकोले कल खाता सस्थागत ग्राहकहरुले खोल्ने र संचालन गर्न पाउने खाताको रुपमा देखिन्छ।

बैंकले एड्भान्सको रुपमा दिएको रकम कल खातामा राखेको सम्बन्धमा यसै बैंकबाट गरृको विशष स्थलगत निरीक्षण प्रतिवेदन, २०७७ (त्यस ब्यूरोको पत्रमा उल्लेख भएको प्रतिवेदन) को बुँदा नं. ४.३ मा Advance रकमको दैनिक Settlement नभएको र बुँदा नं. ४.६. मा कल खातामा जम्मा भएको रकममा ब्याज प्रदान गर्ने गरेको बारे उल्लेख भएको । साथै, नेपाल राष्ट्र बैंकले बैङ्क तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशनको निर्देशन नं. १५ को बुँदा नं. १५ को बुँदा नं. १(६) मा *"माग तथा अल्प सूचनामा आधारित निक्षेप (Call Deposit) मा बचत निक्षेपमा प्रदान गरीने न्यूनतम ब्याजदरको पचास प्रतिशत भन्दा बढी ब्याज प्रदान गर्न पाइने छैन। त्यस्ता खाताहरुमा चेक जारी गर्न पाइने छैन ।"* भन्ने व्यवस्था रहेको भनि नेपाल राष्ट्र बैंकबाट लेखि आएबाट कल खाताको रकमान्तर भएको सम्बन्धमा केही गरी रहनु परेन ।

अतः- मिसिलमा संलग्न भएका बैंक तथा बित्तीय संस्थाको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकबाट प्रभु बैंक लि. र प्रभु मनि ट्रान्सफर प्रा.लि.मा समय समयमा निरीक्षण अनुगमन गरी बिप्रेषण (Remittance) कारोबार गरे बापत प्रभु मनि ट्रान्सफर प्रा.लि.ले प्रभु बैंक लि.लाई भुक्तानी दिनु पर्ने ब्याज रकमको सम्बन्धमा प्रष्टरुपमा कैफियत देखाउदा समेत बिप्रेषण (Remittance) कारोबारको लागि प्रभु बैंक

CamScanner

लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई भुक्तानी दिएको ब्याज रकम पुरै भुक्तानी गरेको देखिदैन । यसबाट के देखिन्छ भने प्रभु बैंक लि.का उच्च तहका कर्मचारीहरु CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, Remittance Department Head/Chief Global market Officer Sugen भन्ने सुजिन शाक्य समेतको प्रभु मनी ट्रान्सफर प्रा.लि.का संचालक तथा प्रभु बैंक लि.का तत्कालिन संचालक देवी प्रकाश भट्टचनसँग एक आपसमा मिलेमतोमा प्रभु बैंकको सबै Advence रकम ब्याज पुरै लिनु दिनु गरेको देखिदैन । यसरी प्रतिवादीहरु CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, Remittance Department Head/Chief Global market Officer Sugen भन्ने सुजिन शाक्य समेतले प्रभु बैंक लि.को दिर्घकालीन प्रवर्दनको लागि संवेदनशील नभई नेपाल राष्ट्र बैकले जारी गरेको निर्देशिका, नीति, नियम विपरीत बैकको क्षेत्रधिकार भन्दा वाहिर गई प्रतिवादीहरुको मिलेमतो, सरसल्लाह, योजना र दुषित मनसायले बैंकलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले व्यक्तिगत/निजी स्वार्थ समावेश गरी स्वार्थ समूहलाई लाभ पुऱ्याउने बदनियतका साथ सम्झौता बमोजिम प्रभु बैंक लि.ले प्रभु मनि ट्रान्सफर प्रा.लि.बाट रेमिटेन्स बापतको ब्याज रकम रु.४,२६,५१,५३८।१२ (चार करोड छब्बिस लाख एकाउन्न हजार पाँच सय अठ्तीस रुपैंया बाह्र पैसा) भुक्तानी नलिई प्रभु बैंक लि.लाई हानी नोक्सानी पुऱ्याई बैंकिङ्ग कसूर गरेको देखिएकोले निज प्रतिवादीहरु अशोक शेरचन, मनिराम पोखरेल, Sugen भन्ने सुजिन शाक्य र देवी प्रकाश भट्टचनले गरेको उक्त कार्य बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ९ र दफा १४ बमोजिम बैंकिङ कसूर गरेको तथ्य स-प्रमाण पुष्टि हुन आयो।

<u>अभियुक्तलाई हुनुपर्ने सजायः-</u>

अतः माथि विवेचित आधार प्रमाणहरुबाट प्रतिवादीहरु अशोक शेरचन, मनिराम पोखरेल, Sugen भन्ने सुजिन शाक्य र देवी प्रकाश भट्टचनले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ९ र दफा १४ ले निषेधित कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई रु.४,२६,५१,५३८।१२ (चार करोड छब्बिस लाख एकाउन्न हजार पाँच सय अठ्तीस रुपैंया बाह्र पैसा) बिगो कायम गरी प्रतिवादीहरु अशोक शेरचन, मनिराम पोखरेल, Sugen भन्ने सुजिन शाक्य र देवी प्रकाश भट्टचनलाई सोही ऐनको दफा १५(२)(घ) बमोजिम बिगो बमोजिम जरिवाना गरी कैद सजाय समेत हुन मागदाबी लिइएको छ । साथै प्रस्तुत मुद्दाको सक्कल मिसिल यसै साथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परी हाजिरी जमानीमा छाडिएका **प्रतिवादीहरु अशोक शेरचन, मनिराम पोखरेल, Sugen भन्ने सुजिन शाक्य** समेत उपस्थित नभई फरार रहेको हुँदा र फरार **प्रतिवादीहरु देवी प्रकाश भट्टचन, अशोक शेरचन, मनिराम पोखरेल, Sugen भन्ने सुजिन शाक्य**लाई सम्मानित अदालतबाटै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ को उपदफा (२) बमोजिम पक्राउ पूर्जि जारी गरी पाउन सादर अनुरोध छ ।

प्रस्तुत मुद्दाका प्रतिवादी अशोक शेरचन समेत भएको यसै लगाउका १३ नं. मुद्दा मिति २०८३।०३।०८ र ११ नं. का मुद्दा आजै पेश गरिएको हुँदा एकै साथ राखि सुनुवाई हुन अनुरोध छ।

CamScanner

<u>सजाय कम वा सजायमा छुटको मागदाबी र आधारः</u> x

<u>क्षतिपुर्तिको मागदाबीः</u> प्रभु बैंक लि.लाई हानी नोक्सानी पुग्न गएको Advence विप्रेषण रकमको ब्याज रु.४,२६,५१,५३८।१२ (चार करोड छब्बिस लाख एकाउन्न हजार पाँच सय अठ्तीस रुपैंया बाह्र पैसा) प्रभु मनि ट्रान्सफर प्रा.लि.का संचालक देवी प्रकाश भट्टचनबाट प्रभु बैंकलाई दिलाई भराई पाउन अनुरोध छ ।

<u>अभियोग दाबीसँग सम्बन्धित कानूनी व्यवस्थाः-</u>

<u>कसूरः-</u>

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को परिच्छेद २ मा निषेध गरीएको कार्यः-

<u>दफा ९. बैंकिङ्ग स्रोत, साधन र सम्पत्तिको दुरुपयोग गर्न नहुनेः-</u> (१) बैंक वा वित्तीय संस्थाको संस्थापक, संचालक, प्रचलित कानून बमोजिम वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, मेनेजिङ्ग एजेण्ट वा सम्बद्ध व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिका परिवारका सदस्यले बैंक वा वित्तीय संस्थाबाट सुविधा लिई वा अन्य कुनै तरिकाले बैंक वा वित्तीय संस्थाको स्रोत र साधनको दुरुपयोग गर्न हुँदैन।

<u>दफा १४. अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्न गराउन नहुँनेः-</u> बैंक वा वित्तीय संस्थालाई हानि नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले पनि कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा नगर्न, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गर्न वा गराउन हुँदैन।

<u>दण्ड सजायः</u>

<u>दफा १५- दण्ड सजायः</u> (२) कसैले दफा ५, ६, दफा ७ को खण्ड (घ), (घ१), (घ२), (ङ), (च), (छ), (ज), (झ) र (ञ), दफा ८, ९, १०, १२ वा १४ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कसूरसँग सम्बन्धित देहाय बमोजिमको बिगो भएमा कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद र विगो भराई विगो बमोजिम जरिवाना हुनेछ :-

घ) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः-</u>

- प्रस्तुत मुद्दामा अन्य कोही कसैको संलग्नता रहेको खुल्न आएमा सोही बखत मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी सहितको अभियोग पत्र प्रस्तुत गरीने व्यहोरा अनुरोध छ।

<u>सबुद/प्रमाणः</u>

दशी प्रमाण तथा कसूरसँग सम्बन्धित चिजः

CamScanner

गवाहः- जाहेरवाला उप-निर्देशक मणि राज श्रेष्ठ, प्र.नि. देवराज काफ्ले, प्र.नि. डिल्लीराज सापकोटा, प्र.नि. निर्मल थापा, प्र.नि. रवि घिमिरे, प्र.नि. राजेश थापा र प्र.ना.नि. रमेश कार्की समेत ।

देखे/सुन्नेः बुझिएका मानिसः प्रदिप कुमार खड्का, श्याम कार्की र सरिना श्रेष्ठ।

<u>प्रस्तुत कागजातहरुः</u>

१. मिति २०८२।०६।०१ गतेको प्रभु बैंकका शेयरधनीहरुको निवेदन पाना-२ ।
२. मिति २०८२।०७।२८ गतेको प्रभु बैंक लि.को पत्र समेतका कागजातहरु पाना-७ ।
३. मिति २०८२।०७।२८ गतेको प्रभु बैंक लि.को पत्र समेतका कागजात पाना-२ ।
४. मिति २०८२।०७।२८ गतेको प्रभु बैंक लि.को पत्र समेतका कागजातहरु पाना-७ ।
५. मिति २०८२।०८।१६ गतेको प्रभु बैंक लि.को पत्र समेतका कागजातहरु पाना-२२ ।
६. मिति २०८२।०७।२८ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।
७. Amendment of Remittance Agreement Between Prabhu Bank Ltd. And Prabhu Group Inc. समेतका कागजातहरु पाना-१८४ ।
८. मिति २०८२।०८।०८ गतेको नेपाल राष्ट्र बैंक, वित्तिय ईकाईलाई लेखेको पत्र र पत्रसँग संलग्न कागजातहरु पाना-४० ।
९. मिति २०८२।०८।१९ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई लेखेको पत्र पाना-१ ।
१०. मिति २०८२।०८।२२ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि. को पत्र पाना-१ ।
११. प्रभु मनि ट्रान्सफर प्रा.लि.को Shyam Karki & Co.बाट भएको लेखा परीक्षण समेतका कागजातहरु पाना-३१ ।
१२. नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरीवेक्षण विभागबाट तयार भएको प्रभु मनि ट्रान्सफर प्रा.लि.को समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन पाना-२४ ।
१३. Prabhu bank limited को Report of inspection findings पाना-३९ ।
१४. मिति २०८२।०८।०३ गतेको कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
१५. बाट प्राप्त पत्र पाना-१ साथ संलग्न शेयरधनी कागजातहरु समेत पाना-२० ।
१६. मिति २०८२।०८।१५ गतेको प्रभु बैंक लि.को पत्र र सोसाथ संलग्न कागजातहरु पाना-१ ।
१७. मिति २०८२।०८।१९ गतेको मणि राज श्रेष्ठ, उपनिर्देशक, नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागलाई लेखेको पत्र पाना-१ ।
१८. मिति २०८२।०८।२१ गतेको मणि राज श्रेष्ठ, उपनिर्देशक, नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागले पेश गरेको प्रतिवेदन पाना-१ साथ संलग्न कागजातहरु पाना-६६ ।
१९. मिति २०८२।०८।२२ गतेको प्रहरी प्रतिवेदन पाना-१० ।
२०. मिति २०८२।०८।२२ गतेको प्रहरी महानिरीक्षकको अनुमतिको लागि लेखेको पत्र र अनुमति पाना-२ ।
२१. मिति २०८२।०८।२१ गतेको आन्तरिक राजस्व विभाग, लाजिम्पाटलाई लेखेको पत्र पाना-१ ।
२२. मिति २०८२।०८।२३ गतेको आन्तरिक राजस्व विभाग, लाजिम्पाटको बोधार्थ पत्र पाना-१ ।

CamScanner

२३. मिति २०८२।०८।२४ गतेको मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलको पत्र पाना-१ ।
२४. मिति २०८२।०८।२१ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि., कमलादीलाई लेखेको पत्र पाना-१ ।
२५. मिति २०८२।०८।२१ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि., कमलादीलाई लेखेको पत्र पाना-१ ।
२६. मिति २०८२।०८।२२ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-१ ।
२७. मिति २०८२।०८।२३ गतेको उच्च अदालत, पाटन, ललितपुरलाई लेखेको पत्र पाना-२ ।
२८. मिति २०८२।०८।२३ गतेको उच्च अदालत, पाटन, ललितपुरबाट प्राप्त पक्राउ अनुमति आदेश पाना-१ ।
२९. मिति २०८२।०८।२३ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-१ ।
३०. मिति २०८२।०८।२४ गतेको सुजिन शाक्यको नामको पक्राउ पूर्जी पाना-१ ।
३१. मिति २०८२।०८।२१४ गतेको दाखिला प्रतिवेदन र सुजिन शाक्यको मतदाता फोटो सहितको विस्तृत विवरण पाना-२ ।
३२. मिति २०८२।०८।२४ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन पाना-२ ।
३३. मिति २०८२।०८।२४ गतेको सुजिन शाक्यको थुनुवा पूर्जी पाना-१ ।
३४. मिति २०८२।०८।२४ गते विशेष सरकारी वकील कार्यालयलाई प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाईएको पत्र पाना-१ ।
३५. मिति २०८२।०८।२४ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघरलाई पहिलो पटक म्याद थपको लागि लेखेको पत्र पाना-३ र संलग्न कागजातहरु पाना-८ ।
३६. मिति २०८२।०८।२४ गतेको विशेष सरकारी वकील कार्यालयरले प्रथम पटक म्याद थपको लागि उच्च अदालत, पाटनलाई लेखेको पत्र पाना-२ ।
३७. मिति २०८२।०८।२४ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा उपस्थितको लागि लेखेको पत्र पाना-१ ।
३८. मिति २०८२।०८।२४ गतेको नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागको पत्र पाना-२ समेतको कागजातहरु पाना-१४३ ।
३९. मिति २०८२।०८।२५ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा उपस्थितको लागि लेखेको पत्र पाना-१ ।
४०. मिति २०८२।०८।२५ गतेको CDR/SMS समेतको कल विवरण अनुमतिको लागि काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंलाई लेखेको पत्र र सम्मानित अदालतबाट प्राप्त अनुमति पाना-१ ।
४१. मिति २०८२।०८।२५ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा राख्नको लागि लेखेको पत्र पाना-१।
४२. मिति २०८२।०८।२५ गतेको अशोक शेरचन समेतलाई मुद्दाको सम्बन्धमा जानकारी गराईएको पत्र पाना-१ ।

CamScanner

४३. मिति २०८२।०८।२६ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा उपस्थितको लागि लेखेको पत्र पाना-१ ।

४४. मिति २०८२।०८।२६ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-१ ।

४५. मिति २०८२।०८।२६ गतेको नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभागलाई लेखेको पत्र पाना-१ ।

४६. मिति २०८२।०८।२६ गतेको कर्जा सूचना केन्द्र, कमलादी, काठमाडौंलाई लेखेको पत्र पाना-१।

४७. मिति २०८२।०८।२६ गतेको कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

४८. मिति २०८२।०८।२६ गतेको प्राईम कमर्सियल बैंक समेतलाई लेखेको पत्र पाना-१ ।

४९. मिति २०८२।०८।२६ गतेको प्रभु बैंक लि. लाई लेखेको पत्र पाना-१ ।

५०. मिति २०८२।०८।२६ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-१ ।

५१. मिति २०८२।०८।२६ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा राख्नको लागि लेखेको पत्र पाना-१।

५२. मिति २०८२।०८।२६ गतेको प्रभु बैंक लि. को पत्र पाना-१ ।

५३. मिति २०८२।०८।२६ गतेको प्रभु बैंक लि. को पत्र समेत संलग्न कागजातहरु पाना-५ ।

५४. मिति २०८२।०८।२६ गतेको प्रभु बैंक लि.को पत्र समेत संलग्न कागजातहरु पाना-१५२ ।

५५. मिति २०८२।०८।२६ गतेको नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्थाको पत्र समेतका कागजातहरु पाना-३१ ।

५६. मिति २०८२।०८।२८ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघरलाई जानकारी गराईएको पत्र पाना-१ ।

५७. मिति २०८२।०८।२८ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-१ ।

५८. मिति २०८२।०८।२८ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा राख्नको लागि लेखेको पत्र पाना-१।

५९. मिति २०८२।०८।२८ गतेको प्रभु बैंक लि. को पत्र पाना-१ ।

६०. मिति २०८२।०८।२८ गतेको प्राईम कमर्सियल बैंकको पत्र समेत संलग्न कागजातहरु पाना-१७।

६१. मिति २०८२।०८।२९ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा उपस्थितको लागि लेखेको पत्र पाना-१ ।

६२. मिति २०८२।०८।२९ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघरलाई बयान गर्नको लागि लेखेको पत्र पाना-१ ।

६३. मिति २०८२।०८।२९ गतेको प्रतिवादी Sugen भन्ने सुजिन शाक्यको बयान पाना-२२ ।

६४. मिति २०८२।०८।२९ गतेको अशोक शेरचनको बयान पाना-३ ।

CamScanner

६५. मिति २०८२।०८।२९ गतेको विशेष सरकारी वकील कार्यालयलाई दोस्रो पटक म्याद थपको लागि लेखेको पत्र पाना-३ ।

६६. मिति २०८२।०८।२९ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघर, काठमाडौंले दोस्रो पटक म्याद थप अनुमतिको लागि उच्च अदालत, पाटनलाई लेखेको पत्र र म्याद थप आदेश पाना-२ ।

६७. मिति २०८२।०८।२९ गतेको प्राईम कमर्सियल बैंक लि.लाई लेखेको पत्र पाना-२ ।

६८. मिति २०८२।०८।२९ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा राख्नको लागि लेखेको पत्र पाना-१।

६९. मिति २०८२।०९।०१ गतेको NIMB को पत्र साथ संलग्न भई आएको पेनड्राईभ थान-१ ।

७०. मिति २०८२।०९।०१ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघरलाई बयान गर्नको लागि लेखेको पत्र पाना-१ ।

७१. अशोक शेरचनको नागरीकता र राहदानी प्रतिलिपी पाना-२ ।

७२. मिति २०८२।०९।०१ गतेको प्रतिवादी अशोक शेरचनको बयान पाना-१५ ।

७३. मिति २०८२।०९।०२ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा उपस्थितको लागि लेखेको पत्र पाना-१ ।

७४. मिति २०८२।०९।०२ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-४ ।

७५. मिति २०८२।०९।०३ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा उपस्थितको लागि लेखेको पत्र पाना-१ ।

७६. NIMB बाट प्राप्त प्रभु मनि ट्रान्सफरको Overdraft Loan समेतको विवरण पाना-४२ ।

७७. मिति २०८२।०९।०३ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई लेखेको पत्र पाना-१ ।

७८. मिति २०८२।०९।०४ गतेको प्रहरी वृत्त महाराजगंजलाई थुनुवा उपस्थितको लागि लेखेको पत्र पाना-१ ।

७९. मिति २०८२।०९।०४ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघरलाई बयानको लागि लेखेको पत्र पाना-१ ।

८०. प्रतिवादी मनिराम पोखरेलको नागरीकताको प्रतिलिपी पाना-१ ।

८१. मिति २०८२।०९।०४ गतेको प्रतिवादी मनिराम पोखरेलको बयान पाना-१८ ।

८२. मिति २०८२।०९।०४ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।

८३. मिति २०८२।०९।०३ गतेको प्रभु बैंक लि.को पत्र समेत संलग्न कागजातहरु पाना-९६ ।

८४. मिति २०८२।०९।०६ गतेको चिरायु नेशनल अस्पताललाई लेखेको पत्र पाना-१ ।

८५. मिति २०८२।०९।०६ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-१ ।

८६. मिति २०८२।०९।०६ गतेको विशेष सरकारी वकील कार्यालयलाई तेस्रो पटक म्याद थपको लागि लेखेको पत्र पाना-३ ।

८७. मिति २०८२।०९।०६ गतेको विशेष सरकारी वकील कार्यालय, माईतीघर, काठमाडौंले तेस्रो म्याद थप अनुमतिको लागि उच्च अदालत, पाटनलाई लेखेको पत्र र म्याद थप आदेश पाना-३।

CamScanner

८८. मिति २०८२।०९।०६ गतेको उच्च अदालत, पाटनको म्याद थप आदेश पाना-१ ।

८९. मिति २०८२।०९।०६ गतेको चिरायु नेशनल अस्पताललाई लेखेको पत्र पाना-१ ।

९०. मिति २०८२।०९।०७ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र समेत संलग्न कागजातहरु पाना-८६ ।

९१. मिति २०८२।०८।२९ गतेको नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको पत्र पाना-१ ।

९२. मिति २०८२।०९।०७ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई लेखेको पत्र पाना-१ ।

९३. मिति २०८२।०९।०६ गतेको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लि.को पत्र पाना-१ ।

९४. मिति २०८२।०९।०८ गतेको प्रभु बैंकको पत्र पाना-१ साथ संलग्न CEO र DCEO को Job Description पाना-२ ।

९५. मिति २०८२।०९।०९ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.को पत्र समेत संलग्न कागजातहरु पाना-५ ।

९६. मिति २०८२।०९।०९ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.को पत्र समेत संलग्न कागजातहरु पाना-२ ।

९७. मिति २०८२।०९।०९ गतेको लक्ष्मी सन्राईज बैंक लि.को पत्र पाना-१ ।

९८. मिति २०८२।०९।०९ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-१ ।

९९. मिति २०८२।०९।०९ गतेको प्रभु बैंक लि.को पत्र समेतका कागजातहरु पाना-१३ ।

१००. मिति २०८२।०९।११ गते विशेष सरकारी वकील कार्यालयलाई चौथो पटक म्याद थपको लागि लेखेको पत्र पाना-३ ।

१०१. मिति २०८२।०९।११ गतेको प्रतिवादीहरुलाई थुना वाहिर राखी अनुसन्धान गर्नु भन्ने व्यहोराको उच्च अदालत, पाटनको आदेश पाना-२ ।

१०२. मिति २०८२।०९।०९ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-१ ।

१०३. दिप्रश शाक्य, रेसना शाक्य, सुजिन शाक्यको नागरीकताको प्रतिलिपी पाना-३ ।

१०४. मिति २०८२।०९।११ गतेको चिरायु अस्पताललाई लेखेको पत्र पाना-१ र सुजिन शाक्यको स्वास्थ्य परीक्षण पाना-१ ।

१०५. मिति २०८२।०९।११ गतेको जिम्मा जमानी कागज पाना-१, रेसना शाक्यको नागरीकताको प्रतिलिपी र विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी पाना-२ ।

१०६. प्रतिवादी Sugen भन्ने सुजिन शाक्यको तारेख कागज पाना-१ ।

१०७. मिति २०८२।०९।१४ गतेको हिमालयन बैंकको पत्र पाना-१ ।

१०८. मिति २०८२।०९।१६ गते कम्पनि रजिष्ट्रारको कार्यालयलाई लेखेको पत्र पाना-१ ।

CamScanner

१०९. मिति २०८२।०९।१६ गतेको प्रभु बैंकको पत्र पाना-२ साथ संलग्न कागजातहरु पाना-४ ।

११०. मिति २०८२।०९।१७ गतेको प्रभु बैंकको पत्र पाना-१ ।

१११. मिति २०८२।०९।०९ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.को पत्र पाना-१ साथ संलग्न कागजातहरु पाना-१९ ।

११२. मिति २०८२।०९।२० गतेको कम्पनि रजिष्ट्रारको कार्यालयको पत्र पाना-१ संलग्न कागजातहरु पाना-२४ ।

११३. मिति २०८२।०९।२१ गते प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई लेखेको पत्र पाना-१ ।

११४. मिति २०८२।०९।२१ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.को पत्र पाना-१ साथ संलग्न प्रभु मनि ट्रान्सफर प्रा.लि.को प्रबन्ध पत्र तथा नियमावली समेतको कागजातहरु पाना-३१ ।

११५. लेखापरीक्षण कागजात पाना-३० ।

११६. मिति २०८२।०९।२२ गतेको प्रदिप कुमार खड्काको कागज पाना-४ ।

११७. मिति २०८२।०९।२३ गते प्रभु मनि ट्रान्सफर प्रा.लि.लाई लेखेको पत्र पाना-१ ।

११८. मिति २०८२।०९।२३ गतेको प्रभु मनि ट्रान्सफर प्रा.लि.को पत्र पाना-१ साथ संलग्न कागजातहरु पाना-५ ।

११९. मिति २०८२।०९।१४ गतेको हिमालयन बैंकको पत्र पाना-१ ।

१२०. मिति २०८२।०९।२८ गतेको CAश्याम कार्कीको कागज पाना-७ र निजले पेश गरेका कागजातहरु पाना-५०१ ।

१२१. तारेख कागज पाना-१ ।

१२२. मिति २०८२।१०।१५ गते प्रभु बैंकलाई लेखेको पत्र पाना-१ ।

१२३. मिति २०८२।१०।१८ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ साथ संलग्न कागजातहरु ।

१२४. मिति २०८२।१०।२० गतेको सरिना श्रेष्ठको कागज पाना-३ र नागरीकताको कपि पाना-१ ।

१२५. मिति २०८२।१०।२१ गतेको मधुसुदन न्यौपानेको कागज पाना-४ र नागरीकताको कपि पाना-१ ।

१२६. मिति २०८२।१०।०७ गतेको NIC Asia बैंकको पत्र पाना-१ ।

१२७. मिति २०८२।१०।२२ गतेको प्रभु बैंकलाई लेखेको पत्र पाना-१ ।

१२८. मिति २०८२।१०।२६ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ साथ संलग्न कागज पाना-१ ।

१२९. मिति २०८२।११।०४ गतेको प्रभु बैंक लि.लाई लेखेको पत्र पाना-२ ।

१३०. मिति २०८२।११।१५ गतेको प्रभु बैंक लि.को पत्र पाना-२ र संलग्न कागजातहरु ।

१३१. तारेख कागज पाना-३ ।

१३२. Time Line चार्ट पाना-१ ।

CamScanner

१३३. मिति २०८३।०१।१४ गतेको प्रतिवादी देवी प्रकाश भट्टचन फेला नपरेको प्रहरी प्रतिवेदन पाना-१।

१३४. मिति २०८३।०१।१५ गतेको प्रहरी प्रतिवेदन पाना-३७ ।

यसै अभियोग पत्रबाट कारबाही शुरु गर्न सादर अनुरोध गरीन्छ ।

कार्यालयको छापः

सरकारी वकीलको

दस्तखतः

नामः शान्ति प्रसाद शर्मा

दर्जाः उपन्यायाधिवक्ता

कार्यालयः विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

इति सम्बत् २०८३ साल असार ०९ गते रोज ३ शुभम् ....।

CamScanner